वर्ष २० | अंक १३४ | काठमाडौं | बिहीवार, १ फागुन २०८१ | Thursday, 13 February 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ग्राहक प्रति

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

नारायणी अस्पताल भवन निर्माणको उल्झन सल्टियो २
सिटिजन्स बैंक र वात्सल्य नेचुरल आईभीएफबीच समझदारी ३
होहल्ला र अफवाहमा नेपालको वित्तीय क्षेत्र ४
हस्तकलामा विदेशी प्रविधि चाहन्छौं ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

मेलम्ची खानेपानीको मुख्य पाइप फुटेका कारण काठमाडौंको बबरमहलमा जलमग्न सडक । पाइप फुटेपछि यस क्षेत्रका सरकारी कार्यालयसमेत डुबानमा परेका थिए ।

# प्रशोधित खानेतेल भारत निर्यात रोकिने भयमा उद्योगी

## नेपालबाट प्रशोधित खानेतेल निर्यात उच्च रूपमा बढेपछि भारतीय उद्योगीबाट यसलाई रोक्न प्रधानमन्त्री नरेन्द्र मोदीसँग लबिइङ

**वेदराज पौडेल**

विराटनगर

भारतीय खानेतेल उद्योगीहरूले नेपालबाट भारत निर्यात भइरहेको वनस्पति तेलको निकासी नियन्त्रण गर्न आग्रह गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र विभिन्न मन्त्रीहरूलाई हालै चिठी लेखेपछि नेपालमा वनस्पति तेल उद्योग सञ्चालन गरिरहेका उद्योगीहरू चिन्तित बनेका छन् ।

भारतले सन् २०२४ को सेप्टेम्बरमा अन्य देशबाट आयात गरिने कच्चा भटमासको तेल, सूर्यमुखी तेल र पाम तेलमा भन्सार बढाएपछि शून्य भन्सारको सुविधाका कारण नेपालबाट प्रशोधित भटमास र सूर्यमुखी तेलको निर्यात ह्वात्तै बढेको छ । भन्सार बढाए पनि पाम तेलको निर्यात भने निकै न्यून रहेको भन्सार विभागले बताएको छ ।

भारतले गत सेप्टेम्बरको शुरूमै कच्चा भटमास, सूर्यमुखी तेल र पाम तेलमा लाग्दै आएको भन्सार दर शून्यबाट बढाएर २० प्रतिशत पुऱ्याएको थियो । तर, अन्य करसहित कच्चा तेल आयातमा लाग्ने जम्मा करको दर २७ दशमलव ५ प्रतिशत हुने भारतीय सरकारले बताएको छ । नेपाल र भारतबीच भएको व्यापार सन्धिअनुसार नेपालले शून्य भन्सारमा भारतमा सामान निर्यात गर्न पाउँछ । त्यसैको फाइदा उठाउँदै नेपाली व्यापारीले यी तेल प्रशोधन गरी भारत निर्यात बढाएका हुन् ।

नेपालबाट प्रशोधित तेलको निर्यात उच्च रूपमा बढेपछि भारतमा प्रशोधन उद्योग चलाइरहेका उद्योगीहरूले मोदी गुहारेका हुन् । भारतीय सञ्चारमाध्यमहरूका अनुसार चिठीमा भारतीय उद्योगहरूले प्रधानमन्त्री मोदीलाई नेपालबाट हुने प्रशोधित तेल आयात तत्काल नियन्त्रण गर्न आग्रह गरेका छन् । उनीहरूको दाबीअनुसार साफ्टाको प्रावधानअनुसार विनाभन्सार नेपालबाट प्रशोधित तेल जाँदा भारतका प्रशोधन उद्योग, किसान र सरकारी राजस्वमा असर परेको छ ।

यसरी प्रधानमन्त्री मोदीलाई नियन्त्रणमुखी कदम चाल्न भारतीय उद्यागीहरूले आग्रह गरेपछि नेपालमा प्रशोधन उद्योग चलाइरहेका उद्योगीहरू चिन्तित बनेका हुन् ।

बागमती आयल इन्डस्ट्रिजका सञ्चालक तथा उद्योग संगठन मोरङका वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठीले भारतीय उद्योगहरूको कदम चिन्ताको विषय भएको बताए ।

» बाँकी पृष्ठ ५ मा

**६ महीनामा प्रशोधित खानेतेल निर्यात**

| आ.व. | भटमासको तेल | सूर्यमुखी तेल | पाम तेल |
|---|---|---|---|
| २०८१/८२ | रू. १८ अर्ब ९१ करोड | रू. ४ अर्ब ९८ करोड | रू. २ करोड ८४ लाख |
| २०८०/८१ | रू. ४१ करोड ५१ लाख | रू. १४ करोड ८७ लाख | रू. २ करोड ४१ लाख |

*स्रोत : भन्सार विभाग*

### दुई अर्बको गण्डकी आर्थिक त्रिभुज परियोजना

# बजेट आएको ७ महीनासम्म कार्यान्वयन भएन

**अभियान संवाददाता**

काठमाडौं

चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा तत्कालीन अर्थमन्त्री वर्षमान पुनले भरतपुर, पोखरा र बुटवललाई जोडेर गण्डकी आर्थिक त्रिभुज परियोजना सञ्चालन गर्ने घोषणा गरे ।

एकीकृत विकासको अवधारणाअनुसार नमूना विकास अभियान सञ्चालन गर्न भरतपुर, बुटवल र पोखरालाई तीनओटा कोणमा राखी गण्डकी आर्थिक त्रिभुज परियोजना सञ्चालन गर्ने भनिएको ७ महीना बितिसकेको छ। परियोजनाअन्तर्गत निजीक्षेत्रसँगको साझेदारीमा औद्योगिक 'इकोसिस्टम' निर्माण गरी औद्योगिक पुनरुत्थान र गुणस्तरीय रोजगारी सृजना गर्ने बताइएको छ । तर, अहिलेसम्म कार्यान्वयनको सुरसार छैन । यसलाई सार्वजनिक-निजी साझेदारीको नमूना परियोजनाका रूपमा विकास गरी कार्यान्वयन गर्न २ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

हालसम्म उक्त परियोजना कार्यान्वयन गर्न न त कार्यविधि बनेको छ, न कुनै काम नै भएको छ । अर्थ मन्त्रालयका उच्च अधिकारीहरू तत्कालीन अर्थमन्त्री पुनले हचुवाको भरमा बजेट बनाउने बेला उक्त कार्यक्रम प्रस्ताव गरेको बताउँछन् ।

त्यसलाई नेकपा (माओवादी केन्द्र) निकट मानिने तत्कालीन अर्थसचिव मधुकुमार मरासिनीले सदर गरे ।

'कुनै पनि आयोजना प्रोजेक्ट बैंकमा रहनुपर्ने, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको र सम्भाव्यता अध्ययनको काम सकिएकालाई मात्रै बजेटमा समावेश गरिने परम्परालाई तत्कालीन अर्थमन्त्री र अर्थसचिवले भंग गरेकै कारण त्यो परियोजना अघि बढ्न सकेन,' अर्थ मन्त्रालयको बजेट महाशाखाका एक उच्च अधिकारीले भने ।

बजेट ल्याउने एउटा सरकार कार्यान्वयन गर्ने अर्कै सरकार परेपछि पनि बजेटमा आएको यो कार्यक्रम अलपत्र परेको ती अधिकारीको भनाइ छ । 'स्रोतविनै आएको यो कार्यक्रमलाई राजनीतिक इगोका रूपमा वर्तमान अर्थमन्त्री विष्णु पौडेलले लिए ।

» बाँकी पृष्ठ ५ मा

**पुष्पकमल दाहाल नेतृत्वको सरकारले डीपीआर र सम्भाव्यता अध्ययन नभएको तथा आयोजना बैंकमा समावेश नभएको परियोजनालाई बजेटमा समावेश गरेको थियो । त्यसलाई नयाँ सरकारले बेवास्ता गरेपछि अलपत्र ।**

### के छ गण्डकी त्रिभुज परियोजनामा ?

गण्डकी त्रिभुजमा पर्ने निर्माणाधीन नारायणगढ-बुटवल र मुग्लिन-पोखरा सडक खण्डको विस्तार कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने, बुटवल-पोखरा सडकलाई डेडिकेटेड दुई लेनमा विस्तार गर्ने, त्रिभुजका तीनओटै कोरिडोरमा औद्योगिक विकासका लागि आवश्यक यातायात सञ्जाल विकास गर्ने भनिएको छ ।

त्रिभुज परियोजनाअन्तर्गत नारायणगढ-बुटवल खण्डलाई निर्माण सामग्री तथा हेभी उद्योगको केन्द्र, मुग्लिन-पोखरा खण्डलाई कृषि तथा खाद्य प्रशोधन उद्योगको केन्द्र र पोखरा-बुटवल खण्डलाई विद्युतीय उपकरण, जुत्ता, लत्ताकपडा, कार्पेट तथा घरायसी प्रयोगका वस्तु तथा सेवा सम्बद्ध उद्योगको केन्द्रका रूपमा विकास गर्ने योजना चालू बजेटमा उल्लेख छ ।

परियोजना कार्यान्वयनका लागि भरतपुर कोणमा पर्यापर्यटन सेवा, जलयात्रा र विशिष्टीकृत स्वास्थ्य सेवा, पोखरा कोणमा साहसिक मनोविनोद पर्यापर्यटन सेवा तथा अनुसन्धानमूलक उच्चशिक्षा र बुटवल-भैरहवा कोणमा धार्मिक पर्यटन, डेटा सेन्टर तथा सूचना प्रविधिसम्बन्धी संस्था विकासका लागि निजीक्षेत्रको सहकार्यमा आवश्यक पूर्वाधार निर्माण गरिने भनिएको छ ।

# अधिकांश बैंकको मुद्दती निक्षेपको ब्याजदर यथावत्

## ग्लोबल आइएमई बैंकले मात्र बढायो

**अभियान संवाददाता**

काठमाडौं

फागुनमा २० मध्ये १९ वाणिज्य बैंकले व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर यथावत् राखेका छन् । ग्लोबल आइएमई बैंकबाहेक अन्यले माघकै ब्याजदरलाई फागुनमा समेत निरन्तरता दिएका छन् ।

ग्लोबल आइएमई बैंकले भने माघमा निक्षेपको अधिकतम ब्याजदर ५ दशमलव ७५ प्रतिशत रहेकोमा शून्य दशमलव २५ प्रतिशत बिन्दुले बढाएर ६ प्रतिशत पुऱ्याएको हो । पुसमा पनि अधिकांश बैंकले ब्याजदर यथावत् राखेका थिए । वित्तीय प्रणालीमा पर्याप्त तरलता भएकै अवस्थामा बैंकहरूले निक्षेपको ब्याजदर यथावत् राखेको पूर्वबैंकर पर्शुराम कुँवर बताउँछन् ।

केही महीनादेखि निक्षेपको ब्याजदर यथावत् राख्दै आएका बैंकहरूले अझै केही समय ब्याजदर नबढाउने अनुमान कुँवरको छ ।

अहिले बैंकहरूमा साढे ६ खर्ब रुपैयाँभन्दा बढी कर्जा दिने क्षमता रहेको अवस्थामा तत्काल निक्षेपको ब्याजदर बढ्न नसक्ने भनाइ पूर्वबैंकर कुँवरको छ । कर्जाको ब्याजदर पनि घट्दो क्रममा रहे पनि कर्जा विस्तार हुन नसक्दा बैंकहरूमा तरलता उच्च हुन पुगेको हो । अर्थतन्त्रले गति लिन नसक्दा कर्जाको माग बढ्न नसकेको बैंकरहरूले बताउँदै आएका छन् । विगतमा तरलता संकुचनमा पर्दा व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम ब्याजदर १२ प्रतिशतमात्र दिने भद्र सहमति बैंकहरूले गरेका थिए ।

नेपाल बैंकर्स संघले आर्थिक वर्ष (आव) २०८०/८१ को साउनदेखि भद्र सहमति अन्त्य गर्दै आफूखुशी ब्याजदर निर्धारण गर्न पाउने निर्णय गरेको थियो । त्यसपछि वाणिज्य बैंकहरूको ब्याजदर घट्दो क्रममै रहेको देखिन्छ । राष्ट्र बैंकको निर्देशनअनुसार बैंकहरूले मासिक रूपमा ब्याजदर सार्वजनिक गर्ने गरेका छन् । बैंकहरूले हरेक महीना लागू हुने ब्याजदर अघिल्लो महीनाको अन्तिम दिन सार्वजनिक गर्नुपर्ने प्रावधान छ । ब्याजदर निर्धारणसम्बन्धी राष्ट्र बैंकको निर्देशनअनुसार बैंकहरूले प्रत्येक महीना ब्याजदर परिवर्तन गर्दा साविकको ब्याजदरमा १० प्रतिशत मात्र घटबढ गर्न पाउँछन् ।

फागुनका लागि निरन्तरता दिइएको व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर एन.आई.सी. एशिया र एनएमबि बैंकको बढी छ ।


» बाँकी पृष्ठ ५ मा

**फागुनमा बैंकहरूले व्यक्तिगत मुद्दतीमा दिने ब्याजदर**

| कम्पनीको नाम | फागुनको अधिकतम ब्याजदर | माघको अधिकतम ब्याजदर | फरक बिन्दु |
|---|---|---|---|
| एन.आई.सी. एशिया | ६.६ | ६.६ | ० |
| एनएमबि | ६.६ | ६.६ | ० |
| नेपाल इन्भेष्टमेण्ट मेगा | ६.५ | ६.५ | ० |
| हिमालयन | ६.२५ | ६.२५ | ० |
| स्टचाण्डर्ड चार्टर्ड | ६.२५ | ६.२५ | ० |
| प्राइम कमर्सियल | ६.२५ | ६.२५ | ० |
| प्रभु | ६.१ | ६.१ | ० |
| सानिमा | ६.०५ | ६.०५ | ० |
| माछापुच्छ्रे | ६ | ६ | ० |
| एभरेष्ट | ६ | ६ | ० |
| सिद्धार्थ | ६ | ६ | ० |
| ग्लोबल आइएमई | ६ | ५.७५ | ०.२५ |
| राष्ट्रिय वाणिज्य | ६ | ६ | ० |
| कुमारी | ५.९१ | ५.९१ | ० |
| नबिल | ५.७५ | ५.७५ | ० |
| लक्ष्मी सन्राइज | ५.७५ | ५.७५ | ० |
| सिटिजन्स | ५.६५ | ५.६५ | ० |
| नेपाल | ५.६ | ५.६ | ० |
| कृषि विकास | ५.५१ | ५.५१ | ० |
| नेपाल एसबिआई | ५.५ | ५.५ | ० |


*स्रोत : सम्बद्ध कम्पनीको सूचना*

नेप्से परिसूचक






सुन (तोला)





अमेरिकी डलर





### बीपी राजमार्गको क्षतिग्रस्त खण्ड पुनर्निर्माण

# २८ किलोमीटर बनाउन ९ अर्ब ६६ करोड लाग्ने

**हिमा वि.क**

काठमाडौं

गत असोजको बाढीपहिरोबाट क्षतिग्रस्त बीपी राजमार्गको भकुन्डेबेँशीदेखि नेपालथोकसम्म पर्ने खण्डको डिजाइन परिवर्तन गरेर विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको छ । सरकारले तयार गरेको डिजाइन तथा डीपीआरअनुसार भकुन्डेबेँशीदेखि नेपालथोकसम्मको २८ किलोमीटर सडक पुनर्निर्माण गर्न ९ अर्ब ६६ करोड रुपैयाँ लगानी आवश्यक पर्ने देखिएको हो ।

उक्त खण्डको डिजाइन परिवर्तन गरेर २ लेनको सडक बनाउने र बाढीबाट हुने क्षति न्यूनीकरण गर्ने प्रविधि अपनाउँदा भने लगानी बढी लाग्ने औंल्याइएको छ । जापान सरकारको सहयोगमा निर्माण भएको बीपी राजमार्गको साविकको भन्दा फरक तरीकाले डिजाइन तयार गरिएको छ । अहिलेको डिजाइन सडक विभागअन्तर्गतको सडक डिभिजन कार्यालय भक्तपुरले तयार पारेको हो ।

संघीय राजधानी काठमाडौंलाई पूर्वी तराई र पहाडी जिल्लासँग जोड्ने यो राजमार्गको कुल दूरी १६० किलोमीटर छ । त्यसमध्ये गत असोज दोस्रो साताको बाढीका कारण क्षति भएको सडक पुनर्निर्माणको तयारीका लागि डिभिजन कार्यालयले डिजाइन तयार गरेको हो । सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुख सुमन योगेशले जापान सरकारको सहयोगमा पहिला यो राजमार्ग बन्दाको डिजाइनमा केही परिवर्तन गरिएको जानकारी दिए ।

'जापानले बनाउँदा पहिला इन्टरमिडियट लेन (२ लेन नपुगेको चौडाइ)को डिजाइन थियो र त्यहीअनुसार सडक बनेको हो,' योगेशले भने, 'अहिले हामीले भकुन्डेबेँशीदेखि नेपालथोकसम्मको २८ किलोमीटरलाई २ लेनमा विस्तार गर्ने गरी डिजाइन र अनुमानित लागत तयार गरेर स्रोत सुनिश्चितताका लागि प्रस्ताव पेश गरिसकेका छौं ।' २ लेन कालोपत्रे सडकका लागि ९ मीटर कालोपत्रे चौडाइ हुनुपर्छ । यो राजमार्गको चौडाइ ६ मीटर छ ।

पुरानो डिजाइनअनुसार बनाइएको यो सडकमा दोहोरो गाडी निर्बाध आवतजावत गर्न पर्याप्त चौडाइ छैन । 'पहिला बनाइएको डिजाइनमा स्कोर डेप्थ र २ लेनको सडक बनाउने थिएन,' योगेशले भने, 'यो थप्दा लागत बढेको छ ।' स्कोर डेप्थको अर्थ नदीले सडक/नदी खोलाको सतहमुनि नखोतल्ने गरी पर्खाल उठाएर कालोपत्रे सडक बनाउनु हो ।

» बाँकी पृष्ठ ५ मा



तस्वीर : रासस

२०८१ असोज ११ र १२ गतेको बाढीपहिरोले क्षतिग्रस्त बीपी राजमार्ग ।

- **स्कोर डेप्थ र २ लेनको सडक बनाउने गरी डिजाइन परिवर्तन**
- **बढीमा ३ वर्षसम्म सडक तयार गर्ने गरी डीपीआर तयार**
- **वर्षायामलाई सहज बनाउन अस्थायी संरचना बनाउन शुरू**

# नारायणी अस्पताल भवन निर्माणको उल्झन सल्टियो

वीरगञ्ज (पर्सा) । सर्वोच्च अदालतको फैसलासँगै विगत पाँच वर्षदेखि रोकिएको नारायणी अस्पतालको भवन निर्माणको उल्झन सल्टिएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र सुनिलकुमार पोखरेलको सोमवारको संयुक्त इजलासले यसअघि उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले गरेको फैसलालाई उल्ट्याइदिएसँगै पाँच वर्षदेखि रोकिएको नारायणी अस्पताल भवन निर्माण नयाँ बाटोबाट प्रक्रिया बढ्ने आशा पलाएको छ । नारायणी अस्पताल विकास समितिका अध्यक्ष धिरजकुमार गुप्ताले यसअघि अस्थायी इजलास वीरगञ्जको निर्माण कम्पनी एनडिइ/भ्याली कन्स्ट्रक्सन प्रालि (भिसीपिएल)/नेशनल डेभलपमेन्ट इन्जिनियरिङ (एसएसएनसी)पक्षको फैसला उल्ट्याइदिएसँगै भवन निर्माणसम्बन्धी विवाद टुंगोमा पुगेको जानकारी दिए ।

'अस्थायी इजलासले निर्माण कम्पनीको पक्षमा फैसला दिएसँगै शहरी विकास तथा भवन निर्माण विभागले सो फैसलाको विरुद्ध सर्वोच्चमा पुनरावेदन हालेको थियो,' उनले भने, 'पुनरावेदन हालेको पाँच वर्षपछि सर्वोच्च अदालतले उच्च अदालतको फैसला उल्ट्याइदिएसँगै नयाँ प्रक्रिया अघि बढ्ने बाटो खुलेको हो ।' उच्चको फैसला उल्ट्याइदिएसँगै सोमवार बेलुका वीरगञ्जका नागरिक समाज तथा चिकित्सकले फैसलाको स्वागत गरेका छन् ।

यद्यपि सो मुद्दाको फैसलासम्बन्धी पूर्णपाठ आइसकेको छैन । नारायणी अस्पतालका वरिष्ठ चिकित्सक डा. नीरज सिंहले सर्वोच्च अदालतको फैसलाले नारायणी अस्पताल भवन निर्माण प्रक्रियाको बाटो खुलेको बताए । पूर्व प्रदेशसभा सदस्य राजेश्वर साहले सर्वोच्चको फैसलासँगै अस्पताल भवन निर्माण फास्टट्र्याकमा गर्नुपर्ने माग गरे । संघीय सरकारले २०७५/७६ सालमा नारायणी अस्पतालमा पाँच सय शय्याको भवन विस्तारका लागि रू. एक अर्ब ५० करोड बजेट विनियोजन गरेको थियो । *रासस*



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको दरबारमार्गको पैदलमार्गमा ग्रेनाइड बिछ्याउँदै कामदारहरू । काठमाडौं महानगरले दरबारमार्गमा ५ करोड १५ लाख रुपैयाँ लागतमा ग्रेनाइट बिछ्याउन लागेको हो ।**

# चितवनका पाँच पालिकाका किशोरीले लगाए एचपिभी खोप

चितवन । जिल्लामा रहेका सात पालिकामध्ये पाँच पालिकामा एचपिभी खोप अभियान सम्पन्न भएको छ । भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकाबाहेक अन्य पाँच पालिकामाअभियानअन्तर्गत खोप कार्यक्रम सम्पन्न भएको हो । ती पालिकाका १० हजार १३२ किशोरीले एचपिभी खोप लगाएका हुन् ।

जनस्वास्थ्य कार्यालयका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीका अनुसार खैरहनी नगरपालिकाका दुई हजार ७२८, राप्ती नगरपालिकाका दुई हजार ९०७, कालिका नगरपालिकाका दुई हजार २२७, माडी नगरपालिकाका एक हजार ४३ र इच्छाकामना गाउँपालिकाका एक हजार २२७ किशोरीले खोप लगाएका हुन् । यही माघ २२ गतेदेखि शुरू गरिएको अभियान अहिले रत्ननगर र भरतपुरमा जारी रहेको उनले जानकारी दिए ।

जिल्लामा हालसम्म सातै पालिकाका २५ हजार ५६ किशोरीले एचपिभी खोप लगाएका छन् । कार्यालयका अनुसार कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने किशोरी र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीले खोप लगाएका हुन् । केसीका अनुसार भरतपुरका ११ हजार ६८४ र रत्ननगरका तीन हजार २४० ले खोप लगाइसकेका छन् । रत्ननगरमा आगामी फागुन १ गतेसम्म र भरतपुरमा फागुन ३ गतेसम्म अभियान सञ्चालन हुनेछ ।

जिल्लाका ४४६ खोप केन्द्रबाट यहाँका ३१ हजार ५७० किशोरीलाई एचपिभी खोप दिने लक्ष्य लिइएको छ । पाठेघरको मुखको क्यान्सरबाट बच्नका लागि १० देखि १४ वर्ष उमेर समूहका ती किशोरीहरूलाई खोप दिइएको हो । जिल्लाका खोप केन्द्रमा ४५६ स्वास्थ्यकर्मी र ९१२ स्वयम्सेवक परिचालन गरिएको छ । यो खोपका लागि नेपालमा आर्थिक वर्ष २०७२/७३ मा चितवन र कास्कीमा परीक्षण गरिएको थियो । *रासस*

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/११/०१ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

### धनगढी शाखा

| १. ऋणीहरूको विवरण | धितो सुरक्षणको विवरण |
| --- | --- |
| क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा मिति २०७४/१२/१२ मा प्रा.फ.र.नं. २५३०४/०७४/०७५ कायम भई दर्ता रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **खप्तड ट्रेड एण्ड अर्डर सप्लायर्स ।**<br>ख. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा मिति २०७७/०६/३० मा प्रा.फ.र.नं. २९२९८/०७७/०७८ कायम भई दर्ता रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **खप्तड फेन्सी** ।<br>ग. **परे नाथ योगी**<br>ना.प्र.नं.- ११९०६<br>जारी मिति - २०६१/१२/२४, जि.प्र.का. बाजुरा<br>बाबु - गोविन्द नाथ<br>बाजे -परमले नाथ<br>स्थायी ठेगाना - बाजुरा जिल्ला, आटीचौर गा.वि.स./न.पा. वडा नं. ०६<br>हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा.,वडा नं.०४ | १. **परे नाथ योगी**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा./न.पा. वडा नं. ०२ स्थित कित्ता नं. ७७० र ३५२ को क्षेत्रफल क्रमश: ३३८.६३ र ३३८.६३ (व.मि.) जग्गा/घर तथा ऐ.ऐ. उ.म.न.पा./न.पा. वडा नं. ०४ स्थित कित्ता नं. ६९८ को क्षेत्रफल १६९.३० (व.मि.) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>२. धनी कुमारी बैंक लि. र ऋणी **परे नाथ योगी**को नाममा सुदुर पश्चिम प्रदेश यातायात व्यवस्था कार्यालय, कैलालीमा दर्ता कायम रहेको ईन्जिन नं. TBM4D77906, च्यासिस नं. MA1RU4TBKM3D87843, सवारी नं. सु.प.प्र.०१-००१ ज १३६२ Bolero CPR SC 4WD P/S थान १ ।<br>३. ऋणी **खप्तड ट्रेड एण्ड अर्डर सप्लायर्स** र **खप्तड फेन्सी**को सम्पूर्ण चल अचल श्री सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
| --- | --- |
| १. **परे नाथ योगी**<br>ना.प्र.नं.- ११९०६<br>जारी मिति - २०६१/१२/२४, जि.प्र.का. बाजुरा<br>बाबु - गोविन्द नाथ<br>बाजे -परमले नाथ<br>पत्नि - जुनु गिरी<br>स्थायी ठेगाना- बाजुरा जिल्ला, आटीचौर गा.वि.स./न.पा. वडा नं. ०६<br>हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं.०४ | २. **जुनु गिरी**<br>ना.प्र.नं.- ७११०१९/१३६<br>जारी मिति - २०६६/१०/२०, जि.प्र.का. बझाङ्ग<br>बाबु - दत्तराम गिरी<br>ससुरा - गोविन्द नाथ<br>पति - परे नाथ योगी<br>स्थायी ठेगाना- बझाङ्ग जिल्ला, मटेला गा.वि.स./न.पा. वडा नं. ०४<br>हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं.०४ |

### विर्तामोड, झापा शाखा

#### १. ऋणीहरूको विवरण

| | |
| --- | --- |
| क. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग अर्न्तगत कार्यालय भद्रपुर झापामा मिति २०७४/०६/०८ दर्ता न. १६३/६८/१३४९९ मा दर्ता रहेको झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **सादेम्बा निर्माण सेवा ।**<br>**प्रोप्राईटर - समीर सुब्बा** | ख. **मदन गोपाल सुब्बा**<br>ना.प्र.नं.- १९२७६७६<br>जारी मिति - २०४१/१२/२१, जि.प्र.का. झापा<br>बाबु - कालि बहादुर सुब्बा<br>बाजे - पुन हाङ्ग सुब्बा<br>स्थायी ठेगाना- झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं.०५,<br>हालको ठेगाना- झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ |

#### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
| --- | --- |
| १. **मदन गोपाल सुब्बा**<br>ना.प्र.नं.- १९२७६७६<br>जारी मिति - २०४१/१२/२१, जि.प्र.का. झापा<br>बाबु - कालि बहादुर सुब्बा<br>बाजे - पुन हाङ्ग सुब्बा<br>स्थायी ठेगाना- झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ०५,<br>हालको ठेगाना- झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२<br>२. **समीर सुब्बा**<br>ना.प्र.नं.- ०४-०१-७१-१३५८९<br>जारी मिति - २०७१/१२/१९, जि.प्र.का. झापा<br>बाबु - मदन गोपाल सुब्बा<br>बाजे - कालि बहादुर सुब्बा<br>स्थायी ठेगाना- झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ०३,<br>हालको ठेगाना- झापा जिल्ला विर्तामोड न. पा. वडा नं. ०२ | ३. **इन्दिरा सुब्बा**<br>ना.प्र.नं.- ११८०४१६०<br>जारी मिति - २०५०/०५/१३, जि.प्र.का. झापा<br>बाबु - बल बहादुर राई<br>बाजे - रनध्वज बहादुर राई<br>पति - मदन गोपाल सुब्बा<br>स्थायी ठेगाना- झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ०५,<br>हालको ठेगाना- झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०२ |

#### धितो सुरक्षणको विवरण

१. **इन्दिरा सुब्बा**को नाममा मालपोत कार्यालय, भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स वडा नं. ५ स्थित कित्ता नं. ३९६, १९४ र ३९८ को क्षे.फ. ०-१-१५-०, ०-१६-०-० र ०-१-१०-० (विघा) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. ऋणी **सादेम्बा निर्माण सेवा**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

### सिद्धलेक, धादिङ शाखा

| १. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
| --- | --- |
| **कुल बहादुर खनाल**<br>ना.प्र.नं.- २६१/२८६१०<br>जारी मिति - २०६६/०४/२६, जि.प्र.का. धादिङ्ग<br>बाबु - उदय बहादुर खनाल क्षेत्री<br>आमा - साबित्री खनाल<br>बाजे - डिल बहादुर खनाल<br>स्थायी ठेगाना-धादिङ जिल्ला सिद्धलेक गा.पा. वडा नं. १ | १. **गोमा सिलवाल**<br>ना.प्र.नं.- ३१४२७<br>जारी मिति - २०५६/०४/२३, जि.प्र.का. धादिङ<br>बाबु - लक्ष्मी प्रसाद सिलवाल<br>आमा - मेक कुमारी सिलवाल<br>बाजे - नारन प्रसाद सिलवाल<br>स्थायी ठेगाना - धादिङ्ग जिल्ला, नलाङ गा.वि.स. वडा नं. ०६<br>हालको ठेगाना- धादिङ जिल्ला सिद्धलेक गा.पा. वडा नं. १ |

#### धितो सुरक्षणको विवरण

१. **कुल बहादुर खनाल**को नाममा मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला नलाङ गा.वि.स. वडा नं १ स्थित कित्ता नं. २५२ को क्षेत्रफल क्रमश ४-६-०-० (रो.आ.पै.दा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/११/०१)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस**) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

१

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (अत्तरिया शाखा, कैलाली)**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी कैलालीमा मिति २०७६/०४/०६ मा प्रा.फ.र.नं. २७१९२/०७६/७७, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **रिया विजनेश हाउस ।**
ठेगाना : कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १ ।
**ऋणी फर्मका प्रोप्राइटर:**
राम चन्द्र उप्रेतीकी नातिनी पुष्पराज उप्रेतीकी छोरी डडेल्धुरा जिल्ला, नवदुर्गा गा.पा. वडा नं. ३ स्थायी घर भई हाल कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ६७-०१-७४-०१००० (जारी मिति: २०७४/०१/२६, स्थान कैलाली) भएकी **ममता उप्रेती ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

राम चन्द्र उप्रेतीको नाति पुष्पराज उप्रेतीको छोरा डडेल्धुरा जिल्ला, नवदुर्गा गा.वि.स. वडा नं ७ स्थायी घर भई हाल कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ७४१००५/२३८ (जारी मिति: २०६७/२/२०, स्थान डडेल्धुरा) भएका **प्रेमराज उप्रेती ।**

**सवारी साधन धितोको विवरण**

ऋणी **रिया विजनेश हाउस** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश ३-०१ ०२३ च ३९८९ भएको Suzuki Super Carry (Pickup)

२

**ऋणीको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)**

चन्द्रकान्त रेग्मीको नाति कपिल देव रेग्मीको छोरा बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ८३७१ (जारी मिति २०५९/२/१९, स्थान वारा) भएका **बिनोद रेग्मी ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

गोविन्द खतिवडाकी छोरी कपिल देव रेग्मीकी बुहारी बिनोद रेग्मीकी श्रीमति बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ९५३१/१०७०३ (जारी मिति: २०६०/०८/१२, स्थान बारा) भएकी **पार्वती खतिवडा रेग्मी ।**

**धितोको विवरण**

बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. ३ बस्ने, **बिनोद रेग्मी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २, नक्सा सीट नं २ मा अवस्थित कि.नं. २५५४ क्षेत्रफल ०-०-८-२ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३

**ऋणीको नाम र ठेगानाको विवरण (संक्रान्ती बजार शाखा, तेह्रथुम)**

वर्ण ध्वज इङनामको नाति खडग प्रसाद इनांमको छोरा तेह्रथुम जिल्ला, इवा गा.वि.स. वडा नं ४ स्थायी घर भई हाल तेह्रथुम जिल्ला, आठराई गा.पा. वडा नं ४ बस्ने, ना.प्र.नं. ४२१३५३/८७ (जारी मिति: २०६१/६/८, स्थान तेह्रथुम) भएका **राजिव इङनाम ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. लघुराम इङनामको नाति वर्ण ध्वज इङनामको छोरा तेह्रथुम जिल्ला, इवा गा.वि.स. वडा नं ४ बस्ने, ना.प्र.नं. ८३९-७१७-२०६-४ (जारी मिति: २०२५/०९/०२, स्थान तेह्रथुम) भएका **खडग प्रसाद इनांम ।**
२. वर्ण ध्वज इङनामकी बुहारी खडग प्रसाद इनांमकी श्रीमती तेह्रथुम जिल्ला, इवा गा.प. वडा नं ४ स्थायी घर भई हाल तेह्रथुम जिल्ला, इवा गा.वि.स. वडा नं ४ बस्ने, ना.प्र.नं. २९१ (जारी मिति: २०३३/१/७, स्थान तेह्रथुम) भएकी **नयन कला इनांम ।**
३. तिल विक्रम लावतीकी छोरी खडग प्रसाद इनांमकी बुहारी राजिव इङनामकी श्रीमती पाँचथर जिल्ला, यासोक गा.वि.स. वडा नं ३ स्थायी घर भई हाल तेह्रथुम जिल्ला, इवा गा.वि.स. वडा नं ४ बस्ने, ना.प्र.नं. ०२३०२८/२७४ (जारी मिति: ०६३/१०/२७, स्थान पाँचथर) भएकी **विसर्जन लावती ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
तेह्रथुम जिल्ला, इवा गा.वि.स. वडा नं ४ बस्ने, **खडग प्रसाद इनांम**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं ८, नक्सा सीट नं ८ मा अवस्थित कि.नं. १४९४ र १५६४ क्षेत्रफल ०-१-७ र ०-१-१ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# सेवाग्राही विदेशिएपछि पन्ध्र हजार परिचयपत्र थन्कियो



गलकोट (बागलुङ) । सेवाग्राही परिचयपत्र लिन नआएपछि जिल्ला प्रशासन कार्यालय बागलुङमा १५ हजार आठ सय ३८ राष्ट्रिय परिचयपत्र थन्किएका छन् । राष्ट्रिय परिचयपत्रको फारम भरेर अधिकांश व्यक्ति विदेशिएका कारण परिचयपत्र लिन नआएको कार्यालयका प्रशासन शाखा प्रमुख रामप्रसाद उपाध्यायले जानकारी दिए । उनले नयाँ परिचयपत्रका लागि दैनिक दुई सयसम्म सेवाग्राही आउने भए पनि तयारी अवस्थामा रहेका परिचयपत्र लिन भने न्यूनमात्र आउने गरेको जानकारी दिए । दैनिक २० देखि ५० जना सेवाग्राही मात्र परिचयपत्र लिन आउने गरेकाले थुप्रो लागेको हो ।

अहिले वडा तहमा राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलनको काम भइरहेको छ । जिल्ला प्रशासनमा अहिलेसम्म २८ हजार आठ सय ८५ राष्ट्रिय परिचयपत्र तयार भएर आइसकेको शाखा अधिकृत उपाध्यायले बताए । तीमध्ये जम्मा १३ हजार ४७ परिचयपत्र मात्र सेवाग्राहीले लगेका छन् भने १५ हजार आठ सय ३८ परिचयपत्र प्रशासनमै रहेको उनले बताए ।

परिचयपत्र लिनका लागि स्वयं व्यक्ति नै आउनुपर्ने र पुनः बायोमेट्रिक गर्नुपर्ने भएकाले परिचयपत्र वितरणको संख्या न्यून भएको हो । परिचयपत्र वितरणका लागि गलकोट नगरपालिकामा शिविर गर्ने तयारी जिल्ला प्रशासन कार्यालय बागलुङको रहेको छ । परिचयपत्र चाङ लाग्दा भण्डारणमा समस्या भएको जनाइएको छ ।

राष्ट्रिय परिचयपत्रविरुद्धको सर्वोच्चको रिट खारेजीको निर्णयपछि सरकारले तोकेका हरेक कामका लागि अब राष्ट्रिय परिचयपत्र अनिवार्य भएको छ । नेपाली नागरिकता प्रमाणपत्रको कमीकमजोरी हटाउन तथा मुलुकको सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाउन अन्तरराष्ट्रिय मापदण्डको डिजिटल कार्डका रूपमा प्रयोग गर्न सकिने राष्ट्रिय परिचयपत्रमा वाहकको १० औंठाछाप अंकित व्यक्तिको पहिचान समेटिन्छ । चिपसहितको कार्डमा प्रिन्ट हुने यसमा वैयक्तिक र जैविक विवरण समेटिनेछ । एउटै डिजिटल कार्डमा नागरिकका सबैखाले विवरण समावेश गरिने भएकाले नागरिकता, लाइसेन्स, फोटोसहितको मतदाता परिचयपत्र र जग्गाधनी पुर्जाजस्ता सामग्री बोकेर हिंड्ने झन्झट हुँदैन । *रासस*

## मिड सोलु हाईड्रोपावर लिमिटेड
Mid Solu Hydropower Limited
रजिष्ट्रार कार्यालय : बानेश्वर-३१, काठमाडौं, फोन नं. ०१-४५७०५८४
इमेल: midsolu.hydropower@gmail.com वेवसाइट: www.midsoluhydropower.com.np

### भुल सुधार

यस कम्पनीको मिति २०८१ माघ ३० गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक वित्तीय विवरणमा देहाय बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले भुलसुधार गरी प्रकाशित गरिएको छ ।

**Unaudited Statement of Profit or Loss**
**For the Period Ended 29th Poush, 2081 (13th January, 2025)**

| Particulars | Upto Poush end 2081 | Upto Ashwin end 2081 | Upto Poush end 2080 |
| --- | --- | --- | --- |

### सिन्धु भोटेकोशी हाइड्रोपावर लि. को
## छैठौं बार्षिक साधारण सभा बस्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/१**

यस कम्पनीको मिति २०८१/०९/२९ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व २०८०/०८१ को बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषय उपर छलफल गर्नका लागि बोलाउने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थिति तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति:** २०८१/११/२४
**समय:** दिनको ११:०० (एघार बजे) ।
**स्थान:** श्री धनेश्वरी विद्यालय प्राङ्गण, चाकु बजार, भोटेकोशी गाउँपालिका ।

**छलफलका विषयहरू:**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. आ.व २०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन सहितको बासलात नाफा नोक्सान र नगद प्रवाह विवरण पारित गर्ने बारे ।
३. आ.ब.२०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
४. विविध ।

**अध्यक्ष**
**सिन्धु भोटेकोशी हाइड्रोपावर लि.**
**भोटेकोशी-५, सिन्धुपाल्चोक**




काठमाडौंको महाराजगञ्ज चक्रपथमा निर्माणाधीन अपार्टमेन्टमा काम गर्दै कामदारहरू । *तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# सिटिजन्स बैंक र वात्सल्य नेचुरल आईभीएफबीच समझदारी



काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको नारायणचौरस्थित वात्सल्य नेचुरल आईभीएफबीच सिटिजन्स बैंकका ग्राहकलाई छूट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा हस्ताक्षरपश्चात् बैंकका कार्डबाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले वात्सल्य नेचुरल आईभीएफमा १० प्रतिशतसम्मको आकर्षक छूट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ । बैंकले डिजिटल बैंकिङको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छूटसम्बन्धी विस्तृत विवरण सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४'को उपाधि प्राप्त गरेको बैंकले केही समयअघि फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड (भर्चुअलक्रेडिट कार्ड)' सञ्चालनमा ल्याएको छ । नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधा समेत बैंकले ल्याएको छ । १९८ शाखा, १६३ एटिएम, ३ विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाईबाट १८ लाख ५० हजार ग्राहकलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

## ३६ गाउँबस्ती सडक सञ्जालमा जोडिए

जुम्ला । तातोपानी गाउँपालिकाका सबै वडाका ३६ गाउँबस्ती सडक सञ्जालमा जोडिएका छन् । सङ्घ, प्रदेश र गाउँपालिकाको बजेटबाट थलाले गाउँसम्म सडक निर्माण सम्पन्न भएपछि मंगलवार गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले त्यसको उद्घाटन गरेका हुन् ।

यहाँका स्थानीयको मागअनुसार तीन वर्षको प्रयासपछि गाउँसम्म सडक पुगेको हो । सडकबाट थलालेका ४० घरपरिवार लाभान्वित भएका छन् । सडक निर्माणपछि जीप, ट्र्याक्टर र मोटरसाइकल सञ्चालन भएका छन् ।

पालिका अध्यक्ष चौलागाईंका अनुसार सडक स्तरोन्नति गरी बाह्रै महिना नियमित यातायात सञ्चालन गर्न गाउँपालिकाले प्राथमिकता दिएको छ । नियमित यातायात सञ्चालनको व्यवस्था मिलाउन तथा वडा नं ७ पातरसाँघुबाट थलालेसम्मको चार दशमलव १७ किलोमिटर सडक निर्माणमा रू. एक करोड २० लाख बजेट खर्च भएको छ । उपभोक्ता समितिका अध्यक्ष खेमबहादुर शाहीले सडक निर्माणपछि दुई घण्टाको यात्रा अब २० मिनेटमा पूरा हुने बताए । आफ्नै घरआँगनमा सडक पुगेपछि स्थानीयले मंगलवार नाचगान गरेर खुशीयाली मनाएका थिए । *रासस*

## काभ्रेको पाँच तहमा 'एक वडा-एक कृषि उत्पादन' कार्यक्रम

काभ्रेपलाञ्चोक । यहाँको पाँच स्थानीय पालिकामा 'एक वडा-एक कृषि उत्पादन' कार्यक्रम कार्यान्वयन गरिएका छन् । बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास निर्देशनालयद्वारा सञ्चालित कार्यक्रम अनुसार चालु आर्थिक वर्षबाट पाँच वर्षका लागि काभ्रेपलाञ्चोकको पाँच तहको पाँच वडामा उक्त कार्यक्रम कार्यान्वयन गरिएको हो ।

जिल्ला कृषि विकास कार्यालय धुलिखेलका अनुसार पनौती नगरपालिका-५, बेथानचोक गाउँपालिकाको २, महाभारतको ५, खानीखोलाको २ तथा भुम्लु गाउँपालिकाको एक नं वडामा उक्त कार्यक्रम कार्यान्वयन गरिएको हो । कार्यक्रम अनुसार पाँचओटा वडामा ६ सय रोपनी जमीनमा तरकारी, कफी तथा किवी उत्पादनको काम गरिनेछ । कृषि विकास कार्यालय, स्थानीय तह तथा लाभग्राही समुदाय एवं सहकारीबीच त्रिपक्षीय सम्झौता गरेर कार्यक्रमको थालनी शुरू गरिएको हो । पनौती र बेथानचोकमा तरकारी, महाभारत र खानीखोलामा कफी तथा भुम्लुमा किवी उत्पादनका लागि छनौट भएको छ ।

कार्यक्रम सञ्चालननार्थ स्थानीय सहकारी संस्था एवं समुदायको समूहसँग सम्झौता गरिने जनाइएको छ । स्वीकृत कार्यक्रमअनुसार महाभारतमा कफी खेतीका लागि सम्झौता भइसकेको तथा खानीखोलामा सोही प्रकृतिको सम्झौताको प्रक्रियामा रहेको कार्यालय प्रमुख कुलप्रसाद दवाडीले बताए । 'समुदाय तथा सहकारी छनोट गरी सम्झौता कार्य भइरहेको छ, मौसमी तथा बेमौसमी तरकारी छनोट गरी लगत्तै उत्पादनकार्य थाल्नेछौं,' उनले भने । उनका अनुसार कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहका जनप्रतिनिधि तथा समुदायबीच छलफल सम्पन्न गरिएका छन् । बागमती प्रदेश सरकारले चालू आवमा कृषि उत्पादनलाई प्राथमिकता दिँदै 'एक वडा-एक कृषि कार्यक्रम'अन्तर्गत पाँच वर्षका लागि पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रम सञ्चालनमा ल्याएको हो । *रासस*


## हिमालयन बैंक लिमिटेडको धितो लिलाम बिक्रीको १५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्न बुझाउन पर्ने सांवा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्तबन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता नगरेकोले तपसिलमा उल्लेखित मितिहरुमा ३५ दिने सूचना प्रकाशित गरी सम्पूर्ण सांवा, व्याज चुक्ता गर्न अनुरोध गर्दा समेत पनि आज सम्म उक्त कर्जाको सांवा र सोमा लागेको व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपसिलमा लेखिएको सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आजका मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित स्थानमा लिलाम विकि गरिने हुंदा लिलाममा डाक वढावढ गरी लिन इच्छुक महानुभावहरु सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम विकि गरिने वारे यसै सूचना बाट जानकारी गराएका छौं ।

**तपसिल**

| ऋणी/ऋणीहरूको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय : पार्वतीपुर शाखा, चितवन** | |
| लछुमन विश्वकर्माको नाति राम चन्द्र विश्वकर्माको छोरा सुनिता विश्वकर्माको पति चितवन जिल्ला साविक मंगलपुर गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. १६) बस्ने **सुमन विश्वकर्मा (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: सुनिता विश्वकर्मा, सुक माया वि.क र राम चन्द्र विश्वकर्मा**<br>**यसअधि प्रकाशित सूचना:** मिति २०८१।०८।११ को आर्थिक अभियान दैनिकमा कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना । | कमने विश्वकर्माको नाति लक्ष्मन विश्वकर्माको छोरा चितवन जिल्ला साविक मंगलपुर गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. १६) बस्ने **राम चन्द्र विश्वकर्माको** नाममा दर्ता कायम रहेको चितवन जिल्ला साविक मंगलपुर गा.वि.स. वडा नं. ९घ (हाल परिवर्तित भरतपुर म.न.पा. वडा नं. १६) स्थित कित्ता नं. २६३ को क्षेत्रफल ०-३-०-० (विघा) जग्गा समेत । |
| **शाखा कार्यालय : घोराही शाखा, दाङ** | |
| १. होमलाल खत्रीको नाति, पारेश्वर खत्रीको छोरा, दाङ जिल्ला, साविक ढिकपुर गा.वि.स. वडा नं. ९घर भइ हाल घोराही उ.म.न.पा.वडा नं. १० बस्ने **यादव सिंह के.सी (ऋणी)**<br>**व्यक्तिगत जमानी दिने: वसन्ता पौडेल**<br>**यसअधि प्रकाशित सूचना:** मिति २०८१।०८।१७ को कारोवार दैनिकमा कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना । | **ऋणी यादव सिंह के.सी** नाममा दर्ता कायम रहेको साविक दाङ जिल्ला नारायणपुर गा.वि.स. वडा नं. ९ख (हाल परिवर्तित घोराही उप.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५१० को क्षेत्रफल १८६.२२ ब.मी. घर जग्गा समेत । |
| **शाखा कार्यालय : लहान शाखा, सिरहा** | |
| प्रदेश सरकार मधेश प्रदेश उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा सा.फ./प्रा.फ.नं. घ.उ.सि : ११७८५/०७७/०७८ कायम भई मिति २०७७/०९/०८ मा दर्ता भएको **श्री लक्ष्मी कन्स्ट्रक्सन (ऋणी)**<br>**साझेदारहरु: अजय कुमार यादव र सिया कुमारी यादवनी**<br>**व्यक्तिगत जमानी दिने: बिन्देश्वर यादव**<br>**यसअधि प्रकाशित सूचना:** मिति २०८१।०६।१३ को कारोवार दैनिकमा कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना । | १. राम स्वरुप यादवको बुहारी रामदत्त यादवको छोरी बिन्देश्वर यादवको पत्नी सिराहा जिल्ला सितापुर गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ६) बस्ने **सिया कुमारी यादवनीको** नाममा दर्ता कायम रहेको सिराहा जिल्ला सितापुर गा.वि.स वडा नं. ५क (हाल परिवर्तित लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ६) स्थित कित्ता नं. ४६४ को क्षेत्रफल ०-१-५-० (विघा) जग्गा समेत ।<br>२. यस बैंक धनी र ऋणी श्री लक्ष्मी कन्स्ट्रक्सन कायम भई दर्ता भएको प्रदेश २- ०१ क-००८२ नं. को च्यासीस नं **BCEHN960PBHL00210** इन्जिन नं **4H2744/1820023** को **Bull HD 96 Back Hoe Lodar** प्रा. **Back Hoe Lodar.** |
| **शाखा कार्यालय : न्युरोड (साविक नेपालगंज-२) शाखा, बाँके** | |
| १. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा, प्रा.फा.र.नं. २५८९९/०७३/०७४, कायम भइ मिति २०७३/०६/०४ मा दर्ता भएको **संस्कार मेडिसिन डिस्ट्रिब्युटर्स (ऋणी)**<br>**प्रोप्राइटर: संजय पाठक**<br>**व्यक्तिगत जमानी दिने: अन्जना अधिकारी र प्रमेश्वरी पाठक**<br>**यसअधि प्रकाशित सूचना:** मिति २०८१।०७।०६ को कारोवार दैनिकमा कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना । | सन्त वक्सको बुहारी थमनाथ उपाध्यायको छोरी बाँके जिल्ला कम्दी गा.वि.स वडा नं. ९ को हाल परिवर्तित बाँके जिल्ला, डुडुवा गा.पा. वडा नं. ५ बस्ने **प्रमेश्वरी पाठकको** नाममा दर्ता कायम साविक बाँके जिल्ला, पुरैनी गा.वि.स वडा नं. २ (हाल परिवर्तित नेपालगञ्ज उ.म.पा. वडा नं. २२) स्थित कित्ता नं. ९६९ र ४१८ को क्षेत्रफल ०-१-३.५ र ०-०-८ (बि.क.धु) घर जग्गा । |

**लिलामीका शर्तहरू :**

१) लिलाममा अन्तिम पटक सबै भन्दा वढी कवोल गर्ने व्यक्तिले आफुले बोलको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस बैंकमा बुझाउनु पर्नेछ । दा.खा./नामसारी गर्दा सम्बन्धित कार्यालयहरुमा लाग्ने सम्पुर्ण रजिष्ट्रेशन शुल्क, लाभकर, एकृकित सम्पत्ति, घरबाटो सिफारिस, बक्यौता कर दायित्व समेत लिलाम सकार गरी लिनेले नै वुझाउनु पर्नेछ ।
२) डांक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । लिलाम डांक बढाबढ हुनु अगावै ऋणीको तर्फबाट बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलाम बिक्री कार्य रद्द गरिनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले बैंकबाट लिलाम निश्चितको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई चल/अचल सम्पति बुझिनलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४) लिलामको दिन बैंक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
५) लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (बैंक सरकारी विदा बाहेक) पूनः लिलामको कार्य हुनेछ ।
६) लिलाम विक्री हुने चल/अचल सम्पतिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस बैंकको सम्बन्धित शाखा कार्यालयमा समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
७) यस बैंकको सम्बन्धित शाखा कार्यालयमा अपरान्ह १२:०० बजे देखी २:०० बजे सम्म लिलामको डांक बढाबढ हुनेछ ।
८) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७(७) अनुसार लिलाम विक्री गर्दा कसैले नसकारेमा बैंकले उक्त सम्पतिको स्वमित्व आफुमा लिन सक्नेछ ।

**लिलाम हुने मिति : २०८१ साल फाल्गुण महिना १५ गते बिहिबार ।**

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**कर्जा असुली विभाग, कमलादी,**
**फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं**



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय.: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: सोमबारे, मोरङ्ग
फोन नं.: ९८५२०४२३९९

शाखा कार्यालय: मलंगवा, सर्लाही
फोन नं. : ०४६-५२११५८/५९

**को**

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/११/०१ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: सोमबारे, मोरङ्ग**

**ऋणीको विवरण**

नेपाल सरकार, उधोग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/०५/१८ मा दर्ता नं. ३४१२२/०७७/७८ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, रतुवामाई न.पा. वडा नं. १० स्थित **टिमटिमे सपिङ सेन्टर** **प्रोप्राइटर: तुलसा बस्नेत**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. ईश्वरी वहादुर कार्कीको बुहारी, भिम वहादुर कार्कीको पत्नी, मोरङ्ग जिल्ला, सिजुवा गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **तुलसा बस्नेत (ना.प्र.प.नं.: ०५२०५५/११०८९, मोरङ्ग)**
२. छत्र वहादुर कार्कीको नाति, ईश्वरी वहादुर कार्की छोरा, मोरङ्ग जिल्ला, इटहरा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **भिम वहादुर कार्की (ना.प्र.प.नं.: ३, मोरङ्ग)**
३. वलभद्र कार्कीको नाति, छत्र वहादुर कार्की छोरा, मोरङ्ग जिल्ला, इटहरा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **ईश्वरी वहादुर कार्की (ना.प्र.प.नं.: १६९३/०३६-३७, मोरङ्ग)**
४. छत्र वहादुर कार्कीको बुहारी, ईश्वरी वहादुर कार्कीको पत्नी, मोरङ्ग जिल्ला, इटहरा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **शोभा कार्की (ना.प्र.प.नं.: ११८०१००४८३/७८८७, मोरङ्ग)**
५. छत्र वहादुर कार्कीको नाति, ईश्वरी वहादुर कार्की छोरा, मोरङ्ग जिल्ला, इटहरा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **ठिका वहादुर कार्की (ना.प्र.प.नं.: ६५१३५, मोरङ्ग)**

**धितोमा रहेको सम्पतिको विवरण**

१. **ईश्वरी बहादुर कार्कीको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, राजघाट गा.वि.स./न.पा. वडा नं ४, स्थित कित्ता नं. ९३६ को क्षेत्रफल ०-८-१३ १/४-० (बिगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **तुलसा बस्नेतको** नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, राजघाट गा.वि.स./न.पा. वडा नं ४, स्थित कित्ता नं. ९४६, १००९ र १०१० को क्रमशः क्षेत्रफल ०-१-०-०, ०-०-८-० र ०-२-१६-१ (बिगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय मोरङ्ग, विराटनगरमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन:**

| सवारीको मोडल | इन्जिन नं. | च्यासिस नं. | दर्ता नं. |
|---|---|---|---|
| ISUZU D-MAX Flatdeck - 2019 | A2A034 | M3GTFR54JKB000596 | प्रदेश १-०४-००१ च ०१८१ |

**शाखा कार्यालय : मलंगवा, सर्लाही**

**ऋणीको विवरण**

चलितर राय यादवको बुहारी, राम पुकार रायको पत्नी, सर्लाही जिल्ला, सहोडवा गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **सुजान देवी (ना.प्र.प.नं.: ३३१५१४०७, सर्लाही)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. फोचाई रायको नाति, चलितर राय यादवको छोरा, सर्लाही जिल्ला, सहोडवा गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **राम पुकार राय यादव (ना.प्र.प.नं.: ३३१५०५३८, सर्लाही)**
२. चलितर राय यादवको नाति, राम पुकार राय यादवको छोरा, सर्लाही जिल्ला, सहोडवा गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **तेज नारायण राय (ना.प्र.प.नं.: १९-०१-७३-०७९८६, सर्लाही)**
३. चलितर राय यादवको नाति, राम पुकार राय यादवको छोरा, सर्लाही जिल्ला, सहोडवा गा.वि.स./न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **भाग्य नारायण राय यादव (ना.प्र.प.नं.: १९१०८०/२५, सर्लाही)**

**धितोमा रहेको सम्पतिको विवरण**

**राम पुकार राय यादवको** नाममा मालपोत कार्यालय वरहथवा, सर्लाहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, गिरिया सहोडवा गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं. ४१५, ४१८, ४२१, ४२३, ३६६, २२५, ३०३ र ३०५ को क्रमशः क्षेत्रफल ०-०-८-८, ०-१-१८-०, ०-२-१५-०, ०-२-१७-०, ०-१-८-८, ०-०-१६-०, ०-०-९-० र ०-३-११-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/११/०१ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सोमबारे, मोरङ्ग र मलंगवा, सर्लाहीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/११/०७ बुधबार सार्वजनिक बिदा परेकोले मिति २०८१/११/०८ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/११/०९ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु सोमबारे, मोरङ्ग र मलंगवा, सर्लाहीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

सृजनात्मक विनाशको प्रक्रिया नै पूँजीवादको मूल तथ्य हो ।

**- जोसेफ सुम्पिटर**

सम्पादकीय

# भ्रष्टाचारको अनुभूति बढ्दो

नेपालले भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न कानून बनाई संयन्त्रहरूको स्थापना गरे पनि र सरकारले भ्रष्टाचारमा शून्यसहनशीलता जस्ता नारा ल्याए पनि विश्वका भ्रष्टहरूको मुलुकको सूचीमा झन् कमजोर देखिएको छ । ट्रान्स्परेन्सी इन्टरनेशनल, नेपालले सार्वजनिक गरेको भ्रष्टाचार अनुभूति सूचकांकमा नेपाल एक स्थान माथि उक्लिएको देखिए पनि प्राप्तांकको आधारमा गत वर्षभन्दा अझ तल झरेको छ ।

भ्रष्टाचार अनुभूति सूचकांकमा नेपालले गत वर्षको तुलनामा एक अंक कम अर्थात् ३४ पाएको छ जुन गत वर्ष ३५ अंक थियो । १०० पूर्णांकमा ३४ प्राप्त गर्नु भनेको असफल हुनु हो अर्थात् भ्रष्टाचार कम हुन नसक्नु हो । ट्रान्स्परेन्सी इन्टरनेशनले ५० अंकभन्दा कम प्राप्त गर्ने देशलाई भ्रष्टाचार बढी हुने देशको रूपमा चित्रण गर्छ । अध्ययन गरिएका १८० देशमध्ये सन् २०२४ मा नेपाल भ्रष्टाचार हुने १०७औं देशमा परेको छ । भ्रष्टाचार कम हुने देशमा पहिलो हुँदै आएको डेनमार्कले ९० अंक प्राप्त गरेको छ । यसको अर्थ हो, भ्रष्टाचाररहित देश हुँदैन । त्यसैले जहाँ सरकार हुन्छ, जहाँ प्रिन्सिपल अर्थात् काम गर्ने मुख्य व्यक्ति र उसले काम गर्न नसक्दा काम गर्ने एजेन्ट हुन्छ, त्यहाँ भ्रष्टाचार हुन्छ नै भन्ने पुष्टि हुन्छ ।

ट्रान्स्परेन्सी इन्टरनेशनलले विभिन्न देशको भ्रष्टाचार अनुभुति सूचकांक तयार गर्दा १३ वटा अन्तरराष्ट्रिय सर्वेक्षणका तथ्यांकलाई आधार मान्ने गरेको छ । नेपालमा ६ वटा संस्थाले विभिन्न विषयमा गरेको सर्वेक्षणलाई आधार बनाइएको छ । वर्ल्ड इकोनोमिक फोरमले गरेको 'आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायिक निर्णयमा भ्रष्टाचार' विषयको सर्वेक्षणमा नेपालले ३० अंक प्राप्त गरेको छ । यो गत वर्षभन्दा ८ अंक कम हो । त्यस्तै 'व्यापार, व्यवसाय, ठेक्कापट्टा, आयात निर्यात र दैनिक काममा घुस र भ्रष्टाचारको जोखिम' सर्वेक्षणमा नेपालले ३२ अंक पाएको छ जुन गत वर्ष ३५ थियो । यसले व्यावसायिक क्षेत्रमा भ्रष्टाचार उच्च रहेको संकेत गर्छ । सही लगानीकर्ताहरू बढी भ्रष्टाचार हुने देशमा लगानी गर्न हिचकिचाउँछन् । त्यसैले यी सूचकहरूमा कमजोर हुनु भनेको देशमा लगानीको वातावरण बिग्रेको अवस्था हो ।

**भ्रष्टाचार रोक्न पारदर्शिता र उत्तरदायित्वलाई बलियो बनाउने गरी नीतिगत र कानूनी व्यवस्था गरेर त्यसको कडाइका साथ कार्यान्वयन गर्नु जरूरी छ ।**

राइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भिडिइएम) ले गरेको 'राजनीतिक भ्रष्टाचारअन्तर्गत सरकार, संसद्, न्यायपालिका र सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार' सर्वेक्षणमा यस वर्ष ३४ अंक पाएको नेपालले अघिल्लो वर्ष ३५ पाएको थियो । हाल राजनीतिक नेतृत्व मुछिएर ठूला नीतिगत भ्रष्टाचार भएको उदाहरणहरू मनग्य बाहिर आएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही हजार रुपैयाँ घुस मागेको आधारमा सरकारी कर्मचारी गिरफ्तार गरेकोमा आलोचना हुने गरेकोमा नीति र नियम नै परिवर्तन गरी अर्बौं रकमको भ्रष्टाचार गर्ने प्रवृत्ति बढेको छ । यो राजनीतिक भ्रष्टाचारको उदाहरण हो । अन्य केही शीर्षकमा नेपालको अवस्थामा सामान्य सुधार आए पनि राजनीतिक र व्यावसायिक क्षेत्रमा भ्रष्टाचार बढेको भन्ने आम मानसिकता रहेको प्रतिवेदनले स्पष्ट पारेको छ । नेपालको अवस्था सुधार नआउनुमा मिडियाले भ्रष्टाचारसम्बन्धी खोजमूलक सामग्री पस्कनु पनि एक हो जसले गर्दा सर्वसाधारणमा भ्रष्टाचार बढेको अनुभूति हुन्छ ।

भ्रष्टाचार न्यून गर्न नेपालले यसको मूल कारण पत्ता लगाएर त्यही क्षेत्रमा सुधार गर्नुपर्ने हुन्छ । नेपालमा कर्मचारीलाई तजबिजी अधिकार दिइन्जेल भ्रष्टाचार कम हुन कठिन छ । त्यस्तै भ्रष्टाचार कम गराउने तत्त्व भनेको पारदर्शिता र उत्तरदायित्व हो । नेपालमा कसैलाई पद दिँदा गोपनीयताको शपथ खुवाइन्छ तर पारदर्शिताको खुवाइँदैन । राजनीतिक व्यवस्था, प्रशासनिक संरचना र कामको प्रक्रिया जति पारदर्शी हुन्छ त्यति नै यसले कर्मचारीलाई उत्तरदायी बनाउँछ । भ्रष्टाचार र सम्पति शुद्धीकरण जस्ता अपराध व्याप्त भइरहँदा र नियन्त्रणको लागि कडा कदम लिन नसक्दा नेपाल फेरि सम्पति शुद्धीकरण नियन्त्रण सम्बन्धमा अन्तरराष्ट्रिय मापदण्ड बनाउने संस्था फिनान्सियल एक्सन टास्क फोर्सले खैरो सुची (ग्रे लिष्ट) मा राख्न सक्ने खतरा रहेको सरकारी अधिकारीले बताउन थालेका छन् । त्यसैले भ्रष्टाचार रोक्न पारदर्शिता र उत्तरदायित्वलाई बलियो बनाउने गरी नीतिगत र कानूनी व्यवस्था गरेर त्यसको कडाइका साथ कार्यान्वयन गर्नु जरुरी छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## जडीबुटी उद्योग संघको स्वागतयोग्य तत्परता

नेपाल जडीबुटी उद्योग संघको पहलमा नेपालमा जडीबुटीको व्यावसायिक खेती गरिने समाचार प्रकाशमा आएको छ। उद्योग सञ्चालक आफैं कच्चा पदार्थ उत्पादनमा समेत लाग्नु निश्चय पनि स्वागतयोग्य विषय हो । त्यसो त, नेपाल आफैं जडीबुटीको भण्डार भएको देश हो । तर, नेपालमा भएका औषधीय वनस्पति सबैको पहिचानसमेत हुन नसक्नु आफैंमा दुःखको विषय हो । औषधीय वनस्पतिको खोजी, पहिचान र विस्तारका निम्ति वनस्पति विभाग नै खडा गरिएको छ । तर, विभागले भने अहिलेसम्म ७ सय १ प्रकारका मात्र औषधीय जडीबुटीको पहिचान गरेको तथ्यांक छ । विज्ञहरूका अनुसार नेपालमा त्यस्ता वनस्पतिको संख्या ४ हजारभन्दा बढी छ । सन् १९७८ तिरै फ्रान्सबाट एसएस हाण्डाको नेतृत्वमा आएको वनस्पति विज्ञको टोलीले २ हजार ६ सय औषधीय वनस्पतिको पहिचान गरेको संवर्द्धन, विस्तार र प्रयोगमा समेत नेपाल धेरै पछि परेको प्रस्ट हुन्छ ।

(सम्पादकीयबाट)

वर्ष ८, अंक १४७, बुधवार, २ फागुन, २०६९

# होहल्ला र अफवाहमा नेपालको वित्तीय क्षेत्र

## सर्वसाधारणमा बैंकिङप्रति सन्देश कस्तो जाला ?

नेपालमै भएर पनि अमेरिकाबाट मेरा आफन्तले आत्तिएर फोन गरेपछि मात्र थाहा भयो, नेपालका केही बैंक धराशयी हुँदै छन्, फेल हुँदै छन् र धमाधम निक्षेप झिकिन थालेको छ । म केन्द्रीय बैंकमा निकै लामो समयसम्म काम गरेर सेवानिवृत्त भएको मान्छे भएका कारण उहाँले मलाई यसबारे के हो ? भनेर बुझ्न खोज्नुभएको रहेछ । जीवनको अमूल्य कमाइ नेपालकै कुनै बैंकमा राखी त्यसैको ब्याज आर्जनबाट गुजारा चलाउन सहयोग पुग्ने आशाले केही रकम कुनै बैंकमा मुद्दती निक्षेपमा राख्नुभएको रहेछ । त्यसको ब्याज पनि त्यहींको बचत खातामा जम्मा गर्ने बन्दोबस्त रहेछ । दुवै खाले रकम एउटै बैंकमा रहेकाले अब साँच्चै हल्ला सही हो भने आफ्नो जहाजै डुब्ने पो हो कि ? भन्ने चिन्ता थपिएकाले नेपाल आएर भए पनि उक्त रकम झिक्ने विचारले मलाई के गर्ने कुनै उपाय छ कि ? भनेर सल्लाह माग्नुभएको पनि थाहा पाएँ ।

मैले यहीबीच केही अनलाइनका खबर प्रवाहकहरूबाट ती कुरा बजारमा आएको चाहिँ हो तर बैंक नै धराशयी हुनेगरी रकम झिकिन थालेको कुरा सत्य होइन भन्दिएँ । नौ दशकमा यसरी बैंक टाट पल्टिएको भएको कुनै घटना छैनन् पनि । त्यसो हुनुअघि केन्द्रीय बैंकका रूपमा रहेको नेपाल राष्ट्र बैंकले अनेकौं उपायद्वारा पनि उद्धार गर्ने व्यवस्था छ, उद्धार गर्ने गरेको छ । त्यसैले डराउनु पर्दैन भनें । मेरा कुराले उहाँ केही आश्वस्त त हुनुभयो तर उहाँको चिन्ताको शूलचाहिँ रही नै रहेको पाएँ ।

माथिको यो एउटा सामान्य दृष्टान्त मात्र हो । हेर्दा सामान्य जस्तो लागे पनि बैंक तथा वित्तीय क्षेत्रका लागि यो भुसको आगो नै हो । यस्तो चिन्ता गर्नेहरू करोडौंको संख्यामा रहेका निक्षेपकर्ताको पनि होला । निक्षेपकर्तामा यसखाले चासो हुनुलाई अन्यथा मानिँदैन । बैंकिङ साक्षरताकै एक उदाहरण पनि हो यो । खासमा भन्ने हो भने नेपाली बैंकहरूको स्रोतको मुख्य मूल नै निक्षेप हो ।

त्यस्तो निक्षेपको अधिकांश अंश (८० प्रतिशतसम्म) कर्जाका रूपमा लगानीमा रहेको हुन्छ जसको गुणस्तरमाथि नियमन, निगरानी र अनेकौं खाले नियामकीय व्यवस्थाहरू गरिएका हुन्छन् । केन्द्रीय बैंकको निगरानी हुन्छ । आन्तरिक नियन्त्रण प्रणाली त हुन्छ नै बाहिरी लेखा परीक्षणसमेत नियमित हुन्छ । भएन, कहिलेकाहीँ विशेष निरीक्षणसमेत हुन्छ, भइरहेको पनि देखिन्छ । तर, यति हुँदाहुँदै पनि बैंक वित्तीय संस्थाहरूको कर्जाको गुणस्तरमाथि जहिल्यै प्रश्न उठिरहेकै देखिएको छ । खासमा भन्ने हो भने कोरोना महामारी र त्यसपछिको प्राकृतिक विपद्बाट व्यवसायमा आएको सुस्तीमाथि कर्जाका सेवाग्राहीहरू, लघुवित्त क्षेत्रका सेवाग्राहीहरू र सहकारीपीडितहरूको आन्दोलनका कारण बैंक वित्तीय क्षेत्रको कर्जा असुलीमा असर परेको सत्य हो ।



**राष्ट्रिय र अन्तरराष्ट्रिय जगत्बाट समेत कर्जाको गुणस्तरमाथि प्रश्न उठिरहेका बेला कथम् निक्षेपकर्ता पनि सशंकित हुने अवस्था आयो भने त्यो दुर्घटनाको मूल्य यो क्षेत्रमा अकल्पनीय हुनेछ । विश्वासको संकट थेगिनसक्नु हुनेछ ।**

**- कृष्ण प्रधान**

तर, त्यसलाई सम्बद्ध निकायहरूले उद्धार नै नगरेका होइनन् भन्न नमिल्ला, गरेकै हुन् । तर पनि उद्योग व्यवसायको गति पहिलेको लयमा आउन सकेको छैन । त्यसका अनेकौं आन्तरिक र बाह्य कारण छन् । यसैबीच अहिलेको यो हल्ला भने पूर्वको एक धार्मिक क्षेत्रमा केबलकार निर्माण गर्ने र गर्न नदिने पक्षधरबीचको टकरावका कारण एकाएक कुनै अमुक बैंक डुब्दै छ भनेर त्यसबाट निक्षेपकर्तालाई कुनै अर्को बैंकबाट आफूले राखेको निक्षेप झिक्न सामाजिक सञ्जालीय हल्ला फिँजाइएको देखिन्छ ।

केबलकार निर्माणको लगानीसित जोडिएका कुनै उद्यमी कथित बैंकका मालिकै हुन् जसरी हल्ला फिँजाइएको पनि देखियो । त्यसमा आगोमा घिउ थप्ने काम पनि केही जनजातीय समूहले गरेको अनुभूत हुन्छ । तत्काललाई केबलकार निर्माणको काम स्थगन गर्ने समाचारले त्यहाँ भएको आन्दोलन साम्य भई सरकारी तवरबाट वार्ताको वातावरण मिलाइएको पनि भनिएको छ । धार्मिक आस्था र केबलकारका निर्माणको सम्बन्ध के कस्तो हुन्छ वा हुनुपर्छ भन्ने यस लेखोटको सरोकारको विषय होइन ।

तथापि, केबलकार निर्माणका कुनै लगानीकर्ता र बैंक निक्षेप झिकिनुपर्छ भन्ने प्रसंग भने कताकति बेतुकको सम्बन्ध जोडाएर आएको लागेको हो । हल्ला जे भए पनि यस्तो हल्लाहल्ला नै मात्र हो वा सत्य पनि हो भन्ने कुराको समयमै निराकरण गरिनुपर्थ्यो । त्यो चाहिँ भएको देखिएन । सम्बद्ध नियामकीय निकायहरू यस विषयमा अहिलेसम्म पनि मौन नै देखिएका छन् । कुनै बेला लघुवित्तीय क्षेत्रमा आन्दोलनरत लघुवित्तीय क्षेत्रकै सेवाग्राहीहरूले आन्दोलन चर्काइरहँदा पनि सरोकारवाला निकायहरू मौन बसिदिनाले लघुवित्तीय क्षेत्रको अवस्थामा नराम्ररी असर परेको कुरा त जगजाहेरै छ ।

**बैंक वित्तीय क्षेत्र एक संवेदनशील क्षेत्र हुँदै हो । यस किसिमका हल्ला, भ्रम र मिथ्या प्रचारबाजीमा सामाजिक सञ्जालका भाइरलवादीहरूले कुनै अभीष्ट राखेका पनि हुन सक्छन् । समयमै सरोकारी निकाय वा नियमनकारी निकायले आम नागरिकमा छाएको यस्ता हल्लाका भ्रमलाई चिर्नसक्नुपर्छ ।**

बैंक वित्तीय क्षेत्र एक संवेदनशील क्षेत्र हुँदै हो । यस किसिमका हल्ला, भ्रम र मिथ्या प्रचारबाजीमा सामाजिक सञ्जालका भाइरलवादीहरूले कुनै अभीष्ट राखेका पनि हुन सक्छन् । समयमै सरोकारी निकाय वा नियमनकारी निकायले आम नागरिकमा छाएको यस्ता हल्लाका भ्रमलाई चिर्न सक्नुपर्छ । आखिर, सबैभन्दा धेरै नियम र कानून, नियमनमा बसिरहेका बैंक वित्तीय क्षेत्र हल्लाका सूचकांकमा होइन, पारदर्शीय वित्तीय सूचकांकमा आधारित हुने क्षेत्र भएकाले त्यसबारेका वित्तीय साक्षरता दिने कामचाहिँ सरोकारीहरूले बेलैमा वा समयसमयमा गर्नैपर्छ । त्यो चाहिँ यो बेला चुकेको देखियो ।

बैंकहरूले सरकारी ऋणपत्र र बन्डहरूमा साढे १२ खर्बभन्दा बढी लगानी गरेका छन् । यसबाहेक सीआरआर र एसएलआर गरेर १७/१८ खर्ब तरल सम्पत्ति छ । पछिल्लो समय बैंकहरू डुब्ने लागेको केही व्यक्तिको अभिव्यक्तिले सर्वसाधारण निक्षेपकर्ता आत्तिएका छन् तर, बैंकहरूसँग औसतमा निक्षेपको २८ प्रतिशतभन्दा धेरै खुद तरल सम्पत्ति रहेकाले बैंक डुबिहाल्छन् भन्न सक्ने अवस्था चाहिँ देखिँदैन । त्यसो त ५ लाखसम्मको निक्षेपको बीमा पनि गरिएको हुन्छ । बैंकहरूसँग पर्याप्त तरलता रहेकाले निक्षेपकर्ता डराउनुपर्ने अवस्था पनि रहेको छैन । बैंकिङ प्रणालीमा ४ खर्बभन्दा बढी लगानीयोग्य रकम थुप्रिएको अवस्था छ । यस्तो अवस्थामा हल्ला गरिएजस्तो बैंकहरू डुबिहाल्छन् भन्ने आधार देखिँदैन ।

केही बैंकको कर्जा निक्षेप अनुपात (सीडी रेसियो) औसतमा ८० प्रतिशत रहेको र केही बैंकको ७५/७६ को प्रतिशत रहेको तिनले प्रकाशित गरेका वासलात हेर्दा थाहा हुन्छ । त्यसो हुँदा राष्ट्र बैंकले तोकेको ९० प्रतिशतको तुलनामा त्यस्तो अनुपात पर्याप्त देखिएकाले धेरै सहज अवस्था रहेको अनुभूत हुन्छ ।

तत्काललाई मैले अमेरिकामा रहेका मेरा आफन्तलाई नआत्तिन त भनें । त्यो मेरो ज्ञानले देखेको कुरा हो । तर, यो क्षेत्र भनेको संवेदनशील क्षेत्र भएकाले निक्षेप हवारहवार्ती झिकिने जस्तो विषयलाई हलुका ढंगबाट मात्र लिनु हुँदैन, कहिलेकाहीँ नेपालमा कागले कान लग्यो भनेर कान छाम्नतिरभन्दा कागका पछि लाग्ने संस्कार त देखिएको, भोगिएकै हो । त्यो चाहिँ अवस्थालाई कुनै वित्तीय सूचकांकले सम्बोधन गर्न सकोइन । थोपा थोपा गरेर जम्मा गरिएको पानीको थोपाबाट बनेको सागरजस्तै करोडौं नागरिकले बैंक वित्तीय क्षेत्रमा राखेको निक्षेपको सुरक्षा र त्यसको भुक्तानीको प्रत्याभूतिबारे ढुक्क हुने कुरामा सरकार र नियामकीय निकाय हरबखत सचेत रहनुचाहिँ अहिलेको आवश्यकता हो । राष्ट्रिय र अन्तरराष्ट्रिय जगत्बाट समेत कर्जाको गुणस्तरमाथि प्रश्न उठिरहेका बेला कथम् निक्षेपकर्ता पनि सशंकित हुने अवस्था आयो भने त्यो दुर्घटनाको मूल्य यो क्षेत्रमा अकल्पनीय हुनेछ । विश्वासको संकट थेगिनसक्नु हुनेछ ।

*प्रधान नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।*

# सबल आर्थिक अवस्थाका लागि पारिवारिक बजेट

कुनै निश्चित अवधिको आम्दानी र खर्चको लेखालाई बजेट भनिन्छ । बजेट व्यक्ति, परिवार, संघसंस्था र सरकारले बनाउने गर्छन् । समयावधिका हिसाबले आवश्यकताअनुसार बजेट दैनिक, मासिक, अर्धवार्षिक, वार्षिक बनाउन सकिन्छ । यस्तो बजेट व्यक्ति/परिवारले सामान्यतया आफ्नो आम्दानी प्राप्त हुने समयलाई दृष्टिमा राखेर बनाउने गर्छन् भने संघसंस्था र सरकारले वार्षिक रूपमा बनाउने गरेको पाइन्छ । यसरी बनाएको बजेट संघसंस्था र सरकारले मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रूपमा समीक्षा गर्ने गर्छन् भने व्यक्ति/परिवारले जुनसुकै समयमा पनि समीक्षा गरी खर्चलाई आफ्नो सीमाभित्र राख्ने प्रयास गरिरहेका हुन्छन् । आम्दानी र खर्चको आधारमा बजेट बचत, सन्तुलित र घाटा गरी तीन प्रकारले बनाउन सकिन्छ । विकासोन्मुख र लोककल्याणकारी राज्यले आम्दानी न्यून हुँदाहुँदै पनि मुलुकमा थुप्रै सामाजिक र भौतिक विकासका कार्यहरू गर्नुपर्ने भएकाले सामान्यतया घाटा बजेट बनाउने गर्छ भने व्यक्ति/परिवारले बचत बजेटलाई नै प्राथमिकता दिनुपर्छ ।

सार्वजनिक बजेटको प्रचलन सत्रौं शताब्दीमा बेलायतबाट शुरू भएको मानिन्छ । त्यसैगरी अनौपचारिक रूपमा प्राचीन कालदेखि नै पारिवारिक बजेट बनाउने गरिए पनि अठारौं शताब्दीको औद्योगिक क्रान्तिपश्चात् ज्यालामा आधारित पेशाले परम्परागत कृषि पेशालाई प्रतिस्थापन गरेसँगै औपचारिक रूपमा पारिवारिक बजेट बनाउने प्रचलन शुरू भएको पाइन्छ । उन्नाइसौं शताब्दीदेखि पश्चिमी यूरोपेली मुलुक र उत्तरी अमेरिकी मुलुकहरूमा औपचारिक रूपमा पारिवारिक बजेट बनाउने प्रचलन शुरू भएसँगै यसको विस्तारले गति लिएको पाइन्छ । पारिवारिक बजेट बनाई सोभित्र रहेर आफ्नो व्यवहार चलाउँदा पारिवारिक समृद्धि र सन्तुष्टि पाउन सकिने भएकाले पछिल्लो समय पारिवारिक बजेटको अवधारणा विश्वव्यापी भइसकेको छ । यस आलेखमा पारिवारिक बजेटको विविध पक्षका बारेमा चर्चा गरौं ।

कुनै परिवारले निश्चित समयावधिको लागि बनाएको आम्दानी र खर्चको लेखालाई पारिवारिक बजेट भनिन्छ र यसभित्र बचत, ऋण, लगानी लगायतका विषयहरू पनि समेटिएको हुन्छ । पारिवारिक बजेट यति नै समयावधिको बनाउनुपर्छ भन्ने सर्वमान्य मान्यता नभए पनि हाम्रो सन्दर्भमा सामान्यतया मासिक रूपमा बनाइएको पारिवारिक बजेटलाई आदर्श बजेट मान्ने गरिन्छ । परिवारका सबै सदस्यबीच छलफल गरेर पारिवारिक बजेट बनाउँदा सबैलाई पारिवारिक आय र व्ययका बारेमा जानकारी हुने भएकाले दैनिक जीवनयापनका लागि आवश्यक पर्ने खर्च तथा मध्यमकालीन र दीर्घकालीन वित्तीय लक्ष्यहरू प्राप्ति गर्न सहज हुन्छ । आम्दानी र खर्चको यथार्थ विवरण थाहा हुने भएकाले परिवारका सबैलाई आफ्नो बजेटको सीमाभित्र बस्न सिकाउँछ । मुद्रास्फीति वा अन्य कारणले वस्तुको बजार मूल्यमा वृद्धि भई बजेटमा निर्धारण गरिएको खर्च नपुग हुने अवस्था आएमा खर्चलाई ट्र्याक गरी बजेटको सीमाभित्र ल्याउनुपर्ने कारणले पारिवारिक बजेटले परिवारका सदस्यलाई वित्तीय अनुशासनमा बस्ने बानीको विकास गराउने हुँदा बचत गर्ने बानीको विकास हुन्छ ।



**पारिवारिक बजेट बनाउँदैमा परिवारको आर्थिक अवस्थामा आक्रामक रूपले सुधार भई अस्वाभाविक धनी भइँदैन, बिस्तारै आर्थिक अवस्थामा स्वाभाविक रूपले सुधार भई गुणस्तरीय जीवनयापन गर्न सकिन्छ ।**

**- उमा जोशी बोहरा**

परिवारको आम्दानी पारिवारिक बजेटको महत्त्वपूर्ण पक्ष हो । राम्रो परिवारिक आम्दानीले बजेट बनाउन सहज हुनुका साथै नियमित बचतको मात्रालाई बढाउन सकिन्छ । यसका लागि भइरहेको आम्दानीमा थप आम्दानी गर्ने, अतिरिक्त समय काम गर्ने, अहिलेको भन्दा बढी कमाइ हुने कामको खोजी गर्ने, धेरै परिश्रम गर्ने, व्यापार व्यवसाय शुरू गर्ने वा सञ्चालनमा रहेको भए सोको विस्तार गर्ने, लगानीको विविधीकरण वा राम्रो प्रतिफल आउने क्षेत्रतर्फ लगानी केन्द्रित गर्नेलगायत कार्यले परिवारको आम्दानी बढाउन सकिन्छ । ऋण लिई आयमूलक कार्य/व्यवसाय गर्नुपर्ने भएमा आफ्नो आम्दानी र बचतले ऋणको साँवाब्याज तिर्न सक्ने वा नसक्ने विश्लेषण गरेर मात्र औपचारिक स्रोतबाट कर्जा लिनुपर्छ । यसका साथै खर्च नियन्त्रण पनि आम्दानी बढाउने एउटा महत्त्वपूर्ण उपाय भएकाले आम्दानीअनुसारको खर्च गर्ने बानीको विकास गर्नुपर्छ ।

धेरै आम्दानी गरेरभन्दा खर्चको पाटोलाई व्यवस्थित बनाउन सकियो भने धनी बन्न सकिन्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ । तर, प्रसिद्ध अमेरिकी लेखक फ्रैंक ए क्लार्कले भने जस्तै धेरै मानिसलाई पैसा कसरी कमाउने भन्ने बारेमा जानकारी हुँदैन, तर उनीहरू खर्च गर्न भने खप्पिस हुन्छन् भन्ने भनाइ धेरैको व्यवहारसँग मेल खाएको देखिन्छ । त्यसैले आम्दानी अनुसारको खर्चका सीमा निर्धारण गर्नेतर्फ सदैव ध्यान दिनुपर्ने हुन्छ । खर्चको प्रकृतिको आधारमा यसलाई अत्यावश्यक खर्च, चाहनाको खर्च र फजुल खर्च गरी तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ । दैनिक जीविकोपार्जनका लागि नगरी नहुने खर्चलाई अत्यावश्यक खर्च, मनोरञ्जन तथा सामाजिक पक्षको व्यवस्थापनलगायत आफ्नो इच्छाअनुसार गरिने खर्चलाई चाहनाको खर्च र गर्नै नहुने भन्ने बुझ्दाबुझ्दै पनि गरिने खर्चलाई फजुल खर्च भनिन्छ । अत्यावश्यक खर्चविना हाम्रो दैनिकी नै चल्न सक्दैन, चाहनाको खर्चले सन्तुष्टि र सामाजिक प्रतिष्ठा कायम राख्न सहयोग गर्छ भने फजुल खर्चले हामीलाई गरीब बनाउनुका साथै मानवीय जीवनलाई नै हानिनोक्सानी पुऱ्याउँछ । त्यसैगरी हामीले गर्ने खर्चमा अनावश्यक खर्चको अंश पनि रहने गर्छ । यस्तो खर्चलाई नियन्त्रण गर्न सकियो भने बचत वृद्धि गर्न सहयोग पुग्छ ।

**खर्चलाई व्यवस्थित बनाउन सकिएन भने बचत गर्ने कुरा त परै जाओस् आम्दानीको सम्पूर्ण रकम नै खर्च हुने र थप खर्च गर्न रकम नपुग भई अत्यावश्यक खर्चका लागि समेत ऋण लिनुपर्ने अवस्था सृजना हुनसक्छ ।**

पारिवारिक बजेटको मुख्य उद्देश्य आम्दानी र खर्चलाई विवेकपूर्ण तरीकाले व्यवस्थापन गरी बचतलाई नियमित रूपले वृद्धि गर्दै जानु हो । बचतबाट अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यहरू प्राप्ति गर्न, अवकाश जीवनलाई सुखमय बनाउन, आकस्मिक र आपत्कालीन खर्चको जोहो गर्न, बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको किस्ता तिर्न र बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई व्यापार/व्यवसाय गर्नुपर्ने भएमा स्वपूँजीको व्यवस्था गर्न सकिने भएकाले मानिसको जीवनमा बचत अनिवार्य र महत्त्वपूर्ण हुन्छ । प्रसिद्ध अमेरिकी कूटनीतिज्ञ बेन्जामिन फ्रैंकलिनले भनेजस्तै मानिसलाई धनी हुने इच्छा छ भने महँगो सामान किन्न छोडेर बेलैमा बचत गर्नुपर्छ । वास्तवमै खर्चलाई व्यवस्थित बनाउन सकिएन भने बचत गर्ने कुरा त परै जाओस् आम्दानीको सम्पूर्ण रकम नै खर्च हुने र थप खर्च गर्न रकम नपुग भई अत्यावश्यक खर्चका लागि समेत ऋण लिनुपर्ने अवस्था सृजना हुनसक्छ । यसरी खर्चलाई व्यवस्थित गर्न नसकै कारण धनी व्यक्तिहरू पनि केही समयको अन्तरालमा गरीब भएका र खर्च व्यवस्थित गर्दै अघि बढ्नेहरूको आर्थिक अवस्था बलियो भएका दृष्टान्तहरू हाम्रो समाजमा प्रशस्तै देख्न सकिन्छ । मानिसका लागि स्वस्थ्य महत्त्वपूर्ण कुरा हो ।

स्वस्थ्यमा हुने खर्च अत्यावश्यक खर्चअन्तर्गत पर्ने भएकाले स्वस्थ्यमा समस्या उत्पन्न भएमा यस्तो खर्च बाध्यकारी हुने गर्छ । त्यसैले स्वास्थ्यसम्बन्धी खर्चलाई न्यूनीकरण गर्न सकेमा अप्रत्यक्ष रूपमा बचत भएको मान्न सकिन्छ । यसका लागि नेपाल सरकारले ७७ जिल्लामा लागू गरेको स्वस्थ्य बीमा कार्यक्रम उपयोगी र उपयुक्त कार्यक्रम हुनसक्छ । स्वस्थ्य बीमा कार्यक्रमअन्तर्गत ५ जनासम्मको परिवारलाई रू. ३ हजार ५०० प्रिमियम तिरेर १ वर्षका लागि रू. १ लाखसम्मको औषधोपचार गर्न पाइने, परिवारका थप प्रतिसदस्यलाई रू ७०० प्रिमियम तिरेर थप रू. २०,००० बराबरको औषधोपचार गर्न पाइने, ७० वर्षभन्दा माथि उमेर पुगेका वृद्धवृद्धाका लागि प्रिमियम विना नै यस कार्यक्रममा सहभागी हुन पाइनेलगायत व्यवस्थाको उपयोग गर्न सकिन्छ भने स्थानीय निकायमार्फत सरकारले सर्वसाधारण जनतालाई विभिन्न प्रकारका औषधि निःशुल्क वितरण गर्ने भएकाले त्यसको उपयोग गरी लाभ लिन सकिन्छ । यसरी उल्लिखित दुवै कार्यक्रममा सहभागी भएर औषधोपचारका लागि खर्च हुने रकमलाई बचत गर्न सकिन्छ ।

पारिवारिक बजेट बनाउँदैमा परिवारको आर्थिक अवस्थामा आक्रमक रूपले सुधार भई अस्वाभाविक धनी हुने नभई सहभागीतामूलक पारिवारिक बजेटको प्रभावकारी कार्यान्वयन गर्न सकेमा आर्थिक अवस्थामा स्वाभाविक रूपले सुधार भई अवश्य पनि आजभन्दा भोलि गुणस्तरीय जीवनयापन गर्न सकिन्छ । यसरी पारिवारिक बजेटको माध्यमबाट वित्तीय अनुशासन कायम गरी आफ्नो क्षमताअनुसारको बचत गर्न र उक्त बचतलाई बैंक तथा वित्तीय संस्थामा बचत तथा मुद्दती खाता खोली जम्मा गर्ने, नागरिक बचतपत्र र वैदेशिक बचतपत्र खरीद गर्ने, धितोपत्र बजारमा प्राथमिक निष्कासन तथा दोस्रो बजारमा लगानी गर्ने, घरजग्गा तथा अन्य व्यवसायमा लगानी गर्नेलगायत कार्य गरी परिवारको आर्थिक पाटोलाई बलियो बनाउन सकिन्छ ।

*लेखक नेपाल राष्ट्र बैंकबाट प्रमाणित वित्तीय साक्षरता प्रशिक्षक हुन् ।*

**आदरणीय विज्ञ लेखकवर्ग, हामीले तपाईंको विषयविज्ञताका क्षेत्रमा अवधारणामूलक, समसामयिक र विचारोत्तेजक लेख तथा प्रतिक्रियाहरूलाई यथाशक्य स्थान दिनेछौं । लेखसँगै सङ्क्षिप्त परिचय र तस्वीरसमेत पठाउनुहुन अनुरोध छ । लेखरचना तथा प्रतिक्रियाका लागि**

**: abhiyaanoped@gmail.com**

# लगानी संरक्षित गर्ने गरी विद्युत् विधेयक पारित हुनुपर्नेमा जोड

काठमाडौं (अस) । हाल छलफलमा रहेको विद्युत् विधेयक, २०८० माथि निजीक्षेत्रको आपत्ति रहेको परिप्रेक्ष्यमा प्रतिनिधिसभाको पूर्वाधार विकास समितिका सभापति दिपकबहादुर सिंहले सो विधेयक लगानीमैत्री र लगानीकर्ताको हित संरक्षण गर्ने गरी पारित हुने बताएका छन् ।

नेपाल पूर्वाधार पत्रकार समाजले बुधवार काठमाडौंमा आयोजना गरेको प्रस्तावित विधेयक र लगानी संरक्षण विषयक अन्तरक्रियामा उनले विधेयक स्वदेशी ऊर्जा उत्पादक र ६० लाखभन्दा बढी लगानीकर्ताको संरक्षणमा केन्द्रित हुने पनि बताए ।

निजीक्षेत्रको सल्लाह लिएर नै विधेयक पारित हुने उनले प्रतिबद्धता व्यक्त गरे । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इप्पानका अध्यक्ष गणेश कार्कीले सरकारले ल्याएको नीतिअनुसार १० वर्षभित्र २८ हजार ५०० मेगावाट बिजुली उत्पादन गर्न ६२ खर्ब रुपैयाँ लगानी आवश्यक पर्ने भने पनि यो विधेयकले त्यसलाई प्रोत्साहित नगरेको बताए । कार्यक्रममा उनले सो विधेयक जस्ताको तस्तै पारित भए धेरै समस्या हुने उल्लेख गरे ।

विदेशीका साथै स्वदेशी लगानीकर्तालाई पनि उत्तिकै ध्यान दिन आवश्यक भएको उनको भनाइ छ । अहिले ऊर्जामा ६५ लाख नेपालीले लगानी गरेको भन्दै कार्कीले थपे, '२८ हजार मेगावाट बनाउँदा लगानीकर्ता १ करोडभन्दा बढी पुग्नेछन् ।' उनका अनुसार लाइसेन्सको अवधिमा पनि निजीक्षेत्रको आपत्ति छ । पहिलाको ऐनमा यस्तो अवधि ५० वर्ष छ । अहिले प्रस्तावित विधेयकले यस्तो अवधिलाई ३५ वर्षमा झारेको छ ।

अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी) का प्रतिनिधि भीष्म पण्डितले विधेयक बनाउँदा दीर्घकालीन लक्ष्य राखिनुपर्नेमा जोड दिए । केही देशको बिजुलीसम्बन्धी प्रगतिको उदाहरण दिँदै उनले भारतमा २००३ मा आएर बिजुलीलाई वस्तुको रूपमा लिएर त्यहीअनुसार बजार खुला गरेको उल्लेख गरे । बिजुली उत्पादनका साथै बिक्री पनि उत्तिकै आवश्यक भएको उनको भनाइ छ ।

अहिले नेपाली बजारमा प्रसारण र वितरणमा नेपाल विद्युत् प्राधिकरणको एकाधिकार रहेको भन्दै उनले बजार निजीक्षेत्रका लागि पनि खुला गर्नुपर्नेमा जोड दिए । यस्तै विधेयकले जोखिम शेयरिङ विषयलाई पनि सम्बोधन गर्नुपर्ने उनको भनाइ छ ।

विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले विद्युत् विधेयकमा खुला पहुँचको विषय समावेश गर्न आवश्यक भएको बताए । बैंक, सर्वसाधारण र प्रोमोटरको लगानी सुरक्षित गर्न विभिन्न मोडेलमा नियमन आयोगले काम गर्ने तयारी गरेको उनको भनाइ छ ।

# लुम्बिनी र गण्डकी प्रदेश सरकारका २१ बुँदे साझा प्रतिबद्धता

गण्डकी । लुम्बिनी र गण्डकी प्रदेश सरकारले दुवै प्रदेशको रणनीतिक विकास र समृद्धिका लागि २१ बुँदे साझा प्रतिबद्धता व्यक्त गरेका छन् । लुम्बिनी प्रदेश सरकारको आयोजनामा पाल्पाको ऐतिहासिक एवं पर्यटकीय गन्तव्य रानीमहलमा बुधवार सम्पन्न अन्तरप्रदेशस्तरीय बैठकपछि साझा प्रतिबद्धता व्यक्त गरिएको हो ।

संविधानको धारा ५६, २३३, अनुसूची ६ र ९ मा उल्लेखित व्यवस्थाअनुसार लुम्बिनी र गण्डकी प्रदेशको समग्र विकासका सवाल, साझा सम्भावनाहरू संयुक्त रूपमा सम्बोधन गर्ने उद्देश्यले पहिलोपटक लुम्बिनी प्रदेश सरकारले बैठक आयोजना गरेको थियो ।

बैठकमा दुवै प्रदेशका विभिन्न विकास योजनालाई संयुक्तरूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ । दुई प्रदेशका बीचमा हवाई सेवा विस्तार एवं नियमित रूपमा सञ्चालन गर्न सरकारी तथा निजीक्षेत्रका हवाई सेवा प्रदायक कम्पनीमार्फत नेपालगञ्ज-जोमसोम र भैरहवा-जोमसोम हवाई सेवा विस्तार गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

अन्तरप्रदेश सडक सञ्जाल विस्तारका लागि लुम्बिनी-लोमान्थाङ (लुम्बिनी-मुक्तिनाथ) सिल्क रोड, लुम्बिनी-त्रिवेणी-दुम्कीबास सडक, गैंडाकोट-कालीगण्डकी कोरिडोर तथा अन्य सडक स्तरोन्नति तथा विस्तार गर्न प्राथमिकताका साथ कार्यान्वयन प्रक्रिया अगाडि बढाउने उल्लेख गरिएको छ ।

सिद्धार्थ राजमार्गको पोखरा-बुटवल खण्डलाई दुई लेनमा विस्तार गर्न, एकीकृत विकासको अवधारणा अनुरुप आर्थिक वृद्धिका सम्भावनाका क्षेत्र (भरतपुर-बुटवल-पोखरा) लाई समेटी संघीय सरकारबाट प्रस्तावित गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन गर्न संघीय सरकारलाई अनुरोध गर्ने भनिएको छ ।

प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सृजना हुने गरी आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने भनिएको छ । कृषि तथा पशुपन्छी उत्पादनलाई बजारसम्म पुर्‍याउन पूर्वाधार निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने र कालीगण्डकी कोरिडोरलाई आर्थिक केन्द्रको रूपमा विकास गर्दै हिमाली तथा पहाडी उत्पादनलाई तराई र सीमापार बजारसम्म पुर्‍याइने प्रतिबद्धतापत्रमा उल्लेख छ ।



दुवै प्रदेशमा उत्पादित कृषि तथा वनजन्य जडीबुटी प्रशोधन गर्न निजीक्षेत्रसँग सहकार्य गर्दै ब्याज अनुदान दिने नीति ल्याउने सहमति भएको छ । पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिँदै लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गका रूपमा विकास गरिने र गण्डकी प्रदेशले एकीकृत सूचना प्रणालीसहितको प्रविधि विकास गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

त्रिवेणी देवघाट, रुरुक्षेत्र, मुक्तिनाथलगायत धार्मिक क्षेत्रको विकासमा संयुक्त लगानी गरिने, गोरखा-तनहुँ-स्याङ्जा-पाल्पा-गुल्मी-प्युठान-रोल्पा मगर सांस्कृतिक पदमार्ग विस्तार गर्ने विषय साझा प्रतिबद्धतामा छन् ।

लुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम) को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन र गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण, मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रुपमा विकासका लागि दुबै प्रदेशले एकीकृत पर्यटनको विकास प्रवर्द्धनमा जोड दिने भनिएको छ ।

चितवन, बाँके, बर्दिया, मनास्लु, अन्नपूर्ण र ढोरपाटनलाई समेटेर पर्यटकीय सर्किट बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ । औद्योगिक क्षेत्र विस्तारका लागि मोतिपुर औद्योगिक क्षेत्र र लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजीक्षेत्रलाई सहजीकरण गर्ने सहमति गरिएको छ ।

खानी तथा खनिज उद्योग विस्तार गर्दै प्राकृतिक स्रोतजन्य उत्पादनको व्यवस्थापन र बजार सुनिश्चितता गरिनेछ । जलविद्युत् तथा ठूला बहुउद्देश्यीय आयोजना सञ्चालन गर्न आपसी समझदारी कायम गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

नदीजन्य पदार्थको कर प्रणालीमा एकरूपता ल्याइने, सार्वजनिक यातायात भाडादरलाई सम्भव भएसम्म एउटै बनाउने तथा दुर्घटना न्यूनीकरणका लागि गति नियन्त्रण, मादकपदार्थ सेवन जाँच, चालक प्रशिक्षणलगायत कार्यक्रम सञ्चालन गरिने भनिएको छ ।

रामपुर-चापाकोट एकीकृत शहरी विकास आयोजना कार्यान्वयन गर्न संघीय सरकारलाई सिफारिश गर्ने, ऐतिहासिक सम्पदाको प्रवर्द्धन गर्दै रानीमहल क्षेत्रमा जलाशयसहितको पर्यटकीय पूर्वाधार विकासमा दुवै सरकारले सहकार्य गर्ने उल्लेख छ ।

संयुक्त बैठकलाई निरन्तरता दिँदै आगामी बैठक गण्डकी प्रदेशमा आयोजना गरिने निर्णय गरिएको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए । उनले अन्तरप्रदेश साझा सरोकारको विषय सामूहिक एजेन्डा बन्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

सडक पूर्वाधार, हवाई यातायात, सुरक्षा, कृषि, पर्यटनलगायत साझा सरोकारका विषयलाई प्राथमिकमा राखेर अघि बढ्न जरुरी रहेको उनले बताए ।

सुनौली नाका हुँदै भित्रिने भारतीय पर्यटकलाई पोखरासम्म पुर्‍याउने बारेमा पनि साझा योजना आवश्यक पर्ने बताउँदै उनले सिद्धार्थ राजमार्गको विस्तार, बसाइँसराइका कारण पहाडहरु रित्तिन थालेको विषय दुई प्रदेशको साझा सरोकारभित्र पर्ने धारणा राखे ।

बैठकमा लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य, दुवै प्रदेशका अर्थ र पर्यटनमन्त्री, नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रमुख सचिव र सचिवहरू सहभागी थिए । *रासस*

## बर्खामा डुबेको खेतमा अझै आहाल

# २०० बिगाहामा लगाइएको धान खेतमै कुहियो

**अभियान संवाददाता**
वीरगञ्ज

बर्खाको पानी निकास नहुँदा वीरगञ्जमा २०० बिगाहा खेतको धानबाली नष्ट भएको छ । वीरगञ्जको वडा नं १७, २४, २५ र २६ का बासिन्दाले पानीको उचित निकास नहुँदा धान डुबानमा परेकाले पाकेको धानसमेत भित्र्याउन नपाएको भन्दै क्षतिपूर्ति माग गरेका छन् । स्थानीयले जिल्ला प्रशासन कार्यालयमा क्षतिपूर्ति माग गर्दै पत्र दर्ता गराएका हुन् ।

गत बर्खामा परेको पानी निकास नहुँदा खेत डुबानमा परेको थियो । पानीको निकास नभएकाले धान खेत डुबानमा परेको र धान पाके पनि काट्न नसकिएको सञ्चारकर्मी समेत रहेका स्थानीय बासिन्दा अनिल तिवारीले बताए ।

सरकारले पानीको निकासको उपाय निकाल्न नसक्दा स्थानीय किसानले क्षति बेहोर्नुपरेको गुनासो किसानको छ । स्थानीयले डुबानको निकास क्षतिपूर्तिको माग गर्दै पत्र दर्ता गराएको पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले आर्थिक अभियानलाई बताए ।

'हामीले आगामी बर्खामा डुबान नहुने गरी निकासको व्यवस्था मिलाउन पहल गरिरहेका छौं । यसका लागि स्थानीय र प्रदेश सरकारसँग पहल गर्छौं,' प्रमुख जिल्ला अधिकारी अर्यालले भने ।

डुबान प्रभावित वडाका श्रीसिया, सुगौली, आठराहा, बहुअरी र आलौको किसान प्रभावित भएका हुन् । उनीहरूले बितेको बर्खादेखि नै जनप्रतिनिधिसँग समस्याको समाधान गर्न माग गर्दै आए पनि निकास नपाएको गुनासो गरेका छन् ।

गत बर्खामा पानी निकासको विषयमा स्थानीयबीच विवाद समेत भएको थियो । त्यति बेलाको पानी अहिलेसम्म नसुकेको र अहिले गहुँ खेतीसमेत गर्न नपाएको किसानले बताएका छन् । अहिले पनि खेतमा पानी जमेको छ ।

खेतको चारैतिर सडक बने पनि पानी निकासका लागि नाला निर्माण गरिएको छैन । नालाको अभावमा डुबानको समस्या भएको स्थानीयले बताए । करीब एक किलोमिटर जति नाला निर्माण भएमा तत्कालका लागि पानीको निकास हुन सक्ने भए पनि सरोकारका निकायले चासो नदेखाएको स्थानीयको आरोप छ ।

आफूले १५ कट्ठा खेतमा लगाएको धान नष्ट भएको तिवारीले बताए । डुबानका कारण क्षति बेहोरेका किसानले क्षतिपूर्ति पाउनुपर्ने माग उनको छ । मंगलवार बसेको जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा यो विषयले प्रवेश पाएको छ । समितिका अध्यक्ष समेत रहेका प्रमुख जिल्ला अधिकारी अर्यालले पानी निकासका लागि सरोकारका पक्षसँग समन्वय गरी समाधान निकालिने बताएको बैठकमा सहभागी नेपाल पत्रकार महासंघ पर्साका सहसचिव एसके चौरसियाले बताए ।



त्यसअघि प्रमुख जिल्ला अधिकारी, पर्साका प्रहरी उपरीक्षक गौतम मिश्र, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाललगायत सुरक्षा अधिकारीले डुबान प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरेका थिए । यसैबीच संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्यले पनि स्थलगत अवलोकन गरी डुबान समस्याको तत्कालीन निकासका लागि पहल गर्ने आश्वासन दिएका छन् ।

Reliable Life INSURANCE LTD. ...Reliable Forever

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
**Reliable Nepal Life Insurance Limited**
प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०
Email: info@reliablelife.com.np, Website: www.reliablelife.com.np

**जग्गा खरिद सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/११/०१**

यस कम्पनीले तपशिल बमोजिमका स्थानहरुमा तपशिल बमोजिमका शर्तहरुको अधिन भित्र रही जग्गा वा सो मा बनेको भवन खरिद गर्नु पर्ने भएको हुनाले इच्छुक धनीहरुबाट यो बोलपत्र प्रकाशित भएको मितिले (३५) पैतिस दिन भित्र शिलबन्दी प्रस्ताव आव्हान गरिन्छ ।

**तपशिल**

१. काठमाण्डौ उपत्यका : ज्ञानेश्वर, डिल्लीबजार, पुतलिसडक, नक्साल, बानेश्वर लगायत चक्रपथ भित्रका उपयुक्त व्यवसायिक स्थानमा न्यूनतम १२ आना वा ३८२ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।
२. कोशी प्रदेश : बिर्तामोड, इटहरी, बिराटनगरमा न्यूनतम १ कठ्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।
३. मधेश प्रदेश : लहान, जनकपुर, बर्दिबासमा न्यूनतम १ कठ्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।
४. चितवन जिल्ला : न्यूनतम १ कठ्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।
५. लुम्बिनी प्रदेश : बुटवल, भैरहवा, नेपालगञ्ज, दाङमा न्यूनतम १ कठ्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।
६. गण्डकी प्रदेश : पोखरा, गैंडाकोटमा न्यूनतम १२ आना वा ३८२ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।
७. कर्णाली प्रदेश : बिरेन्द्रनगर बजारमा न्यूनतम १ कठ्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।
८. सुदुरपश्चिम प्रदेश : अत्तरीया, धनगढी, महेन्द्रनगरमा न्यूनतम १ कठ्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

**शर्तहरू :**

१. बिक्री गरिने जग्गाको (Minimum) क्षेत्रफल माथि उल्लेख गरिए बमोजिम हुने र जग्गाको मोहोडा कम्तिमा ४० फिट सडक संग जोडिएको वा मुख्य बजार क्षेत्र भन्दा ५०० मि. भित्र तराइको हकमा कम्तिमा २० फिट फराकिलो तथा उपत्यकाको हकमा कम्तिमा १२ फिट फराकिलो बाटो भएको हुनुपर्ने छ ।
२. बिक्री गरिने जग्गाको प्रति रोपनी/प्रति आना/प्रति कठ्ठा/धुर मुल्य स्पष्ट खुल्नेगरि अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, सो सम्बन्धमा कुनै बिवाद उठेमा अक्षरमा लेखिएको मुल्यलाई मान्यता दिइनेछ ।
३. प्रस्तावित जग्गाको ब्लु प्रिन्ट, ट्रेस नक्सा, फोटो सहीतको (Location Map)
४. प्रस्तावित जग्गाको प्रमाणित रुपमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी, जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, चालु आ.ब. को तिरो (मालपोत) तिरेको रसिदको प्रतिलिपी संलग्न हुनु पर्नेछ ।
५. संस्थागत जग्गाको हकमा जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी प्राप्त व्यक्तिको पहिचान तथा अख्तियारीनामा कागजात समेत पेश गर्नु पर्ने छ ।
६. प्रस्ताव पेश गर्दा खाममा "रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको लागि जग्गा बिक्री प्रस्ताव" उल्लेख गरी शिलबन्दी बोलपत्र म्याद भित्र कम्पनीको **केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौं** वा पोष्ट ब. नं. ६४३ मा पठाउनु पर्नेछ ।
७. उल्लेखित जग्गाको सम्बन्धमा कुनै प्रकारको विवाद, मुद्दा मामिला नरहेको, मोहियानी हक नरहेको बिक्री गर्ने व्यक्तिको जग्गा हदबन्दी भन्दा बढी नभएको र सोको स्वः घोषणा जग्गाधनीले पेश गर्नु पर्नेछ ।
८. बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, एवम् अन्य संस्थाको स्वामित्वमा रहेको जग्गालाई विशेष प्राथमिकता दिईनेछ ।
९. प्रस्तावित जग्गा खरिदको प्रकृया अगाडि बढाउने/नबढाउने, खरिद गर्ने/नगर्ने, सर्तमा सामान्य हेरफेर गर्ने नगर्ने सम्पूर्ण अधिकार कम्पनी सँग सुरक्षीत रहनेछ ।

**बाँकी पृष्ठ १ बाट ...**

**प्रशोधित खानेतेल ...**

तर, भारतको तेल खपत समुद्र जस्तो र आफूहरूका उद्योगले पठाएको तेलको परिमाण लोटा जस्तो मात्र भएकाले नेपालबाट निकासी हुने तेलले भारतको तेल उद्योगमा खासै असर नगर्ने हुँदा भारतीय प्रशोधन उद्योग चलाउनेहरू चिन्तित हुनुपर्ने स्थिति नभएको उनले बताए ।

'नेपालको उत्पादनले भारतको एउटा प्रान्तको पनि माग धान्न नसक्ने भएकाले नेपालको वनस्पति तेल भारत जाँदा त्यहाँको बजारमा खासै कुनै उथलपुथल हुँदैन,' राठी भन्छन्, 'यो समस्याको समाधान गरी नेपालका उद्योग बचाउन दुवै देशका सरकारबीच वार्ता हुनुपर्छ ।'

कोशी प्रदेशमा आठओटा वनस्पति तेल उद्योग छन् । तिनले आफ्नो उत्पादन नेपाल र भारतबीचको व्यापार सन्धि र दक्षिण एशियाली खुला व्यापार सन्धि (साफ्टा) अन्तर्गत शून्य भन्सार शुल्कमा भारत निकासी गर्दै आएका छन् । विराटनगर भन्सार कार्यालयबाट निकासी भएका वस्तुको सूचीमा पहिलो नम्बरमा वनस्पति तेल नै रहँदै आएको छ ।

भन्सार विभागका अनुसार चालू आर्थिक वर्ष (आव) को पहिलो ६ महीनामा प्रशोधित भटमासको तेल १८ अर्ब ९१ करोड रुपैयाँ बराबरको निर्यात भएको छ । जबकि अघिल्लो आव सोही अवधिमा ४१ करोड ५१ लाख रुपैयाँ बराबरको मात्र भटमासको तेल निर्यात भएको थियो । त्यसैगरी, प्रशोधित सूर्यमुखी तेलको निर्यात यो वर्ष ६ महीनामा ४ अर्ब ९८ करोड रुपैयाँ बराबरको भयो । गतवर्ष उक्त अवधिमा १४ करोड ८७ लाख रुपैयाँ बराबरको निकासी भएको थियो ।

विराटनगर भन्सार कार्यालयका अनुसार पुसमा निकासी भएको वस्तुमा पहिलो नम्बरमा भटमासको तेल छ । पुसमा ३ अर्ब रुपैयाँ बराबरको १ करोड ४६ लाख केजी भटमासको तेल निकासी भएको छ । दोस्रो नम्बरमा रहेको सूर्यमुखी तेलको निकासी पुसमा १ अर्ब ६ करोड रुपैयाँ बराबरको १० लाख ८० हजार केजी छ ।

विराटनगर भन्सारको तथ्यांकअनुसार आव २०८०/८१ को ६ महीनामा भटमासको तेल १७ लाख ८८ हजार ७७० किलोग्राम निकासी भई ३८ करोड ४० लाख ७८ हजार रुपैयाँ प्राप्त भएको थियो । गतवर्ष भने सूर्यमूखी तेल निकासी भएको थिएन । चालू वर्षको ६ महीनामा भटमासको तेल २ करोड ७२ लाख ८४ हजार किलो निकासी भएको छ । यसको मूल्य ५ अर्ब ४२ करोड ६४ लख ४० हजार रुपैयाँ छ । सूर्यमुखी तेल १ अर्ब ३४ करोड ८ लाख १९ हजार रुपैयाँ मूल्यको २६ लाख ३७ हजार ४४९ किलोग्राम निकासी भएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

यसरी निर्यात बढेपछि भारतीय उद्योगीको चिन्ता बढको हो । नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष तथा बाबा भेजिटेबल आयल इन्डस्ट्रिजका सञ्चालक प्रकाश मुन्दडाले साफ्टाअन्तर्गत प्राप्त भएको सुविधा नै कार्यान्वयन गरिनुपर्ने माग गर्दै साफ्टाअन्तर्गत सुविधा नपाउने अवस्था आएमा कोटा प्रणालीमार्फत भारत निकासी सहज गरिनुपर्ने बताए ।

नेपाल वनस्पति घिउ तेल उत्पादक संघका केन्द्रीय सदस्य विपिन काबराले भारत सरकारले साफ्टा सुविधा प्रयोग गर्दै नेपालमा सयौं उत्पादन पठाइरहेको र आफूहरूले उत्पादन गरेको वनस्पति तेल पठाउँदा आपत्ति प्रकट गर्न नहुने उल्लेख गरे । साफ्टा सुविधा दुवै मुलुकले प्रयोग गर्ने भएकाले नेपालमा उत्पादित वनस्पति तेलको निर्वाध निकासी हुनुपर्ने बताए । नेपाल-भारत व्यापार सन्धिको मर्म हेर्ने हो भने पनि नेपाली उत्पादनलाई भारतीय बजारमा निर्वाध प्रवेश दिइनुपर्ने उनले बताए । भारतको माग र आपूर्ति शृंखलामा नेपालले गर्ने योगदान नगन्य रहेकाले त्यहाँको बजारमा नेपालको प्रभुत्व रहेको भन्नु आफैमा हास्यास्पद हुने उनले बताए ।

मोरङ व्यापार संघका अध्यक्ष अनुपम राठीले सरकारले उद्योग पनि चल्न दिने र निकासी पनि सुचारु हुने गरी पहल गर्नुपर्ने बताए । सरकार उद्योगलाई प्रोत्साहन गर्ने किसिमको नीतिमा अडिग रहनुपर्ने भन्दै राठीले थपे, 'नेपाल सरकार र भारत सरकारबीच यहाँका उद्योग पनि बाँच्ने र भारतीय बजारमा पनि समस्या नआउने गरी वार्ता गर्नुपर्छ ।'

**बजेट आएको ...**

त्यसले गर्दा पनि परियोजनाको भविष्य अझ अन्धकार बन्दै गयो,' अर्थका ती अधिकारीले भने ।

**दबाब दिँदै लुम्बिनी र गण्डकी प्रदेश सरकार**

बजेटमा राखिएको यो परियोजना अहिलेसम्म कार्यान्वयनमा नगएपछि प्रदेश सरकारहरू भने झस्किएका छन् । जसरी भए पनि यो परियोजना कार्यान्वयन गर्नुपर्ने भन्दै लुम्बिनी र गण्डकी प्रदेश सरकारले दबाब दिने भएका छन् ।

उनीहरूबीच संघीय सरकारले अघि सारेको भरतपुर-बुटवल-पोखरा क्षेत्रलाई समेट्ने गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयनको पहलका लागि साझा सहमति जुटेको छ ।

हालै लुम्बिनी र गण्डकी प्रदेश सरकारबीच पहिलोपटक पाल्पाको ऐतिहासिक दरबार रानीमहलमा संयुक्त बैठक बसेको थियो । 'संघीय सरकारले चालू आर्थिक वर्षको बजेट वक्तव्यमार्फत अघि सारेको गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन हुनुपर्नेमा एकमत भयौं,' लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको भनाइ उद्धृत गर्दै मुख्यमन्त्रीको सचिवालय स्रोतले भन्यो ।

**अधिकांश बैंकको ...**

यी दुवैले व्यक्तिगत मुद्दती निक्षेपमा समान दर अर्थात् अधिकतम ६ दशमलव ६ प्रतिशत ब्याजदरलाई निरन्तरता दिएका हुन् । एन.आई.सी. एशियाले निर्धारण गरेको ६ दशमलव ६ प्रतिशतको अधिकतम ब्याजदर ५ वर्षभन्दा बढी समयका लागि मुद्दती निक्षेपमा रकम जम्मा गरेको खण्डमा प्राप्त हुनेछ ।

२० वाणिज्य बैंकमध्ये नेपाल एसबिआई बैंकको व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर सबैभन्दा कम छ । यो बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम ५ दशमलव ५० प्रतिशत ब्याजदर कायम गरेको छ ।

बैंकले कायम गरेको अधिकतम यो ब्याजदर ३ वर्षभन्दा बढी अवधिको व्यक्तिगत मुद्दती निक्षेपमा मात्र लागू हुनेछ ।

यी बैंकहरूले संस्थागत मुद्दती निक्षेपमा भने व्यक्तिगत मुद्दती निक्षेपको भन्दा १ प्रतिशत बिन्दु कम अधिकतम ब्याजदर तय गरेका छन् ।

**२८ किलोमीटर ...**

यो राजमार्ग बगरैबगर बनेको हुँदा साविकको डिजाइन परिवर्तन गरेर स्कोर डेप्थ प्रणाली अपनाउने गरी डीपीआर तयार गरिएको उनको भनाइ छ । 'खोला र सडकको सतह जुन छ, त्यसको मुनिबाट (स्थान हेरेर २ मीटर/४ मीटर) पर्खाल उठाइनेछ । यो पर्खाल आरसीसी वा मेशिनरी पनि हुनेछ ।' उनका अनुसार नेपालीले नै उक्त सडक बनाउनेछन् । डीपीआरअनुसार कालोपत्रे सडक निर्माण तयार गर्न करीब ३ वर्ष लाग्नेछ ।

अहिले उक्त राजमार्ग भएर सवारीसाधन आतेजाते गर्न खासै समस्या नभए पनि वर्षायाममा समस्या हुने देखिएको छ । अहिले सडक र बगरको उचाइ समान छ । अहिले उक्त सडकलाई उपयुक्त उचाइमा ल्याउने काम भइरहेको छ । खोलाले असर गर्ने स्थानमा भने तारजाली लगाइनेछ ।

पूर्वसचिव अर्जुनजंग थापाका अनुसार कोरोना महामारीअघि नै यो सबै राजमार्गलाई २ लेन बनाउने योजना अघि सारिएको थियो । 'त्यो बेला जापान सरकारले प्राविधिक सहयोग गर्छौं भनेको थियो, त्यो बेला जापानले ठूला टेवा पर्खाल भएका स्थानलाई छाडेर सहज हुने सडक खण्डलाई २ लेनमा विस्तार गर्न भनेको थियो,' थापाले भने, 'कोरोनापछि उक्त काम रोकियो । अहिले २ लेनसम्म बनाउने अवसर आएको छ ।' राजमार्गको पहिलो खण्ड बर्दिबासदेखि सिन्धुली, दोस्रो खण्ड सिन्धुली-खुर्कोट, तेस्रो खण्ड खुर्कोटदेखि नेपालथोक र चौथो खण्ड नेपालथोकदेखि धुलिखेल पर्छ । जापानले त्यो बेला उक्त सडक बनाउँदा प्रतिकिलोमीटर २५ करोड रुपैयाँ लगानी गरेको थियो ।

# वैदेशिक रोजगारीमा रहेका नेपालीमा नेपाल माइक्रो इन्स्योरेन्सको आईपीओ बाँडफाँट

## फागुन ११ गतेदेखि सर्वसाधारणका लागि जारी गर्दै

काठमाडौं (अस) । नेपाल माइक्रो इन्स्योरेन्सले पहिलो चरणमा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि आईपीओ निष्कासन तथा बाँडफाँट गरी दोस्रो चरणमा सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्न लागेको छ । कम्पनीले माघ ८ गतेदेखि २२ गतेसम्म वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि २ लाख २५ हजार कित्ता आईपीओ निष्कासन गरी माघ २९ गते बाँडफाँट गरेको हो ।

पहिलो चरणको आईपीओ बाँडफाँट सम्पन्न भएसँगै कम्पनीले फागुन ११ गतेदेखि आम सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्न लागेको हो ।

कम्पनीले आफ्नो जारी पूँजी ७५ करोड रुपैयाँको ३० प्रतिशतले हुन आउने २२ करोड ५० लाख रुपैयाँ बराबरको २२ लाख ५० हजार कित्ता आईपीओ निष्कासनका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको हो । कुल कित्ता आईपीओमध्ये १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीमा बाँडफाँटपश्चात् कम्पनीका कर्मचारीहरूका लागि ६७ हजार ५०० कित्ता र सामूहिक लगानी कोषहरूलाई समेत १ लाख १२ हजार ५०० कित्ता शेयर बाँडफाँट गरिसकिएको जानकारी कम्पनीले दिएको छ । यी बाहेक बाँकी रहेको १८ करोड ४५ लाख रुपैयाँ बराबरको १८ लाख ४५ हजार कित्ता शेयर भने सार्वजनिक निष्कासनमा ल्याउन लागिएको हो ।

यो आईपीओ फागुन १५ गतेसम्म विक्रीमा रहनेछ । फागुन १५ गतेसम्म माग बमोजिम आवेदन प्राप्त नभएमा भने फागुन २५ गतेसम्म विक्री लम्बिने जानकारी कम्पनीले दिएको छ । पछिल्लो समय आईपीओमा पहिलो दिनमै मागभन्दा बढी आवेदन पर्दै आएको अवस्थामा यो कम्पनीको आईपीओ पनि फागुन १५ गतेसम्म मात्र निष्कासनमा रहने देखिन्छ ।

लगानीकर्ताहरूले न्यूनतम १० कित्तादेखि अधिकतम १ लाख कित्तासम्म खरीद माग गर्दै आवेदन दिन सक्नेछन् । कम्पनीको आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटल लिमिटेड रहेको छ । विक्री प्रबन्धकसँगै लगानीकर्ताहरूले कम्पनीको आईपीओ खरीदका लागि नेपाल धितोपत्र बोर्डबाट आस्बा सेवाका लागि स्वीकृति प्राप्त सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरूबाट आवेदन दिन सक्नेछन् । साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर 'मेरो शेयर' अनलाइन प्रयोग गरी समेत कम्पनीको आईपीओ खरीद गर्न सकिने व्यवस्था छ ।

## लाभांश प्रस्ताव सहित आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सले बोलायो साधारणसभा

काठमाडौं (अस) । आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडले फागुन २५ गते २७औं वार्षिक साधारणसभा बोलाएको छ । माघ २९ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले प्रस्तावित लाभांशसहित अन्य विविध प्रस्ताव पारितका लागि सभा गर्ने निर्णय गरेको हो । सभा काठमाडौंको नक्सालस्थित आम्रपालि ब्याङ्क्वेटमा बिहान १० बजेबाट शुरू हुनेछ ।

यस वर्ष कम्पनीले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट हाल कायम चुक्तापूँजी ३ अर्ब २ करोड ९३ लाख ३४ हजार रुपैयाँको आधारमा करसमेत ९ दशमलव ७४ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । उक्त प्रस्तावलाई सभाले अन्तिम स्वीकृति प्रदान गर्दै गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ ।


साथै कम्पनीको प्रबन्धपत्र तथा नियमावली अभिलेख गर्ने र नियामक निकायबाट कुनै फेरबदलको निर्देशन भएमा त्यसको जिम्मेवारी सञ्चालक समितिले पूरा गर्ने गरी अख्तियारी प्रदान गर्ने विषय पनि सभाले टुंग्याउनेछ ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले फागुन १२ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको अघिल्लो कारोबार दिनसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन् ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले उपभोग गरेको ऋण कर्जाको बुझाउनु पर्ने साँवा व्याज लगायत अन्य दैदस्तुर नबुझाई बाँकी राख्नु भएको र पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कजा भक्तानी तर्फ कुनै चासो नदेखाईकाले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखि सम्झौता बमोजिम संस्थालाई तिर्न बुझाउन बाँकी साँवा व्याज सहित सम्पूर्ण बक्यौता रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, कर्जाको धितो सुरक्षण लेखाई दिनु हुने धनी जमानीकर्ताहरु लगायत सम्बद्ध सबैमा यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

| क्र.स. | ऋणीको नाम/विवरण | फोटो | ब्यक्तिगत धनजमानी दिने | धितो विवरण |
|---|---|---|---|---|
| १ | **ऋणीको नाम: राजु घिमिरे**<br>बाबुको नाम: देवी प्रसाद घिमिरे<br>बाजेको नाम: वाणी विलास घिमिरे<br>स्थायी ठेगाना: सर्लाही ८, घुर्कौली<br>कर्जा शिर्षक: व्यवसायिक |  | **नाम: सन्तोष घिमिरे**<br>बावुको नाम: देवि प्रसाद घिमिरे<br>बाजेको नाम: वणिविलास घिमिरे<br>स्थायी ठेगाना: सर्लाहि, ८ घुर्कौली | मञ्जुरीनामा दिने निज ऋणीको आमाको नाममा मालपोत कार्यालय सर्लाहि जिल्ला घुर्कौली गाविस ६/ठ को कित्ता नं. ४०२ को क्षेत्रफल १७० ब.मि जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |
| २ | **ऋणीको नाम: श्री जेनि लामा**<br>बावुको नाम: कृष्ण बहादुर लामा<br>बाजेको नाम: रण ध्वज लामा<br>स्थायी ठेगाना: खरेलथोक ३, काभ्रे |  | **नाम: राजु घिमिरे**<br>बाबुको नाम: देवी प्रसाद घिमिरे<br>बाजेको नाम: वाणीविलास घिमिरे<br>स्थायी ठेगाना: सर्लाही ८, घुर्कौली | |
| ३ | **ऋणीको नाम: लक्ष्मी थपलिया**<br>बाबुको नाम: भैरब बहादुर थपलिया<br>बाजेको नाम: भक्त बहादुर थपलिया<br>स्थायी ठेगाना: थानापति ६, नुवाकोट |  | **नाम: सन्तोष बर्तौला**<br>बाबुको नाम: केदारनाथ बर्तौला<br>बाजेको नाम: रमालाल बर्तौला<br>स्थायी ठेगाना: थाहा न.पा. ३, पालुङ, मकवानपुर | ऋणीको नाममा मालपोत कार्यालय मकवानपुरमा श्रेष्ता कायम रहेको जिल्ला मकवानपुर हाँडीखोला १ स्थित कित्ता नं. ८९८, ९३६, ९०४, ९०२, ९०३, ९३४ को जम्मा क्षेत्रफल १०८३.५२ ब.मी को जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत |
| ४ | **ऋणीको नाम: बिपिन दाहाल**<br>बाबुको नाम: हरि प्रसाद दाहाल<br>बाजेको नाम: लोकनाथ दाहाल<br>स्थायी ठेगाना: घुर्कौली ८, सर्लाही |  | **नाम: कविराज बम्जन**<br>बाबुको नाम: उत्तर धोज बम्जन<br>बाजेको नाम: जितमान बम्जन<br>स्थायी ठेगाना: साविक घुर्कौली ८, सर्लाही | मञ्जुरीनामा दिने ऋणीको बाबु को नाममा सर्लाही जिल्ला, घुर्कौली गाविस ८, स्थित कित्ता नं. ५९२ को क्षेत्रफल ५०७.९३ ब.मि जग्गाले चर्चेको सम्पुर्ण लिगलागापत समेत |

**ध्रुवतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
ललितपुर ३ पुल्चोक, फोन नं. ०१५४०९४८८



कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम कारोवार गर्ने

## नेपाल फाईनान्स लिमिटेड
## Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"
केन्द्रिय कार्यालय : काठमाडौं-२८, कमलादी, फोन नं. : ०१-४५४५८८५, ४५४५८८६
E-mail : info@nepalfinance.com.np, Website: www.nepalfinance.com.np

को

### हकप्रद संस्थापक शेयर लिलाम बिक्रीको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति २०८१/११/०१**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/१२/०८**

**बोलपत्रद्वारा बिक्री गरिने धितोपत्रको विवरण:**
**संस्थापक शेयर : १०,५०,३७१.१८७ कित्ता**

श्री नेपाल फाईनान्स लिमिटेडको हकप्रद शेयरको बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक र सर्वसाधारण शेयर बाँडफाँड भई बाँकि रहेको माथि उल्लेखित बमोजिमको शेयरहरु प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकका निर्देशनहरु तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न नेपाल फाईनान्स लिमिटेडको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक व्यक्ति, कम्पनी, संस्थाहरुले यो सूचनामा उल्लेखित अवधिभित्र देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

तपसिल

| सि.नं | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान संकलन केन्द्रहरु : |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं । |
| २. | नेपाल फाईनान्स लिमिटेडको केन्द्रिय कार्यालय कमलादी, बनेपा, माछापुच्छ्रे, लगनखेल र तिलोत्तमा शाखा कार्यालयहरु । |
| ३. | प्रभु बैंक लिमिटेडको विराटनगर, विरगंज, पोखरा, नेपालगंज, सुर्खेत र धनगढी शाखा कार्यालयहरु । |

**शर्तहरु:**

१. बोलपत्र आवेदन फाराम रु. १००/- नगद भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरबाट प्राप्त गर्न सकिनेछ ।
२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. १००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ ।
३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको मुल्य रकम नबुझिने भएमा जम्मा गरेको रकमलाई आधार मानिने छ ।
४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
५. बोलपत्र दाताले बोलपत्र पेश गर्दा संस्थापक शेयरको लागि न्यूनतम १००० कित्ता वा सो भन्दा बढि १० अंकले भाग जानेगरी अधिकतम सम्पूर्ण कित्ताका लागि आवेदन दिन सकिने छ । तर शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सिमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ ।
६. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम श्री प्रभु क्यापिटल लि. को नाममा श्री प्रभु बैंक लिमिटेडको कमलादी, काठमाण्डौंमा तथा नेपाल फाईनान्स लिमिटेड कमलादी, काठमाण्डौंमा नगद जम्मा गरी सो को सक्कल भौचर संलग्न गरी वा श्री **प्रभु क्यापिटल लि. को नाममा खिचिएको Good for Payment Cheque** वा **Manager's Cheque** वा **Connect IPS** बाट उक्त खातामा नगद जम्मा गरि सोको निस्सा संलग्न गरी बोलपत्र पेश गर्नुपर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ । साथै **Good for Payment** गर्दा लाग्ने शुल्क तथा रु. २ लाख भन्दा बढी रकम **Good for Payment Cheque** जम्मा गर्नेको हकमा **Cheque Clearing** शुल्क बापतको रकम आवेदक स्वयले व्यहोर्नु पर्नेछ ।

| सि.नं. | खाता रहेको बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | प्रभु बैंक लिमिटेड,कमलादी, काठमाण्डौं | प्रभु क्यापिटल लिमिटेड | ११११००६३१८१६००१२३ |
| २. | नेपाल फाईनान्स लिमिटेड, कमलादी | प्रभु क्यापिटल लिमिटेड | ००१००१००००३३०२००००१ |

७. बाँडफाँडमा परेका आवेदकहरुलाई आवेदककै हितग्राही खातामा शेयर नामसारी गरिने हुँदा आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
८. संस्थापक समूहको हकमा समान मूल्य बोलकबोल भएमा पहिलो प्राथमिकता बिद्यमान संस्थापकहरुलाई दिइने छ र सोही अनुसार बाँडफाँड गरिनेछ साथै आवेदन दिंदा नेपाल राष्ट्र बैंकले संस्थापक हुन तोकेको सम्पूर्ण प्रकृया पुरा भएको अनुसूचि ३, (Fit and Proper Test), कर चुक्ताको प्रमाणपत्र, कर्जा सूचना केन्द्रबाट कालोसूचिमा नरहेको बिबरण, नागरकिताको प्रमाणपत्र, प्रहरी चारीत्रिक प्रमाणपत्र, आम्दानीको स्रोत तथा अन्य आबश्यक कागजातहरु पेश गर्नुपर्नेछ । फाईनान्स कम्पनीको संस्थापक बाहेकका व्यक्तिले संस्थापक समूहको शेयर खरिद गर्न आवेदन दिई बाँडफाँड भई यदि नियमनकारी निकायको स्वीकृति लिनुपर्ने भएमा स्वीकृति लिए पश्चात मात्र बाँडफाँड शेयरलाई सदर गरिनेछ ।
९. बोलपत्र आवेदन पेश गर्दा लाहा छाप लगाई शिलबन्दी खाम बाहिर **"नेपाल फाईनान्स लिमिटेडको शेयर खरीद आवेदन–संस्थापक समूह"** उल्लेख भएको हुनुपर्नेछ ।
१०. बोलपत्र मिति २०८१/११/०८ गते कार्यालय समयभित्र तोकिएको संकलन केन्द्रहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रित नपुगेका आवेदनहरु उपर कारबाही गरिने छैन ।
११. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।
१२. बोलपत्र सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्रि प्रबन्धकको कार्यालयमा संकलन भएपश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरि राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरि जानकारी गराए पश्चात् खोलिने छ ।
१३. बोलपत्रदाताले कुनै शर्त राखि पेश गरेको बा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन ।
१४. रितपूर्वक प्राप्त बोलपत्रहरु मध्ये सबै भन्दा बढि बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिने छ । यस बाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढि रकम कबोल गर्नेलाई क्रमश बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मुल्यमा दुई बा दुई भन्दा बढि बोलपत्र आबेदनहरु पर्नगई बिक्री हुन बाँकि शेयर संख्या भन्दा बढिको माग भएमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिने छ ।
१५. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको जम्मा भएको रकम बाँडफाँडमा नपरेको आवेदकहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ को व्यवस्था बमोजिम फिर्ता भुक्तान गरिनेछ । साथै सो रकममा कुनै किसिमको व्याज प्रदान नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।
१६. कथंकदाचित् शेयर खरीदको लागि कुनै पनि बोलपत्र पेश हुन नआएमा वा बिक्री गरिने सम्पूर्ण शेयरका लागि बोलपत्र पेश हुन नआएमा वा आंशिकरुपमा बोलपत्र पेश भई बाँकी रहन जाने भएमा नेपाल फाईनान्स लिमिटेडको संचालक समितिको निर्णय बमोजिम हुनेछ । शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने सम्पूर्ण अधिकार नेपाल फाईनान्स लिमिटेडको संचालक समितिमा निहित रहने छ । साथै बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार नेपाल फाइनान्स लिमिटेडको संचालक समितिमा रहनेछ ।
१७. बाँडफाँडमा परेको/नपरेको जानकारी नेपाल फाईनान्स लि. तथा प्रभु क्यापिटल लिमिटेडको सूचना पाटी तथा वेबसाइट www.nepalfinance.com.np/www.prabhucapital.com मा उपलब्ध गराईनेछ ।

बिक्री प्रबन्धक
**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६५१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Limited)



## समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
## Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

Microfinance
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
**केन्द्रीय कार्यालय:** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००
इमेल: samata@samata.org.np, वेबसाइट: www.samata.org.np

### एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१५ गते**
**दोस्रो पटक प्रकाशित मिति : २०८१/११/०१ गते**

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८१/१०/१० गते बिहिवारको दिन बसेको सञ्चालक समितिको १७०औ बैंठकको निर्णयानुसार यस वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**
**मिति : २०८१/११/११ गते आईतवार (तदनुसार २०२५ फेब्रुअरी २३)**
**समय : बिहान ११:३० बजे,**
**स्थान : मिराबेल रिसार्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक**

**छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/०८२ को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (हालको बाह्य लेखापरीक्षक एस एण्ड एस एसोसियट्स पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ)
४. आर्थिक बर्ष २०८१/०८२ को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।
५. वित्तीय संस्थाको सञ्चालक समितिमा १ जना महिला सञ्चालक सहित जम्मा ६ जना सञ्चालकहरु मध्ये संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने । (निर्वाचन कार्यक्रम तालिका संस्थाको केन्द्रीय कार्यालयको सूचनापाटी तथा संस्थाको वेवसाइटमा राखिनेछ । यस सम्बन्धमा थप जानकारी आवश्यक भए संस्थाको कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ (९७६७२२९१५२) लाई कार्यालय समयभित्र सम्पर्क गर्न सक्नुहुनेछ) ।
६. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- को ०.२६३१५७९० प्रतिशतले हुन आउने रकम (कर प्रयोजनको लागि) रु. १५,७६,५७०.३७ (अक्षरेपी पन्ध्र लाख छेहत्तर हजार पाँच सय सत्तरी दशमलव तिन सात मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ सम्मको वितरणयोग्य मुनाफाबाट हाल कायम कुल चुक्ता पूँजी रु. ५९,९०,९६,७२८/- को ५ प्रतिशतले हुन आउने रकम रु. २,९९,५४,८३६.४२ (अक्षरेपी दुई करोड उनान्सय लाख चौवन्न हजार आठ सय छत्तिस दशमलव चार दुई मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।
२. वित्तीय संस्थाले कारोवार संचालन गरेको दश वर्ष पुगेको संस्थापक शेयरधनीहरुको संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति प्राप्त भए बमोजिम संस्थापक शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्ने तथा परिवर्तन पश्चात् कायम हुने शेयर पुँजी संरचना अनुपात संशोधन प्रस्ताव पारित गर्ने ।
३. संचालक समितिका अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधा सम्बन्धमा संस्थाको नियमावलीमा संशोधन तथा थप गर्ने प्रस्ताव पारित गर्ने ।
४. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४ र ५ मा वित्तीय संस्थाको उद्देश्य र उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने ।
५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ग. विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी :**

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको बिहान १०:३० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ ।
२. वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांस प्रयोजनको शेयर लागि संस्थाको शेयर दाखिला खारेजको काम मिति २०८१/१०/२४ गते बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि.मा मिति २०८१/१०/२४ गते भन्दा अघिल्लो दिनसम्म कारोवार भई संस्थाको शेयरधनी दर्ता किताव कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर नगद लाभांस पाउन योग्य हुनेछन् ।
३. शेयरधनी महानुभावहरुको सुविधालाई ध्यानमा राखि वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकबाट वा वित्तीय संस्थाको वेबसाइट www.samata.org.np बाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनरोध छ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्बन्धित समुह कै शेयरधनीको नाममा प्रतिनिधी पत्र (प्रोक्सी फाराम) भरी केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकमा सभा शुरू हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधी नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्वन्धित समुहको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधी (प्रोक्सी) नियुक्त गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा यस अघि दिइएको प्रोक्सी स्वत: बदर हुनेछ ।
५. प्रतिनिधी मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधी एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधी मुकर्रर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
६. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकर्रर गरिएको प्रतिनिधि स्वत: बदर हुनेछ । प्रतिनिधि मुकर्रर गरिएको शेयरको प्रोक्सी नियुक्त बदर गरिपाऊँ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकर्रर गरिएको प्रतिनिधि स्वत: बदर हुनेछ, पछिल्लो प्रतिनिधि कायम हुनेछ ।
७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।
८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१०. उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।
११. कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवदेन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयबाट उपलब्ध हुनेछ ।
१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकको फोन नं. ०११-५९७००० सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।



## तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
## M/s Taragaon Regency Hotels Ltd.

बौद्ध, काठमाडौं, नेपाल, फोन: ५१७१२३४, ४२१७१२३, फ्याक्स: ५१७८३३३

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६(१) सँग सम्बन्धित अनुसूची-१४ बमोजिमको आ.व. २०८१।०८२ को द्वितिय त्रैमासिक अवधिको प्रतिवेदन ।

१. **वित्तीय विवरण:**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण ।**
यस आ.व.२०८१।०८२ को द्वितिय त्रैमासिक अवधि १६ जुलाई २०२४ देखि ३१ डिसेम्वर २०२४ सम्मको वैधानिक लेखापरीक्षण हुनु पूर्वको अपरिष्कृत वित्तिय विवरण तथा गत आ.व. २०८०।०८१ को सोही अवधिको वैधानिक लेखापरीक्षण हुनु पूर्वको वित्तिय विवरणको तुलनात्मक वित्तिय विवरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

ख) **प्रमुख वित्तिय अनुपातहरु निम्नानुसार छन् :**

| विवरणहरु | आ.व २०८१।८२ को द्वितिय त्रैमासिक अवधि (लेखापरीक्षण नभएको) | आ.व २०८०।८१ को द्वितिय त्रैमासिक अवधि (लेखापरीक्षण नभएको) |
|---|---|---|
| प्रति शेयर आम्दानी । (नोक्सानी) | ९.५२ | ९.६३ |
| प्रति शेयर नेटवर्थ | १५६.४८ | १४५.६४ |
| P/E ratio | ११०.५१ | ९५.५७ |
| प्रति शेयर कुल सम्पतिको मुल्य | २२९.३१ | २१८.७६ |
| तरलता अनुपात | २.१५ | १.९८ |

२) **व्यवस्थापकीय विश्लेषण:**

क) आ.व. २०८१।०८२ को द्वितिय त्रैमासिक अवधि (२०८१ कात्तिक, मंसिर र पौष) मा यस होटलमा पर्यटकीय व्यवसायिक गतिविधि तथा क्रियाकलापहरु सुधारात्मक देखिएको छ । अध्यागमन विभागले प्रकाशित गरेको तथ्यांक अनुसार अक्टोबर महिनामा २,८८,४१०.००, नोवेम्बर महिनामा २,२५,३४२.०० र डिसेम्वर महिनामा २,०५,३९३.०० जना गरी कुल ७,१९,१४५ जना पर्यटकहरु हवाई मार्गबाट नेपाल भित्रिएका थिए । उपलब्ध तथ्यांक अनुसार गत वर्षको सोही समिक्षा अवधिमा जम्मा ६,६५,२९३.०० जना पर्यटकहरु नेपाल भित्रिएका थिए । यो तथ्यांक र यस वर्षको सोही समिक्षा अवधिमा देश भित्रिएका पर्यटकको संख्या तुलना गर्दा यस वर्ष पर्यटकहरुको संख्या ८ प्रतिशतले वृद्धि भएको देखिन्छ । पर्यटकहरुको संख्यामा वृद्धि भए सँगै यस होटलको पनि द्वितिय त्रैमासिक अवधिमा अक्युपेन्सि दर अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको देखिन्छ । यसैगरी, आगामी दिनहरुमा नेपालको पर्यटकीय क्षेत्रमा सुधार आउँदै गए, यस होटलको व्यवसायमा आउँदो त्रैमासिक अवधिमा पनि थप सुधार आउने देखिन्छ ।

(ख) गत आ.व. २०८०।०८१ को द्वितिय त्रैमासिक समिक्षा अवधिमा कुल आम्दानी रु. ७१. ४२ करोड, कर्मचारी बोनस, ऋण र कर अघिको खुद नाफा रु. २६.५२ करोड रहेकोमा, यस आ.व. २०८१।०८२ को द्वितिय त्रैमासिक समिक्षा अवधिमा होटलको व्यवसायमा उल्लेख्य वृद्धि भएको हुँदा समिक्षा अवधिमा कुल आम्दानी रु. ५.९२ करोडले बढेर रु. ७७.३४ करोड पुगेको र कर पछिको खुद नाफा रु. १८.६८ करोड रहेको छ ।

ग) नेपालको सुधारोन्मुख राजनीतिक तथा पर्यटकीय आगमन बृद्धि हुनुको साथै पर्यटक क्षेत्रमा पनि तारे होटलहरूको सङ्ख्यामा भएको बृद्धिले गर्दा व्यवसायिक प्रतिस्पर्धा सिर्जना भएको देखिन्छ । हालको अवस्थामा यस होटलले व्यवसायिक प्रतिस्पर्धामा आफूलाई सबल राखेको छ र आगामी अवधिको कडा व्यवसायिक प्रतिस्पर्धालाई सामना गर्न थप आवश्यक पूर्वाधारहरूको निर्माणमा होटल सक्रियतापूर्वक लागेको छ । यसैक्रममा, होटललाई यस वर्ष Renovation/Extention गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ ।

घ) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता, रणनीतिक कार्यक्षमता र व्यवस्थापकीय सुझबुझका साथ व्यावसायीक कार्यसम्पादन गर्ने कार्यदक्षताका कारण कम्पनीको मौज्दात, कार्यशील पूँजी र तरलताको अवस्था राम्रो अवस्थामा रहेका छन् ।

ङ) आर्थिक वर्ष २०८१।८२ को आगामी त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्दि गर्नका लागि अपनाउनुपर्ने सबै व्यवसायीक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटलको अक्युपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्वन गरी आम्दानी अभिबृद्दि गर्नेछ भने होटल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा सुक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरुको कुशलतापुर्वक संचालन जारी राख्नेछ ।

३) **कानूनी कारवाही सम्बन्धी विवरण:**

क) यस आ.व. २०८१।८२ को द्वितिय त्रैमासिक अवधिमा कम्पनीले कुनै विरुद्ध मुद्धा दायर गरेको छैन र कम्पनीको विरुद्धमा कुनै मुद्दा दायर भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।
ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन ।
ग) हालसम्म कम्पनीको संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) शेयर कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ । शेयर कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।
ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या निम्नानुसार रहेको छ ।

| विवरणहरु | आ.व २०८१।०८२ को द्वितिय त्रैमासिक | आ.व २०८०।०८१ को द्वितिय त्रैमासिक |
|---|---|---|
| अधिकतम मूल्य रु. | १,२८४ | ९७९.२० |
| न्यूनतम मूल्य रु. | १,०२९ | ६४० |
| अन्तिम मुल्य | १,०५२ | ९२० |
| कारोबार भएको कुल दिन | ५४ | ५१ |
| कुल कारोबार संख्या | ४,९९४ | ४,४८४ |
| कुल कारोबार शेयर संख्या | ७,००,६५८ | ६,९७,३३४ |

५) **समस्या तथा चुनौती:**

क) **समस्या तथा चुनौतीहरु:**

**(क.१) आन्तरिक समस्या:** यस कम्पनीमा आन्तरिक कुनै पनि समस्या रहेको छैन ।

**(क.२) बाह्य समस्या:**

- पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनितिक उतार चढाव तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी हुने यात्रा प्रतिकुलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभाव ।
- युवा जनशक्ति विदेश पलायन भईरहदा देश भित्र दक्ष कार्य शक्तीको अभाव भएको र होटललाई आवश्यक परेको समयमा कौशल कामदारहरु पाउन जटिल हुने ।
- पर्यटन व्यवसाय र मनोरञ्जन क्रियाकलाप अन्तरसमबन्धित रहेकोमा आधुनिक परिवेशमा आम युवाहरुले खोज्ने आधुनिक मनोरञ्जनका क्रियाकलायपहरु जस्तै सांगितिक कन्सर्ट, महोत्सव, इन्टरटेननमेन्ट सोहरु इत्यादी संचालन गर्न झेल्नुपर्ने कानुनी जटीलता ।
- बिलासिता कर लगाउनाले पाँचतारे होटलमा बस्दा ग्राहकहरुको खर्च बढ्ने भएकाले होटलमा स्थानिय तथा स्वदेशी ग्राहकको संख्या कम हुने ।
- देशमा नयाँ नयाँ पाँच तारे होटलहरु खुलेसँगै प्रतिस्पर्धा बढेको तर त्यसै अनुरुप गुणस्तरीय पर्यटक आगमनमा वृद्धि नहुनु,
- पर्यटन सम्बन्धि भौतिक पूर्वाधारहरुको विकास तथा स्तरोन्नती नहुनु, सर्वसुलभ यातायातको सुविधा नहुनु,
- विदेशी मुद्राको विनिमयमा भईरहने उताव चढाव,
- अप्रत्यासित रुपमा पर्यटन क्षेत्रमा हुने श्रम समस्याहरु जसको कारणले आन्तरिक तथा बाह्य पर्यटकमा पर्ने नकारात्मक प्रभाव,
- अप्रत्याशित रुपम घट्ने पर्यटक प्रतिकुलकताका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरु, प्राकृतिक तथा दैविक प्रकोपहरुको प्रभाव ।
- ८ नोभेम्बर (२३ कात्तिक) देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १० घण्टाका लागि बन्द हुँदा पाँचतारे होटल क्षेत्रमा पाहुनाको आगमन ढिलाइ, बुकिङ रद्द, आम्दानीमा गिरावट, र व्यवस्थापनमा थप चुनौतीका कारण होटल तथा पर्यटन व्यवसायमा नकारात्मक प्रभाव पर्न सक्छ ।

**(ख) रणनीती:**

- अतिथिहरुलाई प्रदान गरिएका सेवाहरु र अनुभवहरुको स्तरलाई स्तरोन्नति गर्न होटलका कोठाहरु तथा उपलब्ध गराईने सुविधाहरुमा समय अनुकुल सुधार ल्याउने जसका कारण स्वदेशी तथा विदेशी अतिथिहरुको नेपालमा रोजाइको होटल तारागाँउ रिजेन्सी होटल्स बनोस ।
- होटल परिसरमा कर्पोरेट सभा, सामाजिक, शैक्षिक तथा सांगितिक कार्यक्रमहरु संचालन गर्न थप आकर्षण बढाउने ।
- सम्भावित प्राकृतिक तथा दैविक प्रकोपहरुबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न विपद व्यवस्थापनलाई मध्यनजर गर्दै प्रतिकुल अवस्थामा पनि व्यवसायको निरन्तरताको लागि आवश्यक कार्यहरु गर्ने,
- होटलमा कार्यरत कर्मचारिहरुलाई अतिथिलाई उच्चस्तरीय सेवा प्रदान गराउन विभिन्त तालिमहरु आयोजना गर्ने,
- कम्पनीका सम्पूर्ण संयन्त्रहरुको समुचित सदुपयोग गरी होटल संचालन तथा व्यवस्थापन न्युनतम खर्चमा गर्दै स्वदेशी तथा विदेशी ग्राहकहरुलाई अन्तर्राष्ट्रियस्तर को गुणस्तरीय सेवा, सुविधाहरु उपलब्ध गराई लक्ष्य अनुसारको आम्दानी हासिल गर्न नयाँ बजार तथा गुणस्तरीय ग्राहकहरुको खोजी गर्ने,
- अन्य बाह्य समस्या तथा चुनौतीहरुलाई सामना गरि त्यसलाई अवसरको रुपमा लिई कम्पनीको हितमा प्रयोग गर्न उच्च व्यवस्थापन सदैव सक्रिय रहने,
- कम्पनीको व्यवसायलाई समय समयमा मुल्याङ्कन गरि व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार व्यवस्थापनमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने,
- ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय सेवाहरु प्रदान गर्दै, थप ताजगी तथा नयाँपन प्रदान गर्नको लागि होटलको आवश्यक मर्मत,सुधार तथा सम्भार, रंगरोगन आदि जारी राख्ने,

६) **संस्थागत सुशासन:**
यस कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा अनुपालन गरेको छ । साथै आन्तरिक नियन्त्रण तथा नियमन प्रणाली चुस्त राख्न, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप पारदर्शी र व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरिएको छ । कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाह्य लेखा प्रतिवेदन संचालक समिति समक्ष पेश गर्ने र संचालक समितिले आवश्यक निर्देशन दिने गर्दछ । कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानवाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन् ।

७) **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष । कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

अनुसूची-१

**Statement of Financial Position**

| Particulars | Unaudited As of 31-Dec-24 | Unaudited As of 30-Sep-24 | Unaudited As of 31-Dec-23 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets:** | | | |
| Property, Plant and Equipment | 1,757,621,763 | 1,757,877,211 | 1,716,222,556 |
| Right of Use | 36,997,619 | 37,496,169 | 38,911,458 |
| Intangible Assets | 1,255,842 | 502,089 | 800,951 |
| Work in Progress | 39,913,303 | 21,668,602 | 686,915 |
| **Total Non-Current Assets** | **1,835,788,527** | **1,817,544,071** | **1,756,621,880** |
| **Current Assets:** | | | |
| Inventories | 19,269,955 | 16,194,334 | 19,136,094 |
| Trade and Other Receivables | 208,183,701 | 199,982,511 | 206,325,325 |
| Advance & Deposit | 176,122,782 | 308,734,785 | 291,307,374 |
| Investment | 2,070,375,383 | 1,782,375,383 | 1,699,373,292 |
| Cash and Cash Equivalents | 189,619,747 | 298,856,482 | 154,472,944 |
| **Total Current Assets** | **2,663,571,568** | **2,606,143,495** | **2,370,615,029** |
| **Total Assets** | **4,499,360,095** | **4,423,687,566** | **4,127,236,909** |
| **Equity & Liabilities** | | | |
| **Equity:** | | | |
| Share Capital | 1,962,120,160 | 1,962,120,160 | 1,886,654,000 |
| Reserves | 1,108,227,774 | 965,255,288 | 861,050,982 |
| **Total Equity** | **3,070,347,934** | **2,927,375,448** | **2,747,704,982** |
| **Liabilities:** | | | |
| **Non Current Liabilities:** | | | |
| Employee Benefits | 69,228,475 | 66,349,605 | 62,077,630 |
| Deferred Tax Liabilities | 85,869,008 | 85,869,008 | 85,218,591 |
| Lease Liability | 45,039,073 | 45,071,377 | 44,765,822 |
| **Total Non-Current Liabilities** | **200,136,556** | **197,289,990** | **192,062,043** |
| **Current Liabilities** | | | |
| Unsecured Loans | 28,067,487 | 29,137,426 | 30,240,320 |
| Trade and Other Payables | 1,066,778,862 | 1,002,650,862 | 885,816,085 |
| Employee Benefit and Provisions | 134,029,256 | 267,233,840 | 271,413,479 |
| **Total Current Liabilities** | **1,228,875,605** | **1,299,022,128** | **1,187,469,884** |
| **Total Liabilities** | **1,429,012,161** | **1,496,312,118** | **1,379,531,927** |
| **Total Equity and Liabilities** | **4,499,360,095** | **4,423,687,566** | **4,127,236,909** |

**Statement of Profit & Loss Account**

| Particulars | Unaudited As of 31-Dec-24 | Unaudited As of 30-Sep-24 | Unaudited As of 31-Dec-23 |
|---|---|---|---|
| Revenue from Operations | 694,860,646 | 275,246,123 | 638,553,836 |
| Other Income | 78,551,140 | 25,419,905 | 75,658,291 |
| **Total Income** | **773,411,786** | **300,666,028** | **714,212,127** |
| Operational Expense and Other Costs of Operation | 363,945,036 | 162,044,742 | 331,818,852 |
| Administrative Overhead | 123,213,340 | 57,700,382 | 117,221,215 |
| **Profit Before Depreciation, Amortisation and Tax** | **286,253,410** | **80,920,904** | **265,172,060** |
| Depreciation and Amortization Expenses | 49,069,115 | 22,965,548 | 34,537,407 |
| **Profit Before Tax** | **237,184,295** | **57,955,356** | **230,634,653** |
| Current tax | 50,401,663 | 12,315,513 | 49,009,864 |
| **Profit After Tax** | **186,782,632** | **45,639,843** | **181,624,789** |

Note:If The Statutory audit or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly

# सामान्य बढ्यो नेप्से

**अभियान संवाददाता**

काठमाडौं

अघिल्लो कारोबार दिन ६ दशमलव ५४ अंक बढेको बजार बुधवार १ दशमलव ८६ अंक मात्रै बढेर बन्द भएको छ । यससँगै नेप्से परिसूचक २ हजार ६८५ दशमलव ७३ विन्दुमा कायम भएको छ ।

कारोबार रकम पनि अघिल्लो कारोबार दिनको तुलनामा बढेको छ । अघिल्लो कारोबार दिन रू. ७ अर्ब २४ करोड बराबरको कारोबार भएकोमा बुधवार बढेर रू. ८ अर्ब ७१ करोड पुगेको छ ।

कारोबारमा आएका धितोपत्रमध्ये गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको शेयर मूल्य सबैभन्दा बढी ९ दशमलव ९९ प्रतिशत वृद्धि भएको छ । शेयर मूल्य प्रतिकित्ता रू. ४४० दशमलव ६० पुगेको छ। दोस्रोमा रिभर फल्स पावर कम्पनीको शेयर मूल्य ८ दशमलव ०२ प्रतिशत बढेर रू. ९०२ कायम भएको छ।

बुधवार उपकार लघुवित्त वित्तीय संस्था र सुपर मादी हाइड्रोपावरको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशत घटेको हो । उपकार लघुवित्तको शेयर मूल्य रू. ४ हजार ६८० र सुपर मादी हाइड्रोपावरको शेयर मूल्य रू. १ हजार ११७ दशमलव २० मा झरेको छ ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टले ओगटेको छ । यस कम्पनीको रू. ३९ करोड ६० लाख बराबरको शेयर कारोबार भएको हो । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ४१९ कायम भएको छ ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये चार समूहको सूचक बढेको छ भने बाँकी सबै समूहको सूचक घटेको छ। तीमध्ये वित्त समूहको सूचक सबैभन्दा बढी १ दशमलव ५६ प्रतिशत वृद्धि भएको छ भने व्यापार समूहको सूचक सबैभन्दा बढी शून्य दशमलव ९१ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण बढ्यो**

बुधवार बजार पूँजीकरण रू. ३ अर्ब ९ करोडले बढ्दै रू. ४४ खर्ब ५८ अर्ब ५१ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ५५ अर्ब ४२ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४६ दशमलव ३५ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ४ अर्ब ४ करोड ५ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा विकास बैंक समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब २ करोड १० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ६ करोड ४१ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ५२ करोड ५८ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ५३ करोड ८२ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ। जसबाट बुधवारको बजारमा रू. ६० करोड ५० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | ४४०.६० | ९.९९ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ४,६८०.०० | -१०.०० |
| रिभर फल्स पावर लिमिटेड | ९०२.०० | ८.०२ | सुपर मादी हाइड्रोपावर लिमिटेड | १,११७.२० | -१०.०० |
| न्यादी हाइड्रोपावर लिमिटेड | ८६८.०० | ७.५९ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ४४५.०० | -८.६८ |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,६१०.०० | ७.४६ | एनएमबि फिफ्टी | १०.३९ | -७.९७ |
| भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ९१०.०० | ७.१८ | सन्राइज फोकस्ड इक्विटी फण्ड | ९.१२ | -७.०३ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ३९.६० | १,४१९.०० |
| सिईडिबि होल्डिङ्ग्स लिमिटेड | ३७.६७ | २,२३८.०० |
| रिभर फल्स पावर लिमिटेड | ३१.४९ | ९०२.०० |
| न्यादी हाइड्रोपावर लिमिटेड | ३०.०४ | ८६८.०० |
| सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | २०.३५ | १,३१८.०० |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ५३.८२ | ५२.५८ | १०६.४१ |
| ३४ | २८.८८ | ३१.६१ | ६०.५० |
| ४५ | २९.१३ | ३१.२५ | ६०.३९ |
| ४९ | २९.९४ | २४.४७ | ५४.४१ |
| ३३ | २४.३४ | २८.०० | ५२.३५ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | वित्त | २,७४४.३८ | १.५६ |
| २ | विकास बैंक | ५,८४७.२० | १.३३ |
| ३ | लगानी | १०६.७४ | १.२२ |
| ४ | जीवन बीमा | १३,०३८.६५ | ०.४८ |
| ५ | निर्जीवन बीमा | १२,९७७.७२ | -०.०३ |
| ६ | जलविद्युत् | ३,८३२.९१ | -०.०४ |
| ७ | बैंकिङ्ग | १,३४८.३२ | -०.०५ |
| ८ | म्युचुअल फण्ड | २०.२० | -०.०९ |
| ९ | लघुवित्त | ५,१२८.२१ | -०.११ |
| १० | उत्पादन तथा प्रशोधन | ७,००४.६५ | -०.३१ |
| ११ | अन्य | २,०९०.१४ | -०.४७ |
| १२ | होटल तथा पर्यटन | ६,६५३.५२ | -०.६३ |
| १३ | व्यापार | ४,२८७.९८ | -०.९१ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ४०४.०५ | ४६.३५ |
| २ | विकास बैंक | १०२.१० | ११.७१ |
| ३ | लगानी | ९६.३८ | ११.०६ |
| ४ | लघुवित्त | ५८.६६ | ६.७३ |
| ५ | वित्त | ५५.९७ | ६.४२ |
| ६ | अन्य | ३४.४८ | ३.९६ |
| ७ | बैंकिङ्ग | ३२.४२ | ३.७२ |
| ८ | जीवन बीमा | ३२.२४ | ३.७० |
| ९ | निर्जीवन बीमा | २०.९० | २.४० |
| १० | उत्पादन तथा प्रशोधन | १४.५० | १.६६ |
| ११ | संस्थापक शेयर | ९.१२ | १.०५ |
| १२ | होटल तथा पर्यटन | ८.०६ | ०.९३ |
| १३ | व्यापार | १.२३ | ०.१४ |
| १४ | म्युचुअल फण्ड | १.१८ | ०.१४ |
| १५ | ऋणपत्र | ०.४२ | ०.०५ |

# नेशनल लाइफ इन्स्योरेन्सको नाफा बढ्यो

काठमाडौं (अस) । नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले चालू आर्थिक वर्ष (आव)को दोस्रो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरण अनुसार कम्पनीको खुद नाफा गत आवको दोस्रो त्रैमासको तुलनामा चालू आवको सोही अवधिमा ९ दशमलव ४० प्रतिशत वृद्धि भएको छ । गत आवमा कम्पनीले रू. २५ करोड ५१ लाख नाफा कमाएकोमा चालू आवमा बढेर रू. २७ करोड ९१ लाख पुगेको हो ।

चालू आवमा कम्पनीको आम्दानीमा वृद्धि भएकाले नाफा बढ्न टेवा पुगेको हो । कम्पनीको कुल आम्दानी गत आवमा रू. ११ अर्ब ५८ करोड रहेकोमा चालू आवमा बढेर रू. १३ अर्ब ९ करोडभन्दा बढी पुगेको छ । त्यस्तै कम्पनीको खुद बीमाशुल्क गत आवमा रू. ८ अर्ब ३८ करोड रहेकोमा चालू आवमा बढेर रू. ९ अर्ब ४८ करोडभन्दा बढी पुगेको छ ।

कम्पनीको प्रतिशेयर आम्दानी सामान्य वृद्धि भएको छ । गत आवमा १० रुपैयाँ १८ पैसा रहेको कम्पनीको प्रतिशेयर आम्दानी चालू आवमा बढेर १० रुपैयाँ ७५ पैसा पुगेको छ। त्यस्तै कम्पनीको जीवन बीमा कोषमा रू. ७७ अर्ब ९५ करोडभन्दा बढी रहेको छ ।

चुक्तापूँजी रू. ५ अर्ब २१ करोड रहेको कम्पनीले शेयर प्रिमियममा रू. २ करोड ७८ लाख, महाविपत्ति कोषमा रू. ५९ करोड ७६ लाख, रिटेन्ड अर्निङमा रू. ७३ करोड ९३ लाख र अन्य इक्विटीमा रू. ४० करोड ७८ लाख सञ्चित गरेको छ ।

# आईएमई लाइफ इन्स्योरेन्सको लाभांश प्रस्ताव

काठमाडौं (अस) । आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले गत आर्थिक वर्ष (आव) २०८०/८१ को मुनाफाबाट कुल २१ दशमलव शून्य ५३ प्रतिशत लाभांश प्रस्ताव गरेको छ । माघ २९ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा करसमेत २१ दशमलव शून्य ५३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो ।

हाल कम्पनीको चुक्तापूँजी ५ अर्ब रुपैयाँ रहेको छ । सोही पूँजीको आधारमा कम्पनीले १ अर्ब ५ करोड २६ लाख ३२ हजार रुपैयाँ बराबरको नगद लाभांश (करसमेत) वितरण गर्ने तयारी गरेको हो । कम्पनीले नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिमको चुक्तापूँजी कायम गरिसकेको अवस्थामा यस वर्ष नगद लाभांशलाई जोड दिएको हो ।

प्रस्तावित लाभांश नेपाल बीमा प्राधिकरणले स्वीकृति प्रदान गरी कम्पनीको आगामी वार्षिक साधारणसभाबाट पारित भएपछि वितरण हुनेछ ।

गत वर्ष कम्पनीले २५ प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि १ दशमलव ३२ प्रतिशत नगद लाभांश वितरण गरेको थियो ।


## नेशनल लघुवित्त वित्तीय संस्था लि.

NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LTD.

राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त लघुवित्त वित्तीय संस्था

केन्द्रीय कार्यालय, बनेपा नगरपालिका वडा नं.१०, काभ्रेपलाञ्चोक, फोन : ०११-६६५५७२,६६५५७३

Website : www.nationalmicrofinance.com.np

### ऋण कर्जा चुक्ता/भुक्तान गर्ने सम्वन्धि १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस नेशनल लघुवित्त वित्तीय संस्था लि. को तपशिलमा उल्लेखित चल/अचल सम्पत्ति सुरक्षण वापत धितो राखि वा नराखि विभिन्न शाखा कार्यालयहरुबाट कर्जा कारोबार गरी यस वित्तिय संस्थासंगको सर्त कबुलियत बमोजिम समय समयमा कर्जाहरुको सावा ब्याज बुझाउनु पर्नेमा विगत लामो समय देखि कर्जाको (सावा ब्याज) तिर्न आलटाल गरेको, सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तर ताकेता गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको, ऋण कर्जा सम्वन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले तपशिलमा उल्लेखित ऋणी तथा साक्षी/धनजमानीकर्ताहरुलाई १५ दिनभित्र सम्वन्धीत शाखा कार्यालयमा सर्म्पक गरी कर्जा चुक्ता भुक्तान गर्नका लागि जानकारी गराइन्छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थाको शाखा कार्यालयमा सम्पर्क राखि यस संस्थाबाट लिएको सम्पूर्ण सावा ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ उप दफा ११ अनुसार ऋणी तथा व्यक्तिगत धन जमानीकर्ताको तिन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सुचिमा नाम समावेश गरिने, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतीबाट बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा समेत ऋणी जमानीकर्ता तथा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

| क्र.सं. | शाखाको नाम | ऋणिको नाम | ठेगाना (नागरिकता अनुसार) | नागरिकता नं | पिता/श्रीमानको नाम | हजुरबुवा/ससुराको नाम |
|---|---|---|---|---|---|---|
| १ | आँखिसल्ला शाखा | मित्रा राई | जुरेपानी-३, धनकुटा | 07-01-70-07390 | ऐ विक्रम राई | पहल सिं राई |
| २ | आँमभञ्ज्याङ्ग शाखा | सुरेखा श्रेष्ठ | हेटौडा-९, मकवानपुर | 24846 | पुष्प कुमार महर्जन | अष्टमान महर्जन |
| ३ | आँमभञ्ज्याङ्ग शाखा | प्रमिला लामा | चुरियामाई-१, मकवानपुर | 23/17403 | राम बहादुर लामा | राम सिं लामा |
| ४ | बागचौर शाखा | सिता खड्का | ढाकाडाम ४ सल्यान | 553011/1442 | प्रेम बहादुर बुढाथोकी | कालुराम बुढाथोकी |
| ५ | बाहुनी शाखा | मिना गिरी | बेलबारी ८ मोरङ्ग | 052020/27106 | डम्बर प्रसाद गिरी | दधिराम गिरी |
| ६ | बाहुनी शाखा | अनिता कुमारी चौधरी | बेलबारी ७, मोरङ्ग | 02/0103 | कृति कुमार चौधरी | पवनलाल चौधरी |
| ७ | बनकटुवा शाखा | शशिकला सुनार | बनकटुवा-९, बाँके | 663044/214 | मोहन कामी | नन्द बहादुर कामी |
| ८ | बौनिया शाखा | रमिता चौधरी | प्रतापपुर-८, कैलाली | 672035/17494 | राम प्रकाश चौधरी | जुगराम चौधरी |
| ९ | बौनिया शाखा | पतिराम चौधरी | बौनिया-५, कैलाली | 22847 | हरिपाल डगौरा | रामेश्वर डगौरा |
| १० | भलवाडी शाखा | चमेली श्रेष | सावाँकटहरे-१३, खोटाङ्ग | 1745/422 | राम कुमार राई | लक्ष्मण राई |
| ११ | भलवाडी शाखा | मुकेश तिवारी | बगाहा-१, रुपन्देही | 371022/43708 | दिनानाथ तिवारी | दुनियापथ तिवारी |
| १२ | भलवाडी शाखा | लक्ष्मी पाण्डे | बुटवल-१३, रुपन्देही | 371024/60329 | राम प्रसाद पाण्डे | डेक नारायण पाण्डे |
| १३ | भलवाडी शाखा | बबी सिंह क्षेत्री जयसवाल | सिद्धार्थनगर-१, रुपन्देही | 2/3710655 | राज कुमार जैसवाल | इश्वरी लाल जैसवाल |
| १४ | भलवाडी शाखा | लक्ष्मी भट्टराई | सिद्धार्थनगर-९, रुपन्देही | 4/9057 | दुगा भट्टराई | गंगा बहादुर भट्टराई |
| १५ | भट्टेडाँडा शाखा | सम्झना मोक्तान लोप्चन | भट्टेडाँडा-१, ललीतपुर | 28-01-069-02126 | जोगमान लोप्चन | ज्ञान बहादुर लोप्चन |
| १६ | देउरी शाखा | हेमु कुमारी तामाङ्ग | डुम्बरवाना-६, बारा | 7380 | राम कुमार थापा | कृष्ण बहादुर मगर |
| १७ | देउरी शाखा | बाल कुमारी आले | इन्द्रणीपोखरी-५, उदयपुर | 143012/31 | खिलामणी थापा मगर | कृष्ण बहादुर थापा |
| १८ | देउरी शाखा | सुनिता राई | साउने-६, उदयपुर | 141012/859999 | गुमान सिं राई | राम बहादुर राई |
| १९ | देउरी शाखा | दुर्गा बहादुर सार्की | त्रियुगा-१२, उदयपुर | 75099 | हर्कसेर शार्की | राम बहादुर शार्की |
| २० | ध्रुबटोल शाखा | करिश्मा बि.के. | बर्दघाट-१६, नवलपरासी | 36-01-73-02941 | संजय सुनार | सान बहादुर बि.क. |
| २१ | ध्रुबटोल शाखा | बर्षदेवी दाँडीन | बुटवल-३, रुपन्देही | 11696 | संजय कुमार दर्जि | दिल बहादुर दर्जि |
| २२ | ध्रुबटोल शाखा | सविता कुँवर | इस्मा -५,गुल्मी | 41-01-77-01619 | फर्सुराम कुँवर | सेरे बहादुर जोगीकुँवर |
| २३ | गैढाकोट शाखा | गिता घर्ति | मिसी-९, बाग्लुङ्ग | 502059/11744 | टेक बहादुर घर्ती | ओम बहादुर घर्ती |
| २४ | गोलबजार शाखा | निलम पंजियार शाह | जम्दह-७, सिराहा | 151089-32-2671 | ज्ञान कुमार साह | महन्थी साह |
| २५ | गोलबजार शाखा | अरुलिया देवी शाह | मुक्सार-४, सिराहा | 21203358 | मोहन कमा साह | अर्जुन साह तेली |
| २६ | गोलटाकुरी शाखा | भागिरथि सार्की | तुलसिपुर-६ दाङ | 2008/299 | धनबहादुर सार्की | र्कण बहादु सार्की |
| २७ | गोलटाकुरी शाखा | लालमाटी बस्नेत | हापुर-६ दाङ | 344/817/044 | जयबहादुर बस्नेत | रैबहादुर बस्नेत |
| २८ | गोलटाकुरी शाखा | लक्ष्मी घर्तिमगर | टिकापुर-९, कैलाली | 672040-60063 | बुध राम घर्तिमगर | विर बहादुर घर्ति मगर |
| २९ | गोलटाकुरी शाखा | झगरुले बुढाथोकी | फलाबङ-४ सल्यान | 551040/6626 | ओम हार्ष बुढाथोकी | सोभ बहादुर बुढाथोकी |
| ३० | गोलटाकुरी शाखा | श्रीमति सत्य शाही | दोगडी-४, बाजुरा | 1731 | लजिन शाही | मान बहादुर शाही |
| ३१ | गोलटाकुरी शाखा | जानकी कुमारी सुनार | पुरन्धार-२, दाङ | 522041/4469 | मिलान विश्वकार्म | मेघे कामी |
| ३२ | गोलटाकुरी शाखा | सिर्जना परियार | तुलसीपुर ६ दाङ | 52-02-76-06043 | तुल्सीराम सुनार | मान बहादुर सुनार |
| ३३ | गोलटाकुरी शाखा | पुष्पा ओली | ढिकपुर ६ दाङ | 521023-998 | कुल प्रसाद वली | जद बहादुर वली |
| ३४ | गोलटाकुरी शाखा | सुनिता नेपाली | बंगीशरण ७ दाङ | 52-02-76-03891 | टेक बहादुर नेपाली | अम्बर बहादुर दमाई |
| ३५ | गोलटाकुरी शाखा | सीता वि.क. | कोटमौला ४ | 553023/391 | एकराज कामी | रगे कामी |
| ३६ | गोलटाकुरी शाखा | गायत्री कुमारी बस्नेत | टारीगउ ३ दाङ | 2783/1305 | शोभराम वली | दाल बहादुर वली |
| ३७ | गोलटाकुरी शाखा | सिवानी रानी परियार | तुलसीपुर १२ दाङ | 52-02-75-01347 | कृष्ण जैसी | धनु जैसी |
| ३८ | गोलटाकुरी शाखा | इन्द्र ओली | सल्यान २ दमाचौर | 55-01-72-05769 | बेल बहादुर दागी | थमन सिहं दागी |
| ३९ | गोलटाकुरी शाखा | गोमा दमाई | तुलसीपुर ६ दाङ | 522029/2640 | शिव कुमार दमाई | रुपलाल दमाई |
| ४० | गोलटाकुरी शाखा | टिका नेपाली | तुलसीपुर ८ दाङ | 52-02-75-06240 | रामेश नेपाली | शिवे दमाई |
| ४१ | गोलटाकुरी शाखा | निम कुमारी छन्तेल | शान्तिनगर ४ दाङ | 413 | कुल बहादुर छान्तेल | चन्द्र बहादुर छान्तेल |
| ४२ | गोलटाकुरी शाखा | शान्ती वि.क. | गौरीगाउ २ दाङ | 52-02-76-01439 | राजकुमार वि.क | तुलाराम कामी |
| ४३ | गोरखा शाखा | निर्मला कुमारी ठकुरी | दिव्यनगर-९, चितवन | 1086/034 | ध्वज बहादुर गुरुङ | बोम बहादुर गुरुङ |
| ४४ | जलुके शाखा | बुद्धा भट्टराई | सिसहनिया ७ दाङ, हाल राप्ती ५ दाङ | 4860 | माधव प्रसाद भट्टराई | भेषराज भट्टराई |
| ४५ | जलुके शाखा | चित्रा कुकारी थापा | लालमटिया ९ दाङ, हाल राप्ती ८ दाङ | 523007/609 | रामबहादुर थापा | भिमप्रसाद थापा |
| ४६ | केर्खा शाखा | दिव्या सिंह शाह | टोपगाछी-३, झापा | 04-3-042/12 | विकेश साहा | राज कुमार साहा |
| ४७ | खजुरा शाखा | नसिना खातुन | रनियापुर -०१ बाँके | 664043/115 | युवराज त्रिपाठी | रोम दिन मिंया |
| ४८ | खजुरा शाखा | पुनम गुरुङ्ग | राधापुर - ०५ बाँके | 663039/116 | भीम बहादुर गुरुङ्ग | हर्क बहादुर गुरुङ्ग |
| ४९ | खजुरा शाखा | माया वि.क. | राधापुर - ०८ बाँके | 663039/275 | भुवाने वि.क | धने कामि |
| ५० | कुडिया शाखा | रविन्द्रनाथ यादव अहिर | तब्लीहवा-०३, नवलपरासी | 74394 | बलवन्त अहिर | मुरत अहिर |
| ५१ | लम्की शाखा | शोभा कुमारी विष्ट | जानकी ०४ कैलाली | 673036-08 | कर्ण बहादुर गिरी | दल गिरी |
| ५२ | लम्की शाखा | सम्झना ओली के.सी. | टिकापुर-९, कैलाली | 53564 | विनोद के.सी | कृण बहादुर के.सी |
| ५३ | लम्की शाखा | जानकी महरा | शिर्ष ०७ डडेलधुरा | 433013-1713 | डम्बर बहादुर खडका | मन्धिर महरा |
| ५४ | लम्की शाखा | मिरा चौधरी | लम्की चुँहा-७, कैलाली | 67-02-76-01232 | टिकाराम चौधरी | भवेल थारु |
| ५५ | लम्की शाखा | पार्वती कार्की | लम्की चुँहा-७, कैलाली | 67-02-75-04016 | धन बहादर कार्की | बाजुराम डगौरा |
| ५६ | लगडी शाखा | शायदा खातुन | जगरनाथपुर गा.वि.स.-४ पर्सा | 70/39721134 | कलिमुल्लाह मिया | उलफत मिया धुनिया |
| ५७ | लगडी शाखा | सुनिता देवी रौनियार | मिर्जापुर गा.वि.-६ पर्सा | 34-01-70-06705 | रामबाबु प्रसाद गुप्ता | प्रमोद प्रसाद गुप्ता |
| ५८ | लगडी शाखा | कलावती कुमारी हजाम | हरिहरपुर गा.वि.-३, पर्सा | 36122190 | सुरेश ठाकुर हजाम | बिगा ठाकुर हजाम |
| ५९ | लगडी शाखा | पुनम देवि केवटीन | जानकिटोला गा.वि.-५,पर्सा | 343039/167 | डोमा महतो केवट | मनमोहत महतो केवट |
| ६० | लगडी शाखा | पुनिता देवी चौहान | भिखमपुर गा.वि.-४ पर्सा | 343031/406 | संजय प्रसाद चौहान | सत्यनारायण महतो चाई |
| ६१ | लगडी शाखा | असरुन खातुन | जानकीटोल गा.वि.-४ पर्सा | 8747 | फिरोज देवान | फगुर देवान |
| ६२ | लगडी शाखा | सुनैना देवी दास तत्वा | धोरे गा.वि.-८ पर्सा | 2033 | सुकदेव दास तत्वा | राम कृपाल दास |
| ६३ | लगडी शाखा | प्रेमशिला देवी | धाबिनी गा.वि.-६, पर्सा | 341028/24 | सोनालाल प्रसाद कुर्मि | म्बिका राउत कुर्मि |
| ६४ | लगडी शाखा | बैतुन नेशा देवानीन | जानकीटोल गा.वि.-४ पर्सा | 343038/103 | मिरहसन देवान | भकट देवान |
| ६५ | लगडी शाखा | कलामुन नेशा खातुन | जानकीटोल गा.वि.-१ पर्सा | 343038/29 | नेसार देवान | अनवर देवान |
| ६६ | लगडी शाखा | जोनिया देवी लोहारिन | जानकीटोल गा.वि.-५ पर्सा | 5685 | दशरथ ठाकुर लोहार | रामचन्द्र ठाकुर लोहार |
| ६७ | हकुई शाखा | दिनानाथ थारु चौधरी | हकुई-२, नवलपरासी | 39504 | रमाकिसन थारु | तिलक थारु |
| ६८ | हकुई शाखा | इमरान अंसारी | रामग्राम-२, नवलपरासी | 36-01-70-06546 | इस्रायल अंसारी | नुर मोहमद अंसारी |
| ६९ | कटहरी शाखा | जितनारायण राजवंशी | विराटनगर-२,मोरङ्ग | 051018/520 | देव नारायण राजवंशी | तेरु राजवंशी |
| ७० | कटहरी शाखा | अमित कुमार साह | विराटनगर-१२,मोरङ्ग | 05-01-73-04857 | देव नारायण साह | माथवर सि. |



## SIPRADI HIRE PURCHASE PVT. LTD.

SIPRADI

SIPRADI HIRE PURCHASE P. LTD.

### AUDITED FINANCIAL STATEMENT 2080-81

**STATEMENT OF FINANCIAL POSITION**
**AS AT ASHADH 31, 2081 (JULY 15, 2024)**

*Amount in Rs.*

| | As at Ashadh 31, 2081 (July 15, 2024) | As at Ashadh 31, 2080 (July 16, 2023) |
|---|---|---|
| **ASSETS** | | |
| **FINANCIAL ASSETS** | | |
| a) Cash and cash equivalents | 109,789,240 | 81,372,954 |
| b) Loans and receivables | 3,299,594,597 | 3,293,149,081 |
| c) Other financial assets | 38,452,083 | 40,280,424 |
| **Total financial assets** | **3,447,835,920** | **3,414,802,459** |
| **OTHER ASSETS** | | |
| a) Other assets | 3,077,544 | 2,705,126 |
| b) Advance income tax (net) | 12,260,721 | 10,016,737 |
| c) Deferred tax assets (net) | 106,473,357 | 131,584,407 |
| d) Property, plant and equipment | 135,893,863 | 137,406,892 |
| e) Intangible assets | 229,034 | 296,648 |
| f) Right of use assets | 23,450,103 | 26,958,462 |
| **Total other assets** | **281,384,622** | **308,968,272** |
| **TOTAL ASSETS** | **3,729,220,542** | **3,723,770,731** |
| **LIABILITIES AND EQUITY** | | |
| **FINANCIAL LIABILITIES** | | |
| a) Borrowings | 2,392,989,228 | 2,439,227,933 |
| b) Lease liability | 29,522,480 | 31,465,725 |
| c) Trade payables | 4,035,870 | 3,418,133 |
| d) Employees' benefit obligations | 5,647,004 | 4,527,459 |
| e) Other financial liabilities | 106,585,534 | 230,398,339 |
| **Total financial liabilities** | **2,538,780,116** | **2,709,037,589** |
| **OTHER LIABILITIES** | | |
| a) Current tax liabilities | - | - |
| b) Other liabilities | 44,160,430 | 75,057,511 |
| **Total other liabilities** | **44,160,430** | **75,057,511** |
| **EQUITY** | | |
| a) Equity | | |
| Share capital | 500,000,000 | 500,000,000 |
| b) Other equity | | |
| Reserves and surplus | 646,279,996 | 439,675,631 |
| **Total equity** | **1,146,279,996** | **939,675,631** |
| **TOTAL EQUITY AND LIABILITIES** | **3,729,220,542** | **3,723,770,731** |

**STATEMENT OF PROFIT OR LOSS AND OTHER COMPREHENSIVE INCOME**
**FOR THE YEAR ENDED ASHADH 31, 2081 (JULY 15, 2024)**

*Amount in Rs.*

| | For the year ended | |
|---|---|---|
| | Ashadh 31, 2081 (July 15, 2024) | Ashadh 31, 2080 (July 16, 2023) |
| Interest income | 575,000,661 | 521,141,174 |
| Less: finance cost | 274,944,493 | 263,767,411 |
| **Net interest income** | **300,056,168** | **257,373,763** |
| Other operating income | 5,343,380 | 6,399,540 |
| **Total operating income** | **305,399,548** | **263,773,303** |
| Impairment charge/(reversal) for loans and receivables | (138,100,445) | 111,813,082 |
| **Net operating income** | **443,499,993** | **151,960,221** |
| Employee benefit expenses | 69,372,073 | 32,412,282 |
| Administration and other expenses | 23,923,853 | 79,580,028 |
| Depreciation and amortization | 6,110,359 | 6,862,568 |
| **Profit before tax** | **344,093,708** | **33,105,343** |
| Income tax expenses | | |
| Current tax | 62,378,293 | 37,350,866 |
| Deferred tax | 25,111,050 | (20,959,293) |
| **Profit for the year** | **256,604,365** | **16,713,770** |
| **Other comprehensive income** | | |
| ***Items that will not be reclassified to profit or loss:*** | | |
| **Other comprehensive income for the year** | - | - |
| **Total comprehensive income for the year** | **256,604,365** | **16,713,770** |

**Key Ratios**

| Particulars | As at Ashadh 31, 2081 (July 15, 2024) | As at Ashadh 31, 2080 (July 16, 2023) |
|---|---|---|
| Bank Loans O/s to Net Worth ratio | 2.09:1 | 2.6:1 |
| Loan Receivable to Bank loans O/s ratio | 1.52:1 | 1.56:1 |
| Interest Spread | 3.70 | 1.72 |
| Return on equity | 22.39% | 1.78% |

**STATEMENT OF CHANGES IN EQUITY**
**FOR THE YEAR ENDED ASHADH 31, 2081 (JULY 15, 2024)**

*Amount in Rs.*

| | Equity and reserves | | | Total |
|---|---|---|---|---|
| | Share capital | General reserve | Retained earnings | |
| **Balance as at Ashadh 32, 2079 (July 16, 2022)** | **500,000,000** | **66,892,452** | **356,069,409** | **922,961,861** |
| Profit for the year | | | 16,713,770 | 16,713,770 |
| Transfer to general reserve | | 3,342,754 | (3,342,754) | |
| **Balance as at Ashadh 31, 2080 (July 16, 2023)** | **500,000,000** | **70,235,206** | **369,440,425** | **939,675,631** |
| Profit for the year | | | 256,604,365 | 256,604,365 |
| Transfer to general reserve | | 51,320,873 | (51,320,873) | |
| Dividend paid | | | (50,000,000) | (50,000,000) |
| **Balance as at Ashadh 31, 2081 (July 15, 2024)** | **500,000,000** | **121,556,079** | **524,723,917** | **1,146,279,996** |

***General reserve:***

Represents the amount set aside after appropriating 20% of profit for the year as required by Hire Purchase Company Approval Procedure, 2070 issued by Nepal Rastra Bank.

***Retained earnings:***

Represents the cumulative profits of the Company and can be distributed/utilized by the Company.

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, १ फागुन २०८१ । Thursday, 13 February 2025
आर्थिक अभियान

# हस्तकलामा विदेशी प्रविधि चाहन्छौं



**रबिन्द्र शाक्य**
अध्यक्ष, नेपाल हस्तकला महासंघ

**नेपालबाट निर्यात हुने प्रमुख वस्तुमध्ये हस्तकला पर्छ । वार्षिक ११ अर्ब रूपैयाँभन्दा बढीको निकासी हुने यो क्षेत्रको भविष्य, निकासी बढाउन गरिनुपर्ने पहल, विदेशी लगानी भित्र्याउने विषय र सरकारले ल्याएको स्वदेशी वस्तुको खपत नीतिले हस्तकला क्षेत्रले के कस्तो लाभ लिन्छ ? भन्ने विषयवस्तुमा रहेर नेपाल हस्तकला महासंघका नवनिर्वाचित अध्यक्ष रबिन्द्र शाक्यसँग आर्थिक अभियानका हिमा वि.कले गरेको कुराकानीको सार :**

**हालै महासंघको अध्यक्ष पदको कार्यभार सम्हाल्नु भएको छ । तपाईंका योजना के के छन् ?**

हस्तकला क्षेत्रको प्रवर्द्धनका थुप्रै योजना छन् । तर, अहिले बोलेरभन्दा पनि गरेर देखाउनुपर्छ । हामी स-सानो योजनाबाटै काम गर्नेछौं, जसबाट साना उद्यमीले प्रत्यक्ष लाभ लिन सकुन् । जस्तै, अहिले हस्तकलामा लाग्नेहरूले नाम, दाम र भविष्य छैन भन्ने गुनासो गरिरहेको पाउँछौं । त्यसको समाधान हस्तकला उद्यमीलाई पहिचान दिलाउनुपर्छ । उद्यम वर्गीकरण गरेर सोही किसिमको पहिचान उद्यमीहरूलाई दिने योजना छ । हस्तकलामा ३६ ओटा विधा छन् र ती विधामा पनि ८६ वर्गीकरण छ । यी सबैलाई समेट्नुपर्छ । अर्कोतर्फ नेपाली हस्तकलाको ब्राण्डिङ हुन सकेको छैन । हस्तकलाका ८२ थरीका उत्पादन फरक-फरक ब्राण्ड नहोलान् । तर, एउटा कलेक्टिभ ब्राण्ड बनाउन लागेका छौं । हस्तकला नीति बनाउन पहल गर्ने योजना बनाएका छौं । बागमती प्रदेश सरकारले हस्तकला ग्राम विधेयक बनाएकाले यसले पनि थप प्रोत्साहन गर्नेछ ।

**हस्तकला क्षेत्रमा विदेशी लगानी तथा प्रविधिको आवश्यकताको विषय हस्तकला क्षेत्रका उद्यमीहरूले उठाउन थालेका छन् । विगतमा यो क्षेत्रमा विदेशी लगानीको विरोध हुँदै आएको थियो । अहिले यस्तो लगानी के-कस्ता क्षेत्रमा खोजिएको हो ?**

खासगरी हस्तकला क्षेत्रमा विदेशी लगानीभन्दा पनि विदेशी प्रविधि चाहिएको हो भनेका छौं । विदेशी लगानी यो क्षेत्रमा ल्याउन सरकारको नीतिले पनि दिँदैन र सम्भव पनि छैन । हामीले प्रविधि खोजेका हौं । किनभने छिमेकी देशको बजार ठूलो छ । भारत, चीन जस्ता देशबाट १०-१५ प्रतिशत मात्रै माग आयो भने पनि हामीले काम गर्न सक्ने अवस्था छैन । जनशक्ति र कच्चा पदार्थ नै छैन । उनीहरूको प्रविधि भित्र्याउन सकेमा बढ्न सक्ने माग धान्न सहज हुनेछ । प्रविधि हस्तान्तरण पनि विदेशी लगानीकै एक अंश भएकोले हामीले प्रविधि हस्तान्तरण खोजेका हौं ।

**हस्तकला क्षेत्रमा कसरी प्रविधि भित्र्याउन सकिन्छ त ?**

परम्परागत रूपमा काम गर्दै आएकालाई विभिन्न उपकरण (टुल्स) दिनुपर्छ । हस्तकलालाई सूचना प्रविधिमैत्री पनि बनाउनुपर्छ । प्रस्तरकलामा प्रविधि भित्र्याउन जरुरी छ । जस्तै, ढुंगाको मूर्ति तथा अन्य प्रडक्ट बनाउँदा कालिगढ धूलोबाट प्रभावित हुन्छन् । विदेशमा यसबाट बच्ने प्रविधि छ, त्यसलाई यहाँ ल्याउन सकिन्छ । प्रविधिका लागि हामीलाई भारत र चीनबाट नै बढी अपेक्षा हुन्छ । तर, नेपाल हस्तकलाको अधिकांश कच्चापदार्थका लागि भने न्यूजिल्याण्डमाथि निर्भर छौं । ऊन र कटनको कच्चापदार्थ त्यो देशबाट आउँछ ।

**काठमाडौंमा सार्क हस्तकला विकास केन्द्र स्थापना गर्न त्रिपुरेश्वरमा भवन बनाइएको छ । यसको उपयोग कसरी भइरहेको छ ?**

भवन त बनेको छ, तर यसको उपयोग खासै भएको छैन । सार्क विकास कोषमा नेतृत्व अहिले परिवर्तन भइसकेको छ । हामीले धेरै चरणमा छलफल गरिरहेका छौं । अहिले बनेको भवनमा अस्थायी रूपमा कम्पनी रष्जिट्रारको कार्यालय बसेको छ । अहिले सरकारले यो केन्द्रलाई लैनचौरमा रहेको खानी तथा भूगर्भ विभागको खाली भवनमा राख्ने भनेको छ । यद्यपि प्रक्रिया पूरा हुन बाँकी छ । यो केन्द्रमा हस्तकला प्रयोगशाला, तालीम केन्द्र, अध्ययन स्थललगायतका सुविधा हुन्छन् ।

> **हस्तकला उद्यमीलाई पहिचान दिलाउनुपर्छ ।**

> **हस्तकलाका ८२ ओटा उत्पादन फरक-फरक ब्राण्ड नहोलान् । तर, एउटा कलेक्टिभ ब्राण्ड बनाउन लागिएको छ ।**

**हस्तकला निकासी बढाउन के कस्ता पहल भइरहेका छन् ?**

महासंघबाट हुने पहल त भइरहेकै छन् । तर, हामीले बिचौलियाबाट बढी समस्या खेपेका छौं । सरकारले बिचौलिया रोक्ने नियन्त्रण गर्ने नीति ल्याउनुपर्छ । हाम्रो र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (टीइपीसी)को तथ्यांकले ११-१२ अर्ब रुपैयाँको हस्तकला निकासी भएको देखाउँछ । तर, अवैध तरीकाबाट निकासी भने भइरहेको छ, जसको आधिकारिक तथ्यांक हुँदैन । अहिलेको देखिएको १२ अर्ब रुपैयाँको निकासी औपचारिक माध्यमबाटै भएको हो । सबै औपचारिक माध्यमबाट निकासी हुने हो भने ३० अर्ब रुपैयाँको पुग्न सक्छ । यसलाई नियमन गरेर औपचारिक प्रणालीभित्र ल्याउनुपर्छ । हस्तकला क्षेत्रको नियमन तथा प्रवर्द्धनका लागि छुट्टै निकाय चाहिन्छ । कम्तीमा उद्योग मन्त्रालयमा एउटा शाखा मात्रै भए पनि राखिनुपर्छ ।

**हस्तकला क्षेत्रले अहिले भोगिरहेका समस्या के के छन् ?**

कच्चापदार्थको कमी प्रमुख समस्याको रूपमा आएको छ । चीनमा हाम्रो उत्पादनको माग अधिक छ । अर्को यसमा नियमित र स्थायी कामदारको कमी छ । दैनिक सयौं युवा बाहिरिरहेका छन् । यो क्षेत्रमा अवसर छ । तर, सचेतना नै छैन । नाम, दाम र पहिचान दिलाएर यो क्षेत्रलाई प्रविधिमैत्री बनाउन निकै जरुरी भइसकेको छ । अनलाइन मार्केटिङ बढाउन महासंघले एउटा अनलाइन पोर्टल बनाउँदै छ, जसको नाम 'इकला नेपाल' हो । यो प्लाटफर्मबाट त्यसबाट मार्केटिङ गर्न थप सघाउनेछ । बिक्री गरिएको वस्तुको समयमै भुक्तानी नपाउनु अर्को समस्याको रूपमा रहेको छ ।

**कच्चापदार्थ सहज रूपमा नपाइएको भन्नुभयो । यो क्षेत्रका लागि कच्चापदार्थको मुख्य स्रोत बजार कुन कुन हुन् ?**

हस्तकलाको हकमा युरोपेली देशबाट धेरै मात्रामा कच्चापदार्थ आउने गरेको छ । नेपाली कटनको माग धेरै छ । तर, त्यसलाई चाहिने धागो भने बाहिरबाट आयात हुन्छ । यो विडम्बना नै हो । कारागार, गाउँघरमा हातले धागो निकाल्ने चलन अहिले पनि छ । तर, यसले माग धान्दैन । धातुहरू सिंगापुर, खाडी मुलुक, मलेसिया जस्ता देशबाट आउँछ । पश्मिनाको ऊन न्यूजिल्याण्डबाट आउँछ । नेपालमा भेडापालन व्यवस्थित नहुँदा पनि समस्या भएको हो ।

**स्वदेशी बजारमा नेपाली हस्तकलाको माग कस्तो पाउनुभएको छ ? नेपाली वस्तु सार्वजनिक/सरकारी निकायमा प्रयोग गर्ने सरकारको रणनीतिले के कस्तो फाइदा पुग्छ ?**

स्वदेशी बजारमा पनि अहिले नेपाली हस्तकलाको माग र प्रयोग बढ्दो छ । उपहार, चिनो दिनेदेखि सजावटका लागि समेत अहिले हातले बनाइएका उत्पादनको प्रयोग बढ्दो छ । हाम्रो तथ्यांकअनुसार आन्तरिक माग र निकासीको अनुपात बराबर नै देखिन्छ । सरकारी निर्देशिकाले महँगो भए पनि किन्ने नीति ल्याएको छ । तर, यसमा प्राविधिक समस्या छ । प्रत्यक्ष रूपमा लाभ लिन सकेका छैनौं । हस्तकलालाई मूल्य अभिवृद्धि कर (भ्याट)मा जानुपर्दैन । स्थायी लेखा नम्बर (प्यान) भए पुग्छ । तर सरकारको नीतिले भ्याट बिल चाहिन्छ भन्छ । यसले साना, घरेलु उद्योगले प्रत्यक्ष लाभ लिन सकेका छैनन् । निर्देशिका संशोधन गर्न आग्रह गरिरहेका छौं ।

**हस्तकलाका वस्तु निर्यातमा चीन प्रमुख देशमध्ये पर्छ । चीनमा नेपाली हस्तकलाको बजार बढाउन कस्तो रणनीति बनाउनु भएको छ ?**

चीन निकै ठूलो बजार हो । यसका लागि रणनीति नै चाहिँदैन । चीनमा बाह्रै महीना मेला लाग्छन् । त्यहाँ नेपालीहरू जान्छन् । उनीहरूले लाखौं लगानी गरेर करोडौंका उत्पादन त्यहाँ लैजान्छन् । यद्यपि मागअनुसार पूर्ति भने हुन सकेको छैन । समस्या कहाँ छ भने नेपालबाट सामान गएको देखिन्छ । तर आर्थिक कारोबारको तथ्यांक पाउन सकिँदैन । सरकारले पेमेन्ट गेट वेको कुरा गरेको छ । तर कार्यान्वयन गरेको छैन । १० लाख रुपैयाँको सामान चीनमा लगेर बिक्री गरेर सरकारलाई २० लाख रुपैयाँ कर तिर्न तयार छौं । तर त्यो रकम कसरी ल्याउने भन्ने प्रश्न हो । कार्गोबाट जति पनि सामान लैजान मिल्छ, तर त्यसअनुसार भएको व्यापारबाट आर्जित रकम चीनबाट ल्याउन निकै गाह्रो छ । सरकारले सहज बनाइदिनुपर्छ । मेलामा राखिएका स्टलको शुल्क नै ५ लाख रुपैयाँ बराबर हुन्छ । त्यसका लागि कम्तीमा २०-२५ लाख रुपैयाँको सामान त लैजानुपर्छ । अब सरकारले यसमा सहजीकरण गरिदिनुपर्छ ।

**अबको एक वर्षपछि नेपाल अतिकम विकसित मुलुक (एलडीसी)बाट विकासोन्मुख देशमा स्तरोन्नति हुँदैछ । नेपाली हस्तकलाले अहिले युरोप, अमेरिकामा पाउने भन्सार छूटको सुविधा त्यसपछि हट्ने सम्भावना छ । नेपाली हस्तकला भन्सार तिरेर विश्वबजारमा प्रतिस्पर्धी बन्ने सम्भावना कत्तिको देख्नुहुन्छ ?**

जहाँ चुनौती हुन्छ, त्यहाँ अवसर पनि उत्तिकै हुन्छ । पाइरहेको सुविधा नपाउँदा केही समस्या हुनु स्वाभाविक हो । तर, यसलाई सकारात्मक रूपमा लिनुपर्छ । चीनले ८० ओटा वस्तुमा छूट दिएको छ । यो नीतिबाट हामीले लाभ लिनै सकिएको छैन । जति सुविधा दिए पनि हामीले लाभ लिन सकेनौं । एलडीसीबाट स्तरोन्नति हुनु हाम्रो स्तर पनि बढ्नु हो । एलडीसीबाट स्तरोन्नति हुनेबित्तिकै अन्तरराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्नुपर्छ । एलडीसीबाहेकका देशले अपनाउने ब्राण्डिङ, प्याकेजिङका साथै उत्पादन र गुणस्तरका कुरा अवलम्बन गर्न सकिन्छ । यसबाट फड्को मार्न सकिन्छ । नकारात्मकभन्दा पनि सकारात्मक प्रभावका विषयमा हेरौं ।

## तथ्यांकोवाच

### गिटार, सारंगी, भ्वायलिन र वीणाको विश्व आयात बजार ८५ करोड १८ लाख अमेरिकी डलर

| आयातकर्ता मुलुकहरू | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| विश्व | ८५१,८२३ | १९८,०२५ | १०० |
| प्रमुख मुलुकहरू | | | |
| संयुक्त राज्य अमेरिका | १८२,५३७ | -१२,५१८ | २१.४ |
| जर्मनी | ६७,९१८ | ९,६७९ | ८ |
| जापान | ५८,७०३ | -४६,४०९ | ६.९ |
| संयुक्त अधिराज्य | ४४,८३२ | -२४,१९१ | ५.३ |
| नेदरल्याण्ड्स | ४१,२७३ | २१,१४३ | ४.८ |
| क्यानाडा | ३६,३६३ | -२८,८३१ | ४.३ |
| फ्रान्स | ३३,३०९ | -८,८३४ | ३.९ |
| चीन | ३१,३७५ | ४०५,७९४ | ३.७ |
| कोरिया, गणतन्त्र | २८,८४६ | -२७,३४४ | ३.४ |
| रूसी संघ | २५,६६७ | -२५,०८४ | ३ |
| अष्ट्रेलिया | २१,३२४ | -१५,०२७ | २.५ |
| ब्राजिल | १६,८५० | -१६,६७८ | २ |
| इटाली | १५,४३५ | ९,९११ | १.८ |
| स्पेन | १५,२५१ | ३,४९१ | १.८ |
| हङकङ, चीन | १४,५५१ | -९,५२० | १.७ |
| मेक्सिको | १३,६१५ | १६,१४९ | १.६ |
| संयुक्त अरब इमिरेट्स | १३,००९ | -३,७७१ | १.५ |
| स्विट्जरल्याण्ड | १२,८२५ | -८,८९१ | १.५ |
| भारत | १०,८५५ | -४,४५७ | १.३ |
| थाइल्याण्ड | ९,६४६ | -९,३४१ | १.१ |
| अस्ट्रिया | ८,३५७ | -६,५०५ | १ |
| सिंगापुर | ७,८५१ | -३,८२६ | ०.९ |
| मलेसिया | ६,४६५ | -३,४४० | ०.८ |
| चेक गणतन्त्र | ५,८५९ | ४,९६३ | ०.७ |
| टर्की | ५,७३४ | -४,४३७ | ०.७ |
| पोल्याण्ड | ५,६६१ | -२,२१५ | ०.७ |
| बेल्जियम | ५,३७२ | -१,६७९ | ०.६ |
| ताइपेई, चिनियाँ | ५,२६९ | -४,२७२ | ०.६ |
| आयरल्याण्ड | ५,०७७ | -४,३२३ | ०.६ |
| अर्जेन्टिना | ४,६३९ | -४,६३९ | ०.५ |
| डेनमार्क | ४,५६३ | -३,३७५ | ०.५ |
| फिलिपिन्स | ४,११८ | -४,०९९ | ०.५ |
| नर्वे | ४,०८१ | -३,७७६ | ०.५ |
| इजरायल | ३,९८२ | -३,४८७ | ०.५ |
| चिली | ३,८५७ | -३,७८१ | ०.५ |
| काजाकिस्तान | ३,८२८ | -३,७५५ | ०.४ |
| न्यूजील्याण्ड | ३,७४३ | -३,६४३ | ०.४ |
| स्लोभाकिया | ३,७३६ | -१,१०४ | ०.४ |
| स्वीडेन | ३,७०३ | -९९० | ०.४ |
| इराक | ३,५७८ | -३,५७७ | ०.४ |
| रोमानिया | ३,२२२ | ७,२६० | ०.४ |
| पोर्चुगल | ३,००७ | -१,७४६ | ०.४ |
| पेरु | २,६७२ | -२,६३३ | ०.३ |
| पनामा | २,४५५ | -३४५ | ०.३ |
| युक्रेन | २,४४८ | -२,४२५ | ०.३ |
| फिनल्याण्ड | २,४२१ | -१,९३५ | ०.३ |

*स्रोत : आइटिसी*



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**रारा होल्डिङ ग्रुप र एक्सपर्ट ग्रुपद्वारा मुगुको मुर्माटपमा निर्माण गर्न लागिएको रारा रिसोर्टको शिलान्यास कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी (पहिलो लहर बायाँबाट तेस्रो), नेपालका लागि अष्ट्रेलियन राजदूत लियान जोन्स्टन (पहिलो लहर बायाँबाट पाँचौं)लगायत । कर्णाली प्रदेशमा तीनतारेसम्मका होटल यसअघि सञ्चालनमा आए पनि चारतारे पहिलोपटक निर्माण गर्न लागिएको रारा होल्डिङ रिसोर्ट प्रालिका परियोजना प्रबन्धक अरुण चन्दले बताएका छन् ।**

# पाँच हजार रोपनीमा चक्लाबन्दी खेती

कास्की । गण्डकी प्रदेशका विभिन्न जिल्लामा गरी पाँच हजार चार सय रोपनी जग्गामा चक्लाबन्दी खेती गरिएको छ । ९ जिल्लाका २८ स्थापनामा जग्गा चक्लाबन्दी गरी व्यावसायिक कृषि उत्पादन शुरू गरिएको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले जनाएको छ । उक्त कार्यक्रममार्फत सात कृषक समूह/कृषि सहकारीलाई कृषियन्त्र र उपकरण खरीदमा सहयोग गरिएको मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ शशी अधिकारीले जानकारी दिए ।

मन्त्रालयको भूमि स्रोत नक्सांकन महाशाखाका अनुसार कास्की, तनहुँ, बागलुङ, गोरखा, मुस्ताङ, लमजुङ, स्याङ्जा, नवलपुरलगायत जिल्लामा जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन भइरहेको छ । गत आवमा लमजुङ र गोरखामा पाँच सय रोपनी जग्गा चक्लाबन्दी गरी व्यावसायिक कृषि खेती शुरू गरिएको थियो । मन्त्रालयले नमूना कार्यक्रमका रूपमा उक्त कार्यक्रम सञ्चालन गरिरहेको हो । चालू आवमा पनि उक्त कार्यक्रम निरन्तरताका लागि प्रस्ताव आह्वान गर्ने तयारी भइरहेको वरिष्ठ कृषि अर्थविज्ञ अधिकारीले बताए ।

'यस वर्ष मापदण्ड संशोधन भएको छ, अब स्थान छनोटको काम अगाडि बढ्छ,' उनले भने, 'कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिएको हो ।' छरिएर रहेको कृषियोग्य भूमिलाई एकीकरण गरी कृषि क्षेत्रको आधुनिकीकरण र यन्त्रीकरणमार्फत उत्पादन लागत घटाउन जग्गा चक्लाबन्दी कार्यक्रम प्रभावकारी भएको मन्त्रालयले जनाएको छ । लागत अनुमानका अधारमा चक्लाबन्दीका लागि ९० प्रतिशतसम्म अनुदान दिने गरिएको छ । दश प्रतिशत लगानी किसान आफैले गर्नुपर्ने प्रावधान छ । *रासस*

# बेलायतमा व्यापारिक सम्भावना खोज्दै नेपाली महिला उद्यमी

काठमाडौं । नेपाली महिला उद्यमीले बेलायतमा व्यापारिक सम्भावनाको खोजी गरेका छन् । बेलायती कम्पनीले आपूर्तिकर्ता विविधीकरण गर्ने लक्ष्यसहित अफ्रिका र एशियाका १० देशका ५० महिला उद्यमीसँग व्यवसायिक सम्भावनाबारे छलफल गरेका छन्, जसमा नेपाली महिला उद्यमी पनि जोडिएका हुन् ।

बेलायतको म्यानचेस्टरमा १०-१२ फेब्रुअरीसम्म चलेको व्यापार मिसनमा नेपालसहित पाकिस्तान, घाना, केन्या, मोजाम्बिक, नाइजेरिया, रुवान्डा, जिम्बाब्वे, बंगलादेश, मंगोलियाका महिला व्यवसायीले बेलायती खरीदकर्तासँग भेटघाट गरेका थिए । उक्त मिसनमा सहभागी नेपाली महिला उद्यमी प्रतिनिधिमण्डलको नेतृत्व महिला उद्यमी महासंघ नेपालका अध्यक्ष शोभा ज्ञवालीले गरेकी थिइन् । प्रतिनिधिमण्डलमा सुनिल क्यास्मिर प्रालिका रेश्मा श्रेष्ठ, मानुषीका नविना धाख्वा शाक्य, नेपाल सिल्कका गीता श्रेष्ठ, अल्पाइन पश्मिना हाउस प्रालिका लुम्बिना श्रेष्ठ र सुष्मा श्रेष्ठसहित लुम स्टोरी प्रालिका सपना वज्राचार्य लामा रहेका थिए ।

सहभागीहरूले कृषि तथा प्रशोधित खाद्य पदार्थ, हस्तकला, कपडा, सौन्दर्य उत्पादन, सूचना प्रविधि तथा व्यापार प्रक्रिया आउटसोर्सिङ क्षेत्रमा साझेदारी खोजेका थिए ।



सहभागी नेपाली महिला उद्यमीहरूले उद्योगसम्बन्धी संस्थासँग अन्तरक्रिया गर्दै बेलायती बजार प्रवेशका आवश्यकताहरूको जानकारी लिएको बताइएको छ ।

बेलायतका इनडो-प्यासिफिक मामिला मन्त्री क्याथरिन वेस्टले भनिन्, 'महिला उद्यमीहरूले निर्यातका क्रममा पुरुषको तुलनामा थप चुनौती सामना गर्नुपर्छ । हाम्रो 'शी ट्रेड्स कमनवेल्थ प्लस' कार्यक्रमले उनीहरूलाई बेलायती व्यवसायहरूसँग जोडेर व्यापार विस्तार गर्न सहयोग गरिरहेको छ ।'

अन्तरराष्ट्रिय व्यापार केन्द्र (आईटीसी)का कार्यकारी निर्देशक पामेला कोक-ह्यामिल्टनले व्यापार मिसनले महिला उद्यमीहरूलाई नयाँ बजारमा पहुँच दिन तथा समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउने अवसर प्रदान गर्ने बताइन् । यस्तै ग्रेटर म्यानचेस्टर च्याम्बर अफ कमर्सकी अन्तरराष्ट्रिय व्यापार प्रमुख सुसाना कोर्डोबाले भनिन्, 'बेलायती व्यवसायी र अफ्रिका तथा एशियाका उद्यमीबीचको सम्बन्ध भविष्यका लागि व्यावसायिक सफलताको मार्गचित्र बन्नेछ ।'

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित   प्रधान सम्पादक : मदन लम्साल   सम्पादकीय निर्देशक : केशव गौतम   कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ   पाञ्चायनमार्ग, थापाथली, काठमाडौं   पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७   इमेल : editorial@abhiyan.com.np   मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर